सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com


२६ साउन २०८०, शुक्रबार (11 Aug 2023, Friday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १२० ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

## नक्कली शैक्षिक प्रमाणपत्र लिएको कसुरमा कांग्रेस सांसद डा. सुनील शर्मा पक्राउ

■ 'अभियुक्त'को अभिवादन



पक्राउ परेपछि सिआइबी मुख्यालयको झ्यालबाट अभिवादन गर्दै शर्मा



एमबिबिएस अध्ययनका लागि शर्माले पेस गरेको नक्कली शैक्षिक प्रमाणपत्र

**टेकराज थामी**/नयाँ पत्रिका
तस्बिर : **संजित परियार**

विराटनगरस्थित नोबेल मेडिकल कलेज र काठमाडौं मेडिकल कलेजको सञ्चालकसमेत रहेका कांग्रेस सांसद डा. सुनील शर्मा नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र लिएको आरोपमा पक्राउ परेका छन्। बिहीबार गोल्फुटारस्थित निवासबाट पक्राउ परेका उनले आइएस्सीको नक्कली प्रमाणपत्र पेस गरेर चिकित्सक शिक्षा अध्ययन गरेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले जनाएको छ। शर्मा मोरङ ३ बाट प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचित सांसद हुन्।

सिआइबीका अनुसार शर्माले लिएको कोड नं. ६५०४ र रोल नं. १०११७ को आइएस्सीको प्रमाणपत्र नक्कली हो। उक्त प्रमाणपत्र उनले सन् १९९६ मा भारतको बिहारस्थित बिडिबिकेजी कलेजबाट अध्ययन गरेको भनेर पेस गरेका थिए। सोही प्रमाणपत्रका आधारमा उनले एमबिबिएस अध्ययन गरेर नेपाल मेडिकल काउन्सिलबाट प्रमाणपत्र लिएका थिए। काउन्सिलले नै शर्माको शैक्षिक योग्यताको प्रमाणपत्रका सम्बन्धमा अनुसन्धान गर्न अनुरोध गरेपछि सिआइबीले चेकजाँचका लागि राष्ट्रिय परीक्षा बोर्ड सानोठिमीलाई पत्र काटेको थियो। बोर्डले बिहारको परीक्षा बोर्डलाई त्यसबारे पत्राचार गर्दा शर्माले सो कलेजमा अध्ययन नै नगरेको पुष्टि भएको हो।

उक्त प्रमाणपत्र 'अपुष्टि' भएको भएको भन्दै गत वर्ष ५ साउनमा नै सिआइबीलाई पत्राचार गरेको थियो। दुईपटकसम्म प्रमाणपत्र चेकजाँच गर्दा 'इक्विभ्यालेन्ट' भएको नभेटिएपछि शर्मालाई पक्राउ गरिएको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी कुवेर कडायतले बताए।

'शैक्षिक योग्यताको प्रमाणपत्रमा कैफियत देखिएपछि सांसद शर्मा पक्राउ परेका छन्। यो विगतकै

» पृष्ठ ११ मा क्रमशः

### सात वर्षपछि खुल्यो 'नक्कली डाक्टर'को फाइल

सिआइबीकी प्रमुख एआइजी किरण बज्राचार्य भन्छिन्, 'नक्कली प्रमाणपत्रधारी चिकित्सकमाथि भएको पुरानै अप्रेसनको निरन्तरता हो। विगतमा नभेटिएका र छानबिन नटुंगिएकाहरूमाथि हामीले फेरि अनुसन्धान अघि बढाएका हौं।'

### शर्मा पक्राउबारे सभामुखलाई जानकारी

सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यले बिहीबार साँझ सभामुख देवराज घिमिरेलाई पत्र पठाउँदै शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेर किर्ते गरेको कसुरमा अनुसन्धान गर्न प्रतिनिधिसभा सदस्य शर्मालाई नियन्त्रणमा लिएको जानकारी गराएकी हुन्।

### नक्कली प्रमाणपत्रकै कसुरमा अन्य चार चिकित्सक पनि पक्राउ

सिआइबीले नक्कली शैक्षिक प्रमाणपत्र लिएकै कसुरमा बिहीबारै महोत्तरी पिपरा- ८ का डा. रञ्जितकुमार यादव, रौतहटका डा. रामबाबु यादव, डा. अमित चौधरी र डा. एलिना चौधरीलाई पक्राउ गरेको छ।

■ तयार भयो प्रधानमन्त्री कार्यालयको रणनीतिक योजना

## कार्यकारी भूमिकादेखि मन्त्रिपरिषद्मा ठाडो प्रस्ताव रोक्नेसम्मका अधिकार दिन सिफारिस



### नीति अनुसन्धान प्रतिष्ठानले पहिचान गरेका १० रणनीति

सुशासन रणनीति। सांगठनिक एवं मानव स्रोत रणनीति। विधि निर्माण र कार्यान्वयन रणनीति। संघीयता कार्यान्वयन र शक्ति निक्षेपण रणनीति। अनुगमन, मूल्यांकन र शासकीय सुधार रणनीति। समन्वय तथा सहकार्य रणनीति। सञ्चार रणनीति। स्रोत परिचालन रणनीति। परराष्ट्र सम्बन्ध रणनीति। विद्युतीय सुशासन रणनीति।

### यस्ता छन् प्रमुख सिफारिस

- कार्यालयलाई सशक्त, प्रभावकारी र नतिजामुखी बनाउन विशिष्ट कानुनी अधिकार दिएर निश्चित कार्यक्षेत्रमा हस्तक्षेपकारी तथा कार्यकारी अधिकार दिनुपर्ने
- प्रधानमन्त्रीको कार्यालय र मन्त्रिपरिषद्को सचिवालयबीच स्पष्ट जिम्मेवारी बाँडफाँट
- मन्त्रिपरिषद्को काममा विशेषज्ञ सेवासहित नीतिगत निर्णय
- मन्त्रिपरिषद्मा ठाडो प्रस्ताव रोक्नुपर्ने
- सल्लाहकारहरूको आवश्यक संख्या निर्धारण गर्नुपर्ने तथा योग्यता र क्षमता यकिन गरी स्पष्ट कार्यक्षेत्र विवरण तयार गरी लागू गर्नुपर्ने
- प्रधानमन्त्रीका सचिवालय र प्रशासनिक संयन्त्रबीचको आन्तरिक समन्वयलाई परिष्कृत गर्नुपर्ने
- प्रदेशिक समन्वयसहित अन्तरमन्त्रालय, मातहतका निकाय, संवैधानिक निकाय र अन्य विशिष्टीकृत निकायहरूलाई सहजीकरण गर्न समर्पित डेस्क बनाउनुपर्ने
- कार्यालयलाई 'प्रोफेसनल' संगठनका रूपमा विकास गर्नुपर्ने, कार्यालयमा वरिष्ठ सचिवको दरबन्दी कायम गर्नुपर्ने
- कर्मचारीको छिटोछिटो हुने सरुवा रोक्नुपर्ने, डेस्क मोडललाई थप सशक्त, प्रभावकारी र नतिजामुखी बनाउनुपर्ने
- कार्यालयमा कर्मचारीलाई प्रोत्साहन भत्ता तथा अध्ययन, तालिम, भ्रमण र विशिष्ट कामको जिम्मेवारी दिनुपर्ने

**सुवास भट्ट**/नयाँ पत्रिका

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको सुदृढीकरण रणनीतिक योजना तयार भएको छ। नीति अनुसन्धान प्रतिष्ठानले गत २७ असारमा प्रधानमन्त्री कार्यालयलाई उक्त रणनीतिक योजना बुझाएको हो।

कार्यालयलाई कार्यकारी अधिकार दिनुपर्नेदेखि मन्त्रिपरिषद्मा ठाडो प्रस्ताव रोक्नेसम्मको अधिकार दिन सिफारिस गरिएको छ। कार्यालयलाई सुदृढ बनाउन विभिन्न १० वटा रणनीति सुझाइएको छ। हालको भूमिकालाई परिष्कृत गरेर कार्यालयलाई 'प्रोफेसनल' सार्वजनिक निकायका रूपमा विकास गर्नुपर्ने ठहर प्रतिष्ठानको छ। कार्यालयको हालको अवस्था, झेलिरहेका समस्या, अन्तर्राष्ट्रिय असल अभ्याससमेतको

» पृष्ठ ११ मा क्रमशः

प्रधानमन्त्रीले मन्त्रीहरूसँग गरे कार्यसम्पादन सम्झौता

## नतिजा सन्तोषजनक नआए कारबाहीको चेतावनी



प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड बिहीबार उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्कासँग आव ०८०/८१ को कार्यसम्पादन सम्झौता गर्दै

**काठमाडौं**/ सरकारका योजनाहरू कार्यान्वयनका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले मन्त्रीहरूसँग वार्षिक लक्ष्य किटानीसहित कार्यसम्पादन सम्झौता गरेका छन्। प्रधानमन्त्रीले बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सबै मन्त्रीहरूसँग चालू आर्थिक वर्षको वार्षिक कार्यक्रम कार्यान्वयनका लागि कार्यसम्पादन सम्झौता गरेका हुन्।

'वर्तमान सरकारले जिम्मेवारी सम्हालेपछि यो स्वयंमा नयाँ अभ्यास हो र यसले यहाँहरूलाई थप जिम्मेवार हुन मद्दत पुऱ्याउने आशा लिएको छु,' सम्झौता कार्यक्रममा प्रधानमन्त्रीले भने, 'मन्त्री र सचिव तथा विभागीयस्तरमा समेत कार्यसम्पादन सम्झौता भइसकेको छ।'

प्रधानमन्त्रीले मन्त्रीहरूबाट सन्तोषजनक नतिजा नआए कारबाही गर्ने

» पृष्ठ ११ मा क्रमशः

## सुदूरपश्चिमका सात पहाडी जिल्लाको यातायात तीन दिनदेखि ठप्प

धनगढीमा **तेजराज भट्ट**

■ बिरामीलाई बोकेर पहिरो खसेको क्षेत्र कटाइँदै

सुदूरपश्चिमका सातवटा पहाडी जिल्लालाई तराईसँग जोड्ने भीमदत्त राजमार्ग पहिरोका कारण तीन दिनदेखि अवरुद्ध छ। राजमार्गअन्तर्गत कैलालीको गोदावरी र बुढीतोलामा सोमबार राति पहिरोले करिब चार सय मिटर सडक क्षतिग्रस्त बनेको छ।

पहिरोले क्षतिग्रस्त चार सय मिटरमध्ये सय मिटर सडक बगेको छ भने थप केही ठाउँमा सडक धसेको-चर्केको छ। दुई दिन लगाएर पहिरो पन्छाएको केही ठाउँमा बुधबार राति पुनः साना-साना पहिरो गएका छन्।

पाँचवटा डोजर लगाएर पहिरो पन्छाउने काम भइरहे पनि वर्षाका कारण साना-साना पहिरो गइरहेकाले समस्या भएको सडक डिभिजन कार्यालय कञ्चनपुरका प्रमुख हरिप्रसाद सुवेदीले बताए। पानी नपरे शुक्रबार दिउँसोसम्म हलुवा सवारीसाधन एकतर्फी चल्ने गरी राजमार्ग सञ्चालन गर्न सकिने उनको भनाइ छ। 'वर्षा

» पृष्ठ ११ मा क्रमशः



सडक अवरुद्ध हुँदा बिरामी र घाइतेलाई स्टेचरमा बोक्नुपर्ने बाध्यता छ। रूखबाट लडेर गम्भीर घाइते बैतडीकी गोमती महतालाई बिहीबार नेपाली सेनाले स्टेचरमा बोकेर पहिरो खसेको क्षेत्र कटाएको छ। उनका दाजु नरेश बोहराका अनुसार बुधबार घाँस काट्ने क्रममा रूखबाट लड्दा टाउको, ढाड, खुट्टामा गम्भीर चोट लागेपछि उनलाई कैलालीको बुढीतोलासम्म एम्बुलेन्समा ल्याइए पनि सडक अवरुद्ध भएकाले त्यसभन्दा अगाडि ल्याउन सकिएन।

'सेनाले आधा घन्टा बोकेर पहिरो खसेको ठाउँ पार गराएपछि अर्को एम्बुलेन्समा राखेर सेती अस्पतालमा ल्यायौं,' उनले भने। सडक अवरुद्ध भएकाले पहाडी जिल्लाबाट उपचारका लागि ल्याइएका बिरामीलाई स्टेचरमा बोकेर पहिरो पार गराउनुपर्ने बाध्यता रहेको क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय अत्तरियाका प्रहरी सहायक निरीक्षक आकाश रावलले बताए। अहिले केही सवारीसाधन पहिरोको वारिपारिसम्म सञ्चालन भइरहेका छन्।

### मापदण्ड नपुगेका नर्सिङ कार्यक्रमअन्तर्गतका २२८ स्वास्थ्य शिक्षण संस्था बन्द

नेपालका शिक्षण संस्था बन्द भएपछि भारतीय सीमावर्ती क्षेत्रमा खुलेका स्वास्थ्य शिक्षण संस्थामा पढ्न जाने विद्यार्थीको चाप

(विस्तृत पृष्ठ ३)

### काग्रेसलाई प्रश्न- सक्किने कि सच्चिने ?



काग्रेस सक्किने बहस होइन, सच्चिँदै युग सुहाउँदो नेतृत्व काग्रेसले नै गर्न सक्छ भन्ने संकल्प नै आजको मुख्य आवश्यकता हो

● डा. जितु उपाध्याय

अग्रलेख : पृष्ठ ६

■ डेंगु नियन्त्रणमा यसपालि पनि चुक्दै सरकार

## ७१ जिल्लामा फैलियो, १५ भदौपछि संक्रमण उच्च बिन्दुमा पुग्ने प्रक्षेपण

स्वास्थ्य सेवा विभाग, इडिसिडीलगायतको प्रक्षेपण-

### मंसिरसम्म ६० हजारभन्दा बढी संक्रमित पुग्ने

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

गत वर्ष सन् २०२२ मा ५४ हजार सात सय ५४ मा संक्रमण भएर ३२ जनाको ज्यानसमेत लिएको डेंगु नियन्त्रणमा यसपालि पनि सरकार चुकिरहेको छ। सन् २०२३ का सुरुवाती पाँच महिना स्थिर रहेको संक्रमण नियन्त्रणमा सरकार गम्भीर नबन्दा जुनयता झ्वात्तै बढेको हो।

पुसयता अर्थात् जनवरीदेखि हाल (२५ साउन)सम्म ११ हजार १५७ जनामा डेंगु संक्रमण भएकामा आठजनाको मृत्यु भएको सरकारी तथ्यांक छ। जनवरीदेखि मेसम्म मासिक औसत एक सय ५० लाई संक्रमण भएकोमा जुनदेखि झ्वात्तै बढेर एक हजार दुईजनामा संक्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालयअन्तर्गत इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)को तथ्यांक छ। जुलाईमा त अझ अघिल्लो महिनाभन्दा पाँच गुणाभन्दा बढी अर्थात् पाँच हजार ६ सय ८३ लाई डेंगु भयो भने चालू महिना अगस्टको नौ दिनमै तीन

» पृष्ठ ११ मा क्रमशः

### कुन महिना कति संक्रमित ?








### अबको चार-पाँच महिना उच्च जोखिम छ

● **डा. अनुप बास्तोला**, प्रमुख, स्वास्थ्य सेवा विभाग, उपचारात्मक महाशाखा

डेंगुलाई राजनीतिक तह र स्थानीय तहले गम्भीर रूपमा लिएका छैनन्, जे-जति काम भएका छन्, ती सब देखावटी मात्रै छन्। रणनीति नै बनाएर डेंगु नियन्त्रणमा नलागे गत वर्षभन्दा ठूलो महामारीको रूप लिन सक्छ। यसबारे स्वास्थ्य संस्था र स्थानीय सरकारबीचको समन्वयमा कमजोरी भइरहेको छ। अबको चार-पाँच महिना डेंगु संक्रमणको उच्च जोखिम छ।

■ सुनसरीमा उच्च संक्रमण, उपत्यकामा फैलँदो

गत वर्ष सबैभन्दा बढी काठमाडौंमा फैलिएको डेंगु यसपालि हालसम्म सुनसरीमा धेरै देखिएको छ। तर, काठमाडौंमा पनि पछिल्लो समय तीव्र बन्ने संकेत देखिएको छ। सुनसरीमा हालसम्म ६ हजार तीन सयमा संक्रमण पुष्टि भएको छ। काठमाडौं उपत्यकामा दुई सय ५९ (काठमाडौंमा एक सय ५३, ललितपुरमा ५९ र भक्तपुरमा ४७)मा देखिएको छ। मोरङमा एक हजार तीन सय ९३, धादिङमा एक हजार एक सय १०, कास्कीमा दुई सय २५, धनकुटामा दुई सय २३, दार्चुलामा एक सय ९२, झापामा एक सय ८२, संखुवासभामा एक सय दुई, कञ्चनपुर ६७, धरानमा ९६ जनामा डेंगु संक्रमण भएको छ भने अन्य जिल्लामा फाट्टफुट्ट संक्रमण देखिएको छ। कालीकोट, हुम्ला, मुगु, प्युठान, धनुषा र सोलुखुम्बुमा भने डेंगु संक्रमण देखिएको छैन।

### १९ वर्षअघि नेपाल भित्रिएको थियो डेंगु, वर्षमा एउटा मात्रै केस

नेपालमा डेंगु १९ वर्षअघि ०६१ (सन् २००४) मा भित्रिएको थियो। एक वर्षमा एउटा मात्रै केस देखिएको थियो। बीचमा केही वर्ष संक्रमण रोकिएकोमा गत वर्षदेखि पुनः संक्रमणदर उच्च बिन्दुमा पुग्न थालेको हो। सन् २००५ मा एउटै पनि केस देखिएन भने २००६ मा ३२, २००७ मा २७, २००८ मा १० र २००९ मा ३० जनामा संक्रमण देखियो। सन् २०१० मा नौ सय १७, २०११ मा ७९, २०१२ मा एक सय ८३, २०१३ मा ६ सय ८६, २०१४ मा तीन सय ५६ र २०१५ मा एक सय ३५ मा डेंगु देखिएको सरकारी तथ्यांक छ। त्यस्तै, सन् २०१६ मा एक हजार पाँच सय २७, २०१७ मा दुई हजार एक सय ११, २०१८ मा आठ सय ११, २०१९ मा १७ हजार नौ सय ९२, सन् २०२० मा पाँच सय ३०, २०२१ मा पाँच सय ४० र २०२२ मा ५४ हजार सात सय ८४ मा संक्रमण पुष्टि भयो। यस वर्ष अगस्ट ९ सम्म ११ हजार १ सय ५७ लाई डेंगु भइसकेको छ।

### के हो पुँजीवादी लोकतन्त्रको अन्तिम गन्तव्य ?



अहिलेसम्म सामन्तवादलाई उन्मूलन गर्ने र पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्ने दुइटा ऐतिहासिक लक्ष्य प्राप्त भइसकेको छ

(झलनाथ खनालको लेख : पृष्ठ ७)

### अर्थतन्त्र विस्तारको दाँजोमा बैंकको चुक्ता पुँजी न्यून



मर्जरपछि वाणिज्य बैंकहरूको सूचक : आर्थिक वर्ष ०७८/७९ मा जिडिपीको अनुपातमा ७.२१ प्रतिशत पुगेको बैंकको कुल चुक्ता पुँजी अहिले ६.८७ प्रतिशतमा सीमित, ठूला पूर्वाधारमा लगानी गर्ने आधार कमजोर

अर्थ पत्रिका : पृष्ठ ९

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

## एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलका ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

### (प्रकाशित मितिः २०८०/०४/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरू तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरूको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरू समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बाँकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम कर्जा सूचना केन्द्रको **कालो सूचीमा** समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरू लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजीम अन्य कानूनी कारवाहिहरूको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरू तथा धितो जमानी दिनु हुने महानुभावहरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

| क्र.स. | कर्जा शिर्षक | ऋणी तथा व्यक्तिगत जमानतकर्ताहरूको नाम र ठेगाना | धितो लेखिदिएको सम्पत्तिको विवरण |
|---|---|---|---|
| १. | १. ओभरड्राफ्ट कर्जा<br>२. डिमाण्ड कर्जा | **ऋणीको नामः स्टउन्च ग्रुप प्रा.लि.**<br>(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको)<br>दर्ता नं. २०८४६९/०७५/०७६, दर्ता मितिः २०७५।१०।२७<br>स्थायी लेखा नं.: ६०६६५७४६०<br>ठेगानाः काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. ९, गौशाला ।<br><br>संचालक तथा व्यक्तिगत जमानतकर्ताहरू :<br>१. अनिल कुमार बस्नेत<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १८/०४९७२८९८ (२०५७।०४।१६/महोत्तरी)<br>बाजेको नामः तुल बहादुर बस्नेत<br>बाबुको नामः खड्ग बहादुर बस्नेत<br>ठेगानाः महोत्तरी जिल्ला, हाथिलेट गा.वि.स., वडा नं. ३ ।<br><br>२. शिव विक्रम थापा<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ५५६८ (२०३८।१२।१६/सिन्धुली)<br>बाजेको नामः दिल बहादुर थापा<br>बाबुको नामः तेज विक्रम थापा<br>ठेगानाः सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स., वडा नं. ६ ।<br><br>३. मञ्जु डंगोल<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १०२२८ (२०५८।१०।२९/काठमाण्डौं)<br>बाबुको नामः चिरी काजी डंगोल<br>ससुराको नामः खड्ग बहादुर बस्नेत<br>पतिको नामः अनिल कुमार बस्नेत<br>ठेगानाः काठमाण्डौं जिल्ला, का.म.न.पा., वडा नं. १२ ।<br><br>व्यक्तिगत जमानतकर्ताः<br>सीता थापा<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ८० (२०४६।०१।३१/महोत्तरी)<br>बाबुको नामः गणेश ब. बस्नेत<br>ससुराको नामः तेज विक्रम थापा<br>पतिको नामः शिव विक्रम थापा<br>ठेगानाः महोत्तरी जिल्ला, बर्दिबास न.पा., वडा नं. १ । | श्री दिल बहादुर थापाको नाति, श्री तेज विक्रम थापाको छोरा, सिन्धुली जिल्ला, सिद्धेश्वर गा.वि.स., वडा नं. ६ बस्ने **श्री शिव विक्रम थापाको** नाममा मालपोत कार्यालय महोत्तरी, बर्दिबासको लगतमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, २५ नं. बहादुरगञ्ज गा.वि.स., वडा नं. १/१ग स्थीत कि.नं. १९४९ को क्षेत्रफल ५१६.४३ व.मि को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पूर्ण लिगलगापात समेत । |
| २. | १. ओभरड्राफ्ट कर्जा<br>२. डिमाण्ड कर्जा | **ऋणीको नामः स्टेफी इन्टरप्राइजेज**<br>(नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय कार्यालय विराटनगरमा दर्ता रहेको)<br>दर्ता नं.: २८८९६<br>दर्ता मिति : २०७३/०८/१७<br>स्थायी लेखा नं.: ६०४९५५१३९<br>ठेगानाः मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १५ ।<br><br>प्रोप्राईटरः<br>मुक्ति राजवंशी<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ८६५३७(२०६२/०७/०९/मोरङ)<br>बाजेको नामः शिव प्रसाद राजवंशी<br>बाबुको नामः राम कृष्ण राजवंशी<br>ठेगानाः मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ ।<br><br>व्यक्तिगत जमानतकर्ताहरूः<br>१. सागर राजवंशी<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ०५१०६६/२२१४(२०६७/०३/३२/मोरङ)<br>बाजेको नामः शिव प्रसाद राजवंशी<br>बाबुको नामः राम कृष्ण राजवंशी<br>ठेगानाः मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ ।<br><br>२. स्टेफी राजवंशी<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ०५१०३६/६६५(२०६८/०९/११/मोरङ)<br>बाबुको नामः जय प्रकाश राजवंशी<br>ससुराको नामः राम कृष्ण राजवंशी<br>पतिको नामः मुक्ति राजवंशी<br>ठेगानाः मोरङ जिल्ला, बुधनगर गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ ।<br><br>३. राम कृष्ण राजवंशी<br>ना.प्र.प.नं (जारी मिति/स्थान): २२८५४(२०३५/०३/११/मोरङ)<br>बाजेको नामः शनीचर राजवंशी<br>बाबुको नामः शिव प्रसाद राजवंशी<br>ठेगानाः मोरङ जिल्ला, जतुवा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ । | शनीचर राजवंशीको नाति,शिव प्रसाद राजवंशीको छोरा मोरङ जिल्ला, जतुवा गा.वि.स., वडा नं. ५ स्थायी ठेगाना भई हाल मोरङ जिल्ला, विराटनगर उ.म.न.पा. वडा नं. १८ बस्ने **राम कृष्ण राजवंशीको** नाममा मालपोत कार्यालय विराटनगर, मोरङको लगतमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, जतुवा कठकुप्पा गा.वि.स/न.पा.वडा नं. २/ख स्थित कि.न. २२५२, १४२२, २२५०, १४२३, १४२० र २२४० को क्षेत्रफल ०-१-८-२, ०-१-६-०, ०-०-१२-०, ०-१-६-०, ०-२-०-० र ०-१-०-० विघा को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| ३. | कृषि कर्जा टर्म | **ऋणीको नामः हेमन्त पोल्ट्री फर्म**<br>(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भीमदत्तनगर, कञ्चनपुरमा दर्ता रहेको)<br>दर्ता नं.: १८५/४१९६/०७४/०७५<br>दर्ता मिति : २०७४/०७/१७<br>स्थायी लेखा नं.: ६०७१०७०२९<br>ठेगानाः कञ्चनपुर जिल्ला, बेलडांडी गा.पा. वडा नं. २ ।<br><br>प्रोप्राईटरः<br>सुरेश सिंह ऐर<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १७०६०३ (२०६२/०८/१५/कञ्चनपुर)<br>बाजेको नामः जगी ऐर<br>बाबुको नामः गोपाल सिंह ऐर<br>ठेगानाः कञ्चनपुर जिल्ला, बेलडांडी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेलडांडी गा.पा., वडा नं. २ ।<br><br>व्यक्तिगत जमानतकर्ताहरूः<br>१. गोपाल सिंह ऐर<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ५७७८७८६४(२०३८/०३/०२/कञ्चनपुर)<br>बाजेको नामः करविर ऐर<br>बाबुको नामः जगी ऐर<br>ठेगानाः कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा., वडा नं. ९ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेलडांडी गा.पा., वडा नं. २ ।<br><br>२. देवकी देवी ऐर<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ७५३०१२/१७५५(२०६३/११/२३/कञ्चनपुर)<br>बाबुको नामः हरी सिंह ऐर<br>ससुराको नामः जगी ऐर<br>पतिको नामः गोपाल सिंह ऐर<br>ठेगानाः कञ्चनपुर जिल्ला, बेलडांडी गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेलडांडी गा.पा., वडा नं. २ ।<br><br>३. लिला ऐर<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ७५-०१-७४-१४१३६ (२०७४/११/२७/कञ्चनपुर)<br>बाबुको नामः राम ब. भाट<br>ससुराको नामः गोपाल सिंह ऐर<br>पतिको नामः सुरेश सिंह ऐर<br>ठेगानाः कञ्चनपुर जिल्ला, बेलडांडी गा.पा. वडा नं. २ । | करविर ऐरको नाति, जगी ऐरको छोरा, कञ्चनपुर जिल्ला, महेन्द्रनगर न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल कञ्चनपुर जिल्ला, बेलडांडी गा.पा. वडा नं. २ बस्ने **गोपाल सिंह ऐरको** नाममा मालपोत कार्यालय कञ्चनपुरको लगतमा दर्ता श्रेष्ता कायम रहेको कञ्चनपुर जिल्ला, बेलडांडी गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.न. ९२६ र १०१० को क्षेत्रफल ०.२९६१.३७ र ०.१५६४.०० ब.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| ४. | आवधिक कर्जा (सहुलियत कर्जा) | **ऋणीको नामः जितेन्द्र कुमार ठाकुर**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १५३०२२/२४५ (२०६३/१२/२७/सिराहा)<br>बाजेको नामः लक्ष्मण ठाकुर<br>बाबुको नामः राम शोभित ठाकुर<br>ठेगानाः सिरहा जिल्ला, धनगढी गा.वि.स, वडा नं. ०९ ।<br><br>व्यक्तिगत जमानतकर्ताहरूः<br>१. राम कुमारी ठाकुर<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १५३०२२/६६५ (२०६३/१२/२३/सिराहा)<br>बाबुको नामः गर्भु ठाकुर<br>ससुराको नामः लक्ष्मण ठाकुर<br>पतिको नामः राम शोभित ठाकुर<br>ठेगानाः सिरहा जिल्ला, धनगढी गा.वि.स, वडा नं. ०९ ।<br><br>२. सरस्वती कुमारी शर्मा<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १५२००६/७७३३ (२०६८/०७/२८/सिराहा)<br>बाबुको नामः राम प्रसाद ठाकुर बदही<br>ससुराको नामः राम शोभित ठाकुर<br>पतिको नामः जितेन्द्र कुमार ठाकुर<br>ठेगानाः सिरहा जिल्ला, पहरिया थारु टोल, वडा नं. ०५ । | लक्ष्मण ठाकुरको नाती, राम शोभित ठाकुरको छोरा, सिरहा जिल्ला, धनगढी गा.वि.स, वडा नं. ०९ बस्ने **जितेन्द्र कुमार ठाकुरको** नाममा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता श्रेष्ता कायम रहेको सिरहा जिल्ला, सिहंग्राही मटिहर्वा गा.वि.स, वडा नं. ०५ स्थित कि.न. २५५४ को क्षेत्रफल ०-०-५-० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |
| ४. | आवधिक कर्जा | **ऋणीको नामः सुभाष प्रसाद यादव**<br>ना.प्र.प.नं (जारी मिति/स्थान): १२४९/१३२३(२०४८/१०/०५/बारा)<br>बाजेको नामः दरभंगी राउत अहिर<br>बाबुको नामः ब्रहमदेव राउत अहिर<br>ठेगानाः बारा जिल्ला, पिपरपाती जब्दी गा.वि.स., वडा नं. ९ ।<br><br>व्यक्तिगत जमानतकर्ताः<br>बबिता देवी यादव<br>ना.प्र.प.नं (जारी मिति/स्थान): ३३३०६१/५८(२०६३/११/२२/बारा)<br>बाबुको नामः राम अवध प्र. यादव<br>ससुराको नामः ब्रहमदेव राउत अहिर<br>पतिको नामः सुभाष प्रसाद यादव<br>ठेगानाः बारा जिल्ला, पिपरपाती जब्दी गा.वि.स., वडा नं. ९ । | दरभंगी राउत अहिरको नाति, ब्रहमदेव राउत अहिरको छोरा, बारा जिल्ला, पिपरपाती जब्दी गा.वि.स. वडा नं. ९ बस्ने **सुभाष प्रसाद यादवको** नाममा मालपोत कार्यालय कलैया, बाराको लगतमा दर्ता श्रेष्ता कायम रहेको बारा जिल्ला, पिपरपाती जब्दी गा.वि.स./न.पा. वडा नं. ९ स्थित कि.न. ६३० को क्षेत्रफल ०-५-० (विघा) को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत । |

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, कुमारीपाटी, ललितपुर
सम्पर्क नं. ९७७-०१-५३४६१६०, Ext. १०७, १०४


■ कपन खहरे खोला खोल्नेबारे दुई स्थानीय तहबीच विवाद

# फर्कियो महानगरको डोजर



● **मिठाराम अधिकारी**
मेयर, बुढानीलकण्ठ नगरपालिका

महानगर पनि स्थानीय सरकार, हामी पनि स्थानीय सरकार नै हौं । तर, महानगरले जबर्जस्ती गर्ने नीति लियो । समझदारीबेगर डोजर लिएर खोला खोतल्न आए । सिमानाबारे प्रस्ट हुन नापी विभाग जाँदै छौं, एउटा निष्कर्षमा पुग्छौं । कसैलाई अन्याय गर्नुभएन नि ।



● **नवीन मानन्धर**
प्रवक्ता, काठमाडौं महानगर

सरसल्लाह नपुगेकाले नै बिहीबार विवाद र तनावपूर्ण अवस्था सिर्जना भयो । अब शुक्रबार थप छलफलपछि काम अगाडि बढाउँछौं ।



खहरे खोला खोतल्न कपन सातत्ले पुगेको महानगरको डोजरलाई अवरोध गर्दै स्थानीय ।
तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका

**शान्ति तामाङ**/नयाँ पत्रिका

काठमाडौं महानगरपालिका र बुढानीलकण्ठ नगरपालिकाको सीमामा रहेको कपनस्थित खहरे खोला क्षेत्र बिहीबार दिनभर तनावग्रस्त बन्यो । खहरे खोलालाई अवैध रूपमा ढलमा परिणत गरेको भन्दै महानगर प्रहरी बलको टोली उक्त ढल खोतल्न डोजरसहित पुगेको थियो । तर, बुढानीलकण्ठ नगरपालिका-१० का वडाध्यक्ष नवराज भट्टराई नेतृत्वको टोलीले समन्वयविना एक्कासि डोजर ल्याएको भन्दै विरोध गरेको थियो । जसका कारण डोजर खोलासम्म पुग्न सकेन । वडाध्यक्ष भट्टराईले डोजरको चाबीसमेत खोसेका थिए ।



तस्बिर : अमुल थापा/नयाँ पत्रिका

काठमाडौं महानगरपर्फका स्थानीयले भने वडाध्यक्षले चाबी खोसेकोमा विरोध गर्दै तत्काल खोला खोतल्नुपर्ने मागसहित नाराबाजी गरेका थिए । जसकारण विवादले उग्र रूप लियो । यस विषयमा शुक्रबार थप छलफल गर्ने निर्णयपछि महानगरको डोजर दिउँसो ४ बजेतिर फर्किएको थियो भने साँझसम्मै उक्त क्षेत्र तनावपूर्ण रहेको थियो ।

काठमाडौं महानगर-७ का राजु संगतले खोलालाई खोलाकै रूपमा बग्न दिनुपर्ने बताए । 'अहिले खोलालाई ढलमा परिणत गरिएको छ । खोलालाई खोलाकै रूपमा बग्न दिएर दायाँ-बायाँ करिडोर बनाउनुपर्छ । सामाखुसी खोलालाई खुला गरेजस्तै खहरे पनि खुलाउनुपर्छ,' उनले भने, 'महानगरतर्फ खोलाको मापदण्डअनुसार नै छाडिएको छ । बुढानीलकण्ठतर्फ मापदण्ड छाडेको छैन । विवादको खास कारण नै यही हो ।' उनका अनुसार खोला मिच्ने काम करिब ३० वर्षअघिदेखि नै सुरु भएको हो । 'हामी बाजे-बराजुदेखि यहाँ बस्दै आएका छौं । र, पहिलेदेखि नै खोला मिचेको पनि देख्दै आएका छौं । जुन काम गलत हो । अलि माथिबाटै महानगरबाट पनि खोला मिचेको छ । त्यसलाई पनि भत्काउनुपर्छ,' उनले भने ।

बुढानीलकण्ठ नगरपालिका-१० का रामहरि सापकोटाका अनुसार महानगरतर्फ पनि खोला मिच्ने काम भएको छ । 'यो समस्या समाधान गर्ने गरी संरचना बनिरहेको छ । माथि बाटो, तल खोला बग्ने गरी संरचना बनाउने ठेक्का लागेको छ । काम भइरहेका वेला काठमाडौं महानगरका मेयर बालेनले एक्कासि डोजर पठाए । त्यसैले विरोध गरेका हौं,' सापकोटाले भने, 'महानगरतर्फ ३२ फिटको बाटो हुनुपर्ने मापदण्ड छ । तर, बाटो हुनुपर्ने ठाउँमा संरचना छ ।' उनका अनुसार खहरे खोला भए पनि पहिला सानो थियो । बस्ती बढ्दै गयो । स्थानीयले यसैमा ढल हाल्दै गए । ६२ सालतिर पैसा उठाएर यहाँ ढल हालिएको हो । यहाँको समस्या समाधान गर्न बक्स हाल्न ठेक्का लागेको छ । ठेकेदारले तल खोला, माथि पुल बनाउने गरी ढुंगाको पर्खाल लगाइसकेको छ । तर, महानगरतर्फबाट बनाउन नदिने भनेपछि नगरपालिकापट्टि मात्रै पानी नअट्ने भयो ।

अर्की स्थानीय सुशीला भण्डारीले भने मिलेर अगाडि बढ्नुपर्ने सुझाव दिइन् । 'सबै मिलेर दिगो हिसाबले जानुपर्छ । यहाँ पहिला सानो खोल्सा थियो । बर्खामा अलि ठूलै पानी आउँथ्यो । अहिलेको जस्तो जतातै खोलो हिंड्दैनथ्यो । पोहोर त चार-पाँचवटा घर नै डुबायो । त्यसैले यसलाई समाधान त गर्नैपर्छ,' उनले भनिन् ।

### ■ महानगरले जबर्जस्ती गर्न खोजेको आरोप

बुढानीलकण्ठ नगरपालिकाका मेयर मिठाराम अधिकारी महानगरले विनासूचना जबर्जस्ती गर्न खोजेको आरोप लगाउँछन् । 'महानगर पनि स्थानीय सरकार, हामी पनि स्थानीय सरकार नै हौं । तर, महानगरले जबर्जस्ती गर्ने नीति लियो । समझदारीबेगर डोजर लिएर खोलो उखेल्न आए,' मेयर अधिकारीले भने, 'हिजोको खहरेमा सबै मिलेर ढल हालेकै हो । त्यसका लागि सरकारको बजेट पनि प्रयोग भएको छ । त्यसैले यो विषयमा कसरी अगाडि बढ्ने भन्ने विषयमा भोलि नापी विभाग जान्छौं । र, एउटा निष्कर्षमा पुग्छौं । कसैलाई अन्याय गर्न भएन नि ।'

यो खोलामा गोकर्णदेखिको पानी आउने गरेको मेयर अधिकारी बताउँछन् । तर, अहिले कपनको सात तलेभन्दा माथि खोला नै देखिँदैन । महानगरको डोजर गएपछि मेयर बालेन साहसँग फोनमा कुरा गरेको उनको भनाइ छ । महानगरको वडा नम्बर ६ र ७ का जनप्रतिनिधिसँग पनि छलफल भएको उनले बताए । प्रमुख अधिकारीका अनुसार भोलि यो विषयमा थप छलफल हुने भएको छ ।

### ■ थप सरसल्लाह गरेर अघि बढ्ने महानगरको भनाइ

काठमाडौं महानगरले पनि छलफल नपुगेको स्वीकार गरेको छ । महानगरका प्रवक्ता नवीन मानन्धरका अनुसार सरसल्लाह नपुगेकाले नै विवाद भएको हो । शुक्रबार थप छलफलपछि काम अगाडि बढ्ने उनी बताउँछन् । सातत्लेस्थित खहरे खोला व्यवस्थापन नगर्दा महानगरपालिकाको वडा ६ र ७ तथा बुढानीलकण्ठको १० वडा क्षेत्र बर्सेनि बस्ती डुबानमा पर्दै आइरहेको छ ।

# चोरीका सवारीसाधन अब 'लोकोमो'ले खोज्ने



**काठमाडौं**/ चोरीका सवारीसाधन खोज्न प्रहरीलाई सहयोग गर्ने गरी जिपिएस प्रविधि लोकोमो सुरु भएको छ । सुरक्षित पार्किङबाटै पनि दुईपांग्रे सवारीसाधन हराउने र चोरी हुने सन्दर्भमा यो प्रविधि (एप) प्रयोगमा आएसँगै प्रहरीलाई खोजी गर्न थप सफलता मिल्ने विश्वास गरिएको छ ।

अमेरिका र नेपालमा गरिएको प्राविधिक अन्वेषणपछि प्रविधिको प्रयोगका लागि सरकारले स्वीकृति दिएको हो । लोकोमोले नेपालमा मोटरसाइकल तथा स्कुटर चोरी निर्मूल, महिला सुरक्षा र सार्वजनिक सडक सुरक्षामा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । लोकोमो कार्य विभाग प्रमुख अनिता देवकोटाका अनुसार सार्वजनिक स्थानमा सवारी छाड्नुपरे लोकोमो मोबाइल एपबाट 'स्मार्ट लक' गरेमा मोटरसाइकल स्टार्ट हुँदैन र चोरी गर्न सक्दैन ।

कथंकदाचित चोरी भएमा मोबाइल फोनबाटै मोटरसाइकल बन्द गर्ने र मोबाइलमै लोकेसन पहिचान गरी सवारीसाधन पत्ता लगाउन सकिने उनले बताइन् । रोकेर राखेको मोटरसाइकल कुनै अनधिकृत व्यक्तिले चलाउन, तार काट्न अथवा चोरी प्रयास गरे सेन्सर सक्रिय भई सवारीधनीलाई सूचना पठाउँछ । कुनै कारणबाट सवारीसाधन चोरी भएको खण्डमा सवारीधनीले प्रहरीलाई मोबाइलबाटै मोटरसाइकलको लाइभ लोकेसन जानकारी गराउन सक्ने बताइएको छ । नेपाल प्रहरीको प्रधान कार्यालय र उपत्यका ट्राफिक प्रहरी कार्यालयमा जडित सफ्टवेयरबाट मोटरसाइकल तुरुन्तै ट्र्याक गरी कुन रुटमा, कति गतिमा गुडिरहेको छ भनी हेर्ने र प्रहरी परिचालन गर्न सहज हुने नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता कुबेर कडायतले बताए । तर, सवारीधनीले सवारीको लोकेसन भने प्रहरीलाई उपलब्ध गराउनुपर्ने लोकोमोका प्रविधि प्रमुख विक्रममान सिंह बस्नेत बताउँछन् ।

रात्रिकालीन सुरक्षालक्षित यसको अर्को विशेषता 'सेफ्टी नेट' रहेको छ । रातको समय यात्रा गर्नेले आफ्नो रुट र लाइभ लोकेसन निश्चित समयका लागि परिवारका सदस्यलाई पठाउन सकिने व्यवस्था एपमा छ । अन्तर्राष्ट्रिय गुणस्तर प्रमाण चिह्न प्राप्त लोकोमो नयाँ-पुराना जुनसुकै मोटरसाइकल, स्कुटर, चारपांग्रे सवारीमा जडान गर्न सकिने प्रवर्द्धक कम्पनी सेन्टिनेल ल्याबले जनाएको छ ।

# बलम्बुमा अटिजम केयर सेन्टर सञ्चालन

**काठमाडौं**/ महिला उत्प्रेरणा विकास मञ्चले चन्द्रागिरि नगरपालिकाको बलम्बुमा अटिजम, बौद्धिक अपांगता केयर सेन्टर सञ्चालनमा ल्याएको छ । महिलाहरूले सञ्चालन गरेको उक्त सेन्टरको उद्घाटन बिहीबार नगरपालिकाकी उपमेयर वसन्ती श्रेष्ठले गरेकी हुन् ।

सेन्टरको उद्घाटन गर्दै उपमेयर श्रेष्ठले यस्ता कार्यले सामाजिक रूपान्तरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरिन् । उनले सो अवसरमा सरकारी नीति-नियम तथा भएका कानुनहरूलाई आवश्यक कार्यान्वयन गरी अटिजम भएका बालबालिका तथा तिनका परिवारको सहज जीवन जिउने आधार तयार गर्न लागिपर्ने प्रतिबद्धता पनि व्यक्त गरिन् । यस्ता समस्या भएका बालबालिकालाई दिनभरि घरमै अभिभावकले हेरचाह गर्नुपर्दा आर्थिक उपार्जनमा समेत प्रभाव परेको भन्दै सेन्टरले बालबालिकाको हेरचाह गर्ने र घरका अन्य सदस्य रोजगारी तथा उद्यमशीलतामा लाग्न सहयोग पुग्ने उनले बताइन् ।

कार्यक्रममा चन्द्रागिरि नगरपालिकाका शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख कर्णबहादुर भुवाजीले अटिजम, बौद्धिक अपांगता भएका बालबालिकालाई पहिचान गरी उनीहरूको जीवन परिवर्तनका लागि ग्रामीणस्तरबाटै सचेतना जागरण गरी शिक्षा र सिपको प्रक्रियामा सहभागी बनाउन आग्रह गरे । चन्द्रागिरि नगरपालिका वडा नम्बर १२ का वडा अध्यक्ष न्हुच्छेबहादुर महर्जनले अटिजम भएका बालबालिकाको शिक्षा र प्राविधिक सिपका लागि स्थानीय तहमा आवश्यक नीति तर्जुमा गरी शिक्षण सिकाइ क्रियाकलापमा सहभागी बनाउने प्रतिबद्धता जनाए ।



नगरपालिकाकी सामाजिक विकास शाखा प्रमुख तथा सूचना अधिकारी रक्ष्मी श्रेष्ठले नगरपालिकामा ६० भन्दा बढी बालबालिकामा अटिजम समस्या भए पनि उचित केयर सेन्टरको व्यवस्थापन नभएका कारण अभिभावकहरू घरमै हेर्न बाध्य भएको बताइन् ।

## जातीय भावना भड्कियो भने देशको अस्तित्व सकिन्छ : ओली



**काठमाडौं**/ एमाले अध्यक्ष केपी ओलीले जातीय पहिचानको 'सेन्टिमेन्ट' फैलाएर नेपालजस्तो बहुजातीय मुलुकमा विद्वेष, घृणा र फाटो ल्याउन चाहने तत्त्व सफल भए देशकै अस्तित्व समाप्त हुने बताएका छन् । नेपाल लोकतान्त्रिक आदिवासी जनजाति महासंघले बिहीबार आयोजना गरेको कार्यक्रममा ओलीले त्यस्तो बताएका हुन् ।

'यदि कुनै पनि हिसाबले हामीलाई जातको आधारमा सेन्टिमेन्टल बनाएर, भावनामा बगाएर विद्वेष, घृणा र फाटो ल्याउनेहरूको योजना सफल भयो भने हाम्रो देशको अस्तित्व समाप्त हुन्छ । त्यति वेला देश जोगाउन सकिँदैन,' महासंघमा सम्बद्ध नेता-कार्यकर्ताको ध्यानाकर्षण गराउँदै ओलीले भने, 'हाम्रो देशको विविधता यथार्थ हो । सामाजिक सद्भाव र एकताले मात्र एकताबद्ध, सद्भावयुक्त, आधुनिक, समृद्ध नेपाल र सुखी नेपाली बनाउन सक्छौं ।'

ओलीले जातीय पहिचानको मुद्दालाई विकृत रूपमा नभएर असमानता र विभेदको अन्त्य गर्ने सकारात्मक मुद्दाका रूपमा लिनुपर्नेमा पनि जोड दिए । 'पहिचानलाई विकृत रूपमा लिनुहुँदैन, यसलाई सकारात्मक ढंगले लिनुपर्छ । पहिचान देशको हितका लागि हो । देशमा समस्या खडा गर्न पहिचानको मुद्दा हो र ?' ओलीले भने, 'पहिचानको मुद्दा समस्या समाधानका लागि हो, समानताका लागि, सद्भावका लागि हो । विभेदका लागि, असमानताका लागि, विद्वेषका लागि घृणा बढाउन होइन, मित्रता बढाउन, प्रेम फैलाउनका लागि हो ।'

विविधतायुक्त समाजमा समानता आवश्यक रहेको र सबैले समान अवसर पाउनुपर्ने मान्यतालाई दृढतापूर्वक कार्यान्वयन गर्नुपर्ने दिशामा अघि बढ्न पनि ओलीले अपिल गरे । सामाजिक न्याय र समानता आदिवासी जनजातिको मात्रै नभएर सबै नेपालीको साझा मुद्दा भएको भन्दै त्यसलाई गलत अर्थमा प्रयोग गर्न नहुने उनको भनाइ थियो ।

'असमानताको अन्त्य हुनुपर्छ, विविधताको सम्मान हुनुपर्छ । विविधता हाम्रो सम्पत्ति हो । त्यसलाई कलहको विषय बनाइनुहुँदैन । पारस्परिक सम्मान र सहयोगको विषय बनाइनुपर्छ,' ओलीले भने, 'हामीले धर्मनिरपेक्ष किन बनायौं, राज्य भनेको जातिविशेषको मात्र होइन, सम्पूर्ण नेपाली राज्यको हो । एउटा नश्ल, जाति, भूगोलविशेषको होइन । राज्यले सबैलाई समान रूपमा सेवा दिनुपर्छ । राज्य एउटा कुनै धर्म, जातविशेषको होइन ।' सबैको साझा पहिचान स्थापित गर्दै राष्ट्रिय एकता बलियो बनाउनकै लागि एमालेको पहल र अगुवाइमा प्रदेशहरूको नाम भौगोलिक, नदीनाला, संस्कृतिको नाममा राखिएको पनि ओलीले प्रस्ट्याए ।

'यसमा कसैलाई हेप्ने, थिचोमिचो गर्ने प्रश्नै उठ्दैन । सबैका लागि साझा ढंगले चलेका छौं । एमालेले जहिल्यै पनि समान हक अधिकारका लागि लडेको छ, राष्ट्रिय एकताको पक्षमा उभिएको छ । यसमा गर्व गर्नुपर्छ,' ओलीले भने । उपाध्यक्ष सुवास नेम्वाङले एमाले आदिवासी र जनतजातिको पक्षको पार्टी भएको बताए । नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा एमालेको नेतृत्वमा भएको पनि उनले दाबी गरे ।

# मापदण्ड नपुगेका नर्सिङ कार्यक्रमअन्तर्गतका २२८ स्वास्थ्य शिक्षण संस्था बन्द

### नेपालका शिक्षण संस्था बन्द भएपछि भारतीय सीमावर्ती क्षेत्रमा खुलेका स्वास्थ्य शिक्षण संस्थामा पढ्न जाने विद्यार्थीको चाप

**शिवहरि घिमिरे**/नयाँ पत्रिका

सरकारको नीतिगत त्रुटिका कारण नर्सिङ कार्यक्रमअन्तर्गतका दुई सय २८ वटा शिक्षण संस्था बन्द भएका छन् । चिकित्सा शिक्षा आयोग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) अन्तर्गत स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गर्न खोलिएका संस्था सरकारको ऐनभित्र रहन नसक्ने भएपछि बन्द हुन पुगेका हुन् ।

सरकारले चिकित्सा शिक्षा सुधारका लागि राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ जारी गरेको थियो । त्यसै ऐनअनुसार ०७५ मै विश्वविद्यालय र सिटिइभिटीसमेतको निगरानी गर्ने गरी चिकित्सा शिक्षा आयोग गठन भयो । ऐनले चिकित्सा शिक्षाको नर्सिङ कार्यक्रमलाई उच्च मापदण्ड तोकेपछि आयोगले सोही मापदण्ड पालना गराउन थाल्यो । तर, मापदण्डमा आउन नसकेका शिक्षण संस्था बन्द हुन पुगे ।

ऐनमा स्नातक तहको नर्सिङ कार्यक्रम सञ्चालन गर्ने शिक्षण संस्थाले दुई वर्षभित्र सय शय्याको आफ्नै अस्पताल सञ्चालन गर्नुपर्ने व्यवस्था छ । तर, सो मापदण्ड तथा ऐनअनुसार सञ्चालन हुन नसक्ने भएपछि नर्सिङ कार्यक्रमसम्बन्धी शिक्षण संस्था बन्द भएको चिकित्सा शिक्षा सरोकार संघर्ष समितिका संयोजक निर्मल सापकोटाले जानकारी दिए । उनका अनुसार हाल सिटिइभिटीअन्तर्गत सञ्चालित प्रिडिप्लोमा तहका स्वास्थ्य विषयका एक सय ३७, स्टाफ नर्सतर्फ ७३ र विश्वविद्यालयअन्तर्गतका स्नातक तहमा (बिएन १० र बिएस्सी नर्सिङ ८) गरी दुई सय २८ वटा शिक्षण संस्था बन्द भएका हुन् । स्नातक तहमा स्वास्थ्य विज्ञानका सबै कार्यक्रममा २० प्रतिशत मात्रै विद्यार्थी छन् ।

नेपालका शिक्षण संस्था बन्द भएपछि भारतीय सीमावर्ती क्षेत्रमा खुलेका स्वास्थ्य शिक्षण संस्थामा पढ्न जाने विद्यार्थीको चाप छ । यता बन्द हुने, तर उता चाप बढ्ने अवस्था सरकारले नै निर्माण गरेको संघर्ष समितिका संयोजक सापकोटाले बताए । उनका अनुसार सरकारले अनावश्यक मापदण्ड खोज्दा भारतीय सीमावर्ती क्षेत्रमा रहेका करिब एक सय ५५ वटा नर्सिङ कलेजमा नेपाली विद्यार्थीको घुइँचो छ । त्यहाँ नेपाली विद्यार्थीलाई नै लक्षित गरेर नर्सिङ कलेज स्थापनासमेत भएका छन् । यसबाहेक भारतकै संगम युनिभर्सिटीले सिटिइभिटी र आयोगलाई सम्बन्धनका लागि भन्दै पत्र पठाएको छ । यसले सिटिइभिटी र आयोगसँग सम्बन्धन लिएको भन्दै प्रचार गरेर नेपाली विद्यार्थी तानिरहेको सापकोटाको भनाइ छ ।

भारतमा प्रतिशिक्षण संस्था सय सिट मात्रै कायम गरिएको छ । तर, नेपालमा ऐनका कारण चल्न नसकेर शिक्षण संस्था बन्द भएपछि प्रिडिप्लोमा तहमा नौ सय ३०, डिप्लोमा तहमा दुई सय ९०, स्नातक तहमा एक सय १६ गरी एक हजार तीन सय ३६ विद्यार्थी छात्रवृत्तिमा अध्ययन गर्नबाट समेत वञ्चित भएका छन् । आयोगले तोकेको औसत शुल्कका आधारमा प्रतिविद्यार्थी पाँच लाख ४३ हजार लाग्छ । तर, सरकारले शिक्षण संस्था बन्द गर्दा वार्षिक ७२ करोड ५४ लाख ४८ हजार रुपैयाँको छात्रवृत्ति कार्यक्रमसमेत गुमेको छ । ऐन बन्नुपहिले र हालको तुलना गर्दा नर्सिङ कलेज बन्द भएपछि हाल तीन हजार चार सय ८० भन्दा बढी सिटमा कमी आएको छ । अर्कातर्फ शिक्षण संस्था बन्द हुँदा सात हजार ५५ शिक्षक तथा कर्मचारीको रोजगारसमेत गुमेको छ । ऐनका कारण

■ **डा. श्रीकृष्ण गिरी**, उपाध्यक्ष, चिकित्सा शिक्षा आयोग



कतिपयमा कोटा खाली छन्, विद्यार्थी छैनन्, कतिपयमा विद्यार्थी छन्, कोटा छैनन् । यसबारे स्वयं विद्यार्थी आफैंले जान्ने कुरा हो, आफैंले कलेज रोज्ने हो, संघर्ष समितिले ऐनविरुद्ध आन्दोलन गरेर हामीले सच्याउन सक्दैनौं ।

■ **निर्मल सापकोटा**, संयोजक, चिकित्सा शिक्षा सरोकार संघर्ष समिति



०७५ मा जारी राष्ट्रिय चिकित्सा ऐनले नर्सिङ शिक्षालाई सहरकेन्द्रित गर्ने र विद्यार्थीको गुणस्तरीयतामा असर पार्ने देखिन्छ । ऐनले नर्सिङ शिक्षामा ठूलो समस्या निम्त्याएको छ, यसको फाइदा सीमावर्तीका शिक्षण संस्थालाई पुगेको छ ।

निजी क्षेत्रको १५ अर्बभन्दा बढी लगानी जोखिममा परेको संघर्ष समितिका संयोजक सापकोटाले बताए । 'सरकारले २०७५ मा जारी गरेको राष्ट्रिय चिकित्सा ऐनले नर्सिङ शिक्षालाई सहरकेन्द्रित गर्ने र विद्यार्थीको गुणस्तरीयतामा असर पार्ने देखिन्छ,' उनले भने, 'ऐनले नर्सिङ शिक्षामा ठूलो समस्या निम्त्याएको छ, यसको फाइदा सीमावर्तीका शिक्षण संस्थालाई पुगेको छ ।'

### ■ के थियो ऐनमा र भयो विरोध ?

राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ४४ (१) र दफा ४७ (१) मा नर्सिङ कार्यक्रमसम्बन्धी व्यवस्था गरिएको छ । तर, संघर्ष समितिले सो ऐनले नर्सिङ शिक्षा सुधारभन्दा पनि निषेध गर्न खोजेको आरोप लगाएको छ । ऐनको दफा ४४ (१) ले दुई वर्षभित्र आफ्नै स्वामित्वमा सय शय्याको अस्पताल निर्माण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यस्तै, दफा ४७ (१)ले ०८५ पछि चिकित्सा शिक्षासँग सम्बन्धित शिक्षण संस्था क्रमशः गैरनाफामूलक हुनुपर्ने व्यवस्था गरेको छ । त्यस्तै, ऐनमा प्रतिबेड एक करोडका दरले एक अर्बको अस्पताल निर्माण गर्नुपर्ने, थप एक अर्बको १२ रोपनी जग्गा, मेसिन औजार गरी दुई अर्ब लगानी गरी आफ्नै अस्पताल निर्माण गर्नुपर्ने व्यवस्था गरेको छ । तर, उक्त मापदण्डअनुसारको अस्पताल निर्माण गरे पनि ६० प्रतिशत बेड काम नलाग्ने र जनशक्ति व्यवस्थापन गर्नसमेत नसकिने संघर्ष समितिका संयोजक सापकोटाले बताए ।

'प्रक्रियाअनुसार सरकारले भनेजस्तो अस्पताल निर्माण गर्दा पाँच वर्ष लाग्छ, तर सरकारले समयसीमा कम दियो,' उनले भने, 'आयोगले ऐन, नियमावलीमा नै नभएको विषयमा कार्यविधि बनाएरै नर्सिङतर्फ प्रमाणपत्र तह र स्नातक तह एउटै शिक्षण संस्थामा सञ्चालन गर्न नपाइने लगाम लगाएको छ, यसमा हाम्रो विरोध हो ।'

चिकित्सा शिक्षा आयोगका उपाध्यक्ष श्रीकृष्ण गिरीले देशभरका शिक्षण संस्थामा स्नातक तह नर्सिङमा ६ सयभन्दा बढी कोटा अझै खाली रहेको दाबी गरे । 'कतिपयमा कोटा खाली छन्, विद्यार्थी छैनन्, कतिपयमा विद्यार्थी छन्, कोटा छैनन्,' उनले भने, 'यसबारे स्वयं विद्यार्थी आफैंले जान्ने कुरा हो, आफैंले कलेज रोज्ने हो, संघर्ष समितिले ऐनविरुद्ध आन्दोलन गरेर हामीले सच्याउन सक्दैनौं ।'

## आन्दोलनका कार्यक्रम घोषणा



सरकारले अनावश्यक मापदण्ड र ऐन निर्माण गरेर चिकित्सा शिक्षाअन्तर्गतको नर्सिङ कार्यक्रमलाई निरुत्साहित गरेपछि निजी शिक्षण संस्थाले आन्दोलनका कार्यक्रम अघि सारेका छन् । उनीहरूले बिहीबार पत्रकार सम्मेलन गर्दै चिकित्सा शिक्षा सरोकार संघर्ष समितिले विरोध जनाउँदै आन्दोलनको कार्यक्रम घोषणा गरेको हो ।

मेडिकल एन्ड डेन्टल कलेज, स्वास्थ्य विज्ञान शिक्षालय संघ, फोरम फर हेल्थ एन्ड टेक्निकल साइन्स, निजी प्राविधिक शिक्षालय महासंघ, अर्गनाइजेसन अफ पोखरा युनिभर्सिटी एजुकेसनल इन्स्टिच्युसनल नेपाल, सोसाइटी अफ त्रिभुवन युनिभर्सिटी हेल्थ इन्स्टिच्युट अफ नेपाल, एसोसिएसन अफ प्राइभेट हेल्थ इन्स्टिच्युटलगायतले ऐनप्रति विरोध गर्दै आन्दोलन गर्ने घोषणा गरेका छन् । उनीहरूले शनिबार माइतीघर मण्डलामा धर्ना दिने, आइतबार देशव्यापी च्याली तथा धर्नाका कार्यक्रम गर्नेलगायत आन्दोलनका कार्यक्रम तय गरेका छन् । उनीहरूले चिकित्सा शिक्षा ऐन परिमार्जन, सिटिइभिटीको पुनर्संरचना, स्तरोन्नति गर्न बाँकी रहेको शिक्षण संस्थाको भर्ना खोल्नुपर्ने, कलेज बन्द हुँदा बेरोजगार भएकालाई रोजगार दिनुपर्ने, खुला बजार अर्थनीतिअनुसार मूल्य निर्धारण हुने व्यवस्था गर्नुपर्ने, हरेक तहका लागि छुट्टाछुट्टै अस्पताल चाहिने कार्यविधि खारेज गर्नुपर्ने, चिकित्सा शिक्षा आयोग खारेज गर्नुपर्ने, शिक्षा र स्वास्थ्य क्षेत्रको लगानी सुरक्षा ग्यारेन्टी गर्नुपर्नेलगायत माग राखेका छन् ।

चिकित्सा शिक्षा र स्वास्थ्य क्षेत्र सुधारको माग राख्दै डा. गोविन्द केसीले सत्याग्रहको तयारी गरिरहेका वेला उनैलाई काउन्टर दिने गरी चिकित्सा शिक्षा सरोकार समितिले आन्दोलन चर्काउने तयारी गरेको छ । चिकित्सा शिक्षा आयोग र सिटिइभिटीले मापदण्डविपरीत नर्सिङ कार्यक्रमका लागि सम्बन्धन दिएको केसीको आरोप छ । संघर्ष समितिले भने अनावश्यक मापदण्ड थुपारेर चिकित्सा शिक्षाको नर्सिङ कार्यक्रमलाई सरकारले बन्द गरेको आरोप लगाएको छ । केसीले नर्सिङ तथा चिकित्सा शिक्षाका सबै कार्यक्रम ऐनअनुसार हुनुपर्ने र सम्बन्धन दिँदा पारदर्शिता हुनुपर्ने माग राखेका छन् । 'नर्सिङ तथा चिकित्सा शिक्षामा सरकारले जुन गुणस्तरीय मापदण्ड राखेको छ, सोहीअनुसार नै हुनुपर्छ, मापदण्डमा नभएका शिक्षण संस्था बन्द गरिनुपर्छ,' केसीले भने, 'मापदण्ड पुगेकालाई सम्बन्धन दिएकामा मेरो कुनै आपत्ति छैन, तर ऐनविपरीत सिटिइभिटीका माफियाले सम्बन्धन दिएका छन्, यसमा मेरो आपत्ति हो ।' उनले संघर्ष समितिको कार्यक्रमले आफूलाई कुनै काउन्टर नहुने र आफ्नो माग सरकारसँग रहेको बताए । तर, पछिल्लो समय चिकित्सा शिक्षाका शिक्षण संस्थाले गुणस्तरीयता कायम नगरेको, ऐनविपरीत काम गरेको, चर्को शुल्क लिने गरेकोलगायतमा केसीले विरोध जनाए ।

## मिटरब्याजीको आरोपमा सुजाता साह पक्राउ

**लहान**/ मिटरब्याजीको आरोपमा प्रहरीले सिराहाको मिर्चैया नगरपालिका- ६ बाट बुधबार साँझ सुजाता साहलाई पक्राउ गरेको छ । सिराहा प्रहरीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रवीन्द्रराज पाण्डेका अनुसार पीडितले दिएको अनुचित लेनदेनसम्बन्धी जाहेरी दर्ता गरी सिराहा जिल्ला अदालतबाट पक्राउ अनुमति लिएर साहलाई पक्राउ गरिएको हो । उनलाई थप अनुसन्धानका लागि बिहीबार जिल्ला अदालत लगिएको पाण्डेले बताए ।

मिर्चैया क्षेत्रमा बसेर चर्को ब्याजमा रकम लगानी गर्ने र ऋण लिनेको घरबारसमेत आफ्नो नाममा रजिस्ट्रेसन गराई कैयौंको उठीवास गराउन सक्रिय साहविरुद्ध प्रहरी र जिल्ला प्रशासनमा दर्जनौं उजुरी परेको मिटरब्याजपीडित संघर्ष समितिका संयोजक मनोजकुमार पासवानले बताए । पछिल्लो समय पीडित साहु संघर्ष समितिको नाममा साहले आफ्नो कारणले उठीवासमा परेका पीडितलाई जेल पुऱ्याउँछु भनेर धम्क्याउने गरेको उनको भनाइ छ ।

घर-व्यवहारका लागि साहसँग लिएको दुई लाख रुपैयाँको साँवाब्याजसहित नगद १८ लाख हजार रुपैयाँ असुलेर पनि स्थानीय ममतादेवी रायको मिर्चैया बजारमा रहेको ६ धुर जग्गासमेत आफ्नो नाममा लिएर बिक्री गरेको साहमाथि आरोप छ । उनले ममतादेवीको अर्को किता १० धुर जग्गा लघुवित्तमा राखेर पाँच लाख रुपैयाँ उठाएको, अन्य चार-पाँचजनासँग ममताले रकम लिएको देखाएर कपाली तमसुक बनाई जनही दुईदेखि पाँच लाख रुपैयाँसम्म असुलेको पीडितहरू बताउँछन् ।

संघर्ष समितिका अनुसार ममतासँग नगदबाहेक जग्गा, लघुवित्तमा राखेको जग्गा र कपाली तमसुकसहित गरी ३४ लाख रुपैयाँको हाराहारीमा साहले रकम असुल गरेकी थिइन् । त्यति असुलेर पनि अझै थप रकम नदिए मान्छे लगाएर छोरीको बलात्कार गराइदिन्छु भन्दै धम्क्याउन थालेपछि डरले विद्यालय जान छाडेर आमासँगै मिटरब्याजपीडितहरूले महोत्तरीको बर्दिबासबाट थालेको काठमाडौंसम्मको १२ दिन लामो पैदल मार्चमा सहभागी भएकी थिइन् ।

## ■ आन्दोलनमा निजी विद्यालय सञ्चालक




शिक्षा विधेयक फिर्ताको माग गर्दै प्याब्सनले बिहीबार माइतीघर मण्डलामा गरेको प्रदर्शन । निजी विद्यालय सञ्चालकहरूले 'सामुदायिक शिक्षा सुधार, निजी शिक्षा नबिगार', 'संस्थागत वा सामुदायिक शिक्षा छनोटको अधिकार प्रदान गर'लगायत नारा लगाएका थिए । तस्बिर : संजित परियार/नयाँ पत्रिका

## पूर्वकृषिसचिव भारीसहित १६ विरुद्ध भ्रष्टाचार मुद्दा

**सुवास भट्ट**/नयाँ पत्रिका



राजेन्द्रप्रसाद भारी

शीतभण्डार निर्माणमा अनियमितता गरेको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पूर्वसचिवसहित १६ जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ । सुर्खेतको वीरेन्द्रनगर औद्योगिक क्षेत्रमा शीतभण्डार निर्माण कार्यमा वास्तविक कार्यभन्दा बढी भुक्तानी भएको भन्दै अख्तियारले कर्णाली प्रदेशका तत्कालीन कृषिसचिव राजेन्द्रप्रसाद भारीसहितलाई प्रतिवादी बनाएर बिहीबार मुद्दा दायर गरेको हो ।

भारी ०७७ वैशाख २ देखि असोज १ सम्म संघीय कृषि तथा पशुपन्छी मन्त्रालयका सचिव थिए । यो भ्रष्टाचार भने उनी कर्णालीमा कृषिसचिव हुँदाको हो । शीतभण्डार निर्माण गर्दा विषयविज्ञद्वारा प्रमाणित नगरिएको शीतभण्डारको खेस्रा डिजाइन तथा नक्साका आधारमा लागत अनुमान तयार गरिएको, त्यसैका आधारमा खेस्रा नक्सासमेतको विपरीत हुने गरी निर्माण कार्य गरेको, नभएको निर्माण कार्यलाई भएको भनी नापी किताबमा सहीछापसमेत गरी गुणस्तरहीन कार्यलाई गुणस्तर भनी प्रमाणित गरेर भ्रष्टाचार गरेको अख्तियारको दाबी छ ।

कर्णाली कोल्डचेन लजिस्टिक प्रालि सुर्खेतले ठेक्का पाएको शीतभण्डार निर्माणमा कर्णाली प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा उच्च मूल्य कृषि वस्तु विकास आयोजना सुर्खेतबाट ९२ लाख ४३ हजार दुई सय ९८ भुक्तानी भएको थियो । यही रकममा अनियमितता भएको हो ।

**शीतभण्डार निर्माणमा साढे ९२ लाख अनियमितता, गुणस्तरहीन कार्यलाई गुणस्तर भनी प्रमाणित गरेर भ्रष्टाचार**

अनियमिततामा संलग्न तत्कालीन मन्त्रालयका सचिव भारीलाई ९२ लाख ४३ हजार दुई सय ९८ रुपैयाँ बिगो कायम गरिएको छ । मन्त्रालयका तत्कालीन सबइन्जिनियर गणेश भण्डारीलाई १६ लाख २४ हजार आठ सय ८१ र मन्त्रालयकै तत्कालीन वरिष्ठ कृषि अर्थविज्ञ हरिप्रसाद पण्डित र लेखा अधिकृत हरिबहादुर थापालाई एकमुस्ट तीन लाख २५ हजार पाँच सय ६७ बिगो निर्धारण गरिएको छ । मन्त्रालय र प्रदेशकै कृषि विकास निर्देशनालयका तत्कालीन निमित्त निर्देशक भक्तिराम शर्मा, कृषि अधिकृत गुरुप्रसाद अधिकारी र लेखा अधिकृत उत्तमकुमार बस्नेतलाई पनि तीन लाख २५ हजार पाँच सय ६७ नै बिगो कायम गरिएको छ ।

### ■ साझा भण्डार सहकारी संस्थाका तत्कालीन अध्यक्षसहित नौविरुद्ध मुद्दा

संस्थाको नाममा रहेको जग्गा गैरकानुनी तरिकाले व्यक्तिलाई बेचेको आरोपमा अख्तियारले साझा भण्डार सहकारी संस्थाका तत्कालीन अध्यक्षसहित नौजनाविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको छ । साझा भण्डार सहकारी संस्था भोटाहिटी काठमाडौंको नाममा रहेको सुर्खेतको वीरेन्द्रनगर नगरपालिका- ८ को दुई आना जग्गा र बाँकेको साबिक कोहलपुर गाविस- ३ (क) को दुई आना १७ पैसा जग्गा जग्गा गैरकानुनी बिक्री गरेको अभियोग अख्तियारको छ ।

बिनाआधार र कारण हचुवाका भरमा अन्यन्त कम मूल्यमा व्यक्तिविशेषलाई बिक्री गर्ने निर्णय गरी चार करोड चार लाख २४ हजार एक सय ८१ रुपैयाँ नोक्सानी पुऱ्याएको अख्तियारको ठहर छ । साझाको नाममा रहेको सुर्खेत उपत्यका नगर विकास समितिको गुरुयोजनाको प्लानिङ व्यावसायिक क्षेत्र भनी तोकिएको वीरेन्द्रनगर नगरपालिका- ८ र साबिक कोहलपुर गाविस- ३ (क) को दुई आना जग्गा अत्यन्त कम मूल्यमा बिक्री गरेर भ्रष्टाचार गरिएको अख्तियारले जनाएको छ ।

भ्रष्टाचारमा संलग्न साझा सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष जयकुमार खड्का तथा सञ्चालक समितिका तत्कालीन सदस्यहरू आत्माराम राजवंशी, सुवर्ण मानन्धर, लक्ष्मण थापा, भोलाप्रसाद न्यौपाने र सदस्यसचिव तथा महाप्रबन्धक अमर थापाविरुद्ध नोक्सानी भएकै बराबरको रकमलाई बिगो कायम गरेर मुद्दा दर्ता भएको छ ।

## ■ संखुवासभा कारागार कैदी मृत्यु प्रकरण

# आफन्तले शव बुझ्केनन्, निष्पक्ष छानबिनको माग

संखुवासभामा **नवीन गुरुङ**

जिल्ला कारागार संखुवासभामा दुईजना कैदीको सुरक्षा घेराभित्रै शंकास्पद मृत्यु भएपछि विवाद चुलिएको छ । बुधबार बिहान कारागारभित्र दुईजनाको मृत्यु भएपछि मृतकका आफन्तले निष्पक्ष छानबिन माग गर्दै शव बुझेका छैनन् । मृत्यु हुनेमा विनोद तोलांगी र आकाश बलामी छन् ।

घटनाको सत्यतथ्य बाहिर ल्याएर दोषीलाई कारबाही नभएसम्म शव नबुझ्ने मृतक विनोदका काका कृष्णले बताए । 'नागरिकको सुरक्षामा खटिएका प्रहरीबाटै सुरक्षा घेराभित्रका मानिसको मृत्यु हुन्छ भने अब कसको विश्वास गर्ने ?' कृष्णले प्रतिप्रश्न गरे । मृतककी कान्छी दिदी भीमा रम्तेलले कारागारभित्र भएको घटना शंकास्पद भएको दाबी गर्दै हत्यारा पत्ता लगाई कारबाही नभएसम्म शव नबुझ्ने बताइन् । मृतकको शरीरभरि नीलडाम रहेको र बीभत्स रूपमा हत्या गरिएको आफन्तको आरोप छ । मादी नगरपालिकाकी उपमेयर सुनितादेवी भट्टराईले निष्पक्ष छानबिन नभए मादी नगरपालिका र संखुवासभाली जनताले प्रशासन र प्रहरी घेराउन गर्ने चेतावनी दिइन् ।

संखुवासभामा क्रियाशील रहेका सात दलले निष्पक्ष छानबिनमा सहयोग पुऱ्याउने भन्दै कार्यदल गठन गरेका छन् । एकीकृत समाजवादीका केन्द्रीय सदस्य हेमराज



जिल्ला अस्पतालमा मृतक विनोद तोलांगीकी आमा खिलामाया ।

घिमिरेको संयोजकत्वमा सात सदस्यीय कार्यदल गठन गरिएको हो । जसमा काङ्ग्रेस, एमाले, माओवादी, राप्रपा, रास्वपा र जसपाबाट एक-एकजना प्रतिनिधि छन् । छानबिन समितिका संयोजक घिमिरेले प्रहरी प्रशासनको गतिविधिको मात्रै विश्वास नलागेर राजनीतिक दलका तर्फबाट समेत कार्यदल गठन गरिएको बताए ।

कारागारमा कैदीको मृत्यु भएपछि सरकारी तहमा तीनवटा समिति बनेको छ । केन्द्रमा कारागार विभागका महानिर्देशक कमलप्रसाद पाण्डेको संयोजकत्वमा पाँच सदस्यीय समिति, कोशी प्रदेश प्रहरी प्रमुख डिआइजी राजेशनाथ बास्तोलाको संयोजकत्वमा पाँच सदस्यीय समिति र जिल्ला प्रशासन कार्यालय संखुवासभाका सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेको संयोजकत्वमा तीन सदस्यीय समिति बनेको छ । घटनाको छानबिन र अनुसन्धान गर्न कोसी प्रदेशको प्रहरी टोली खाँदबारी आइपुगेको छ । टोलीले घटनास्थल वरपर, स्थानीयसँग सोधपुछ र शवको अनुसन्धान गरिरहेको छ । टोलीमा प्रदेश प्रहरी कार्यालयका एसपी ऋषिराम कँडेल, प्रहरी निरीक्षक जितेश दाहाल, प्रहरी नायब निरीक्षक रुद्रबहादुर खड्का र हवल्दार तीर्थ भट्टराई छन् ।

जिल्ला कारागारमा रहेको सिसिक्यामेरा फुटेजबाट वास्तविकता खुल्न सक्ने भएकाले सो फुटेज सार्वजनिक गर्नुपर्ने स्थानीयवासी र दलहरूले माग गरेका छन् । जिल्ला प्रशासन कार्यालयमा भएको छलफलमा फुटेज सार्वजनिक गर्न माग गरिएको हो । प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले कारागारभित्रको सिसिक्यामेरा फुटेज अहिले अनुसन्धानको चरणमा रहेको बताउँदै आवश्यकताअनुसार सार्वजनिक गर्ने बताए ।

कारागारको सुरक्षा घेराभित्र कैदीको हत्या हुनुले प्रहरी सुरक्षाभित्र आशंका थपिएको छ । भाग्ने क्रममा समातिएपछि प्रहरीले नै हत्कडी लगाएर, कपडा खोलेर बाहिर कुटपिट गरेको कारागार वरपरका छिमेकीले बताएका छन् । उनीहरूले रातभरि कुटपिट गरेको, तर बिहान मृत्यु भयो भन्दा छक्क परेको बताएका छन् । मृतकका आफन्तले प्रहरीले कुटेर मारेको र बिहान बहाना बनाउन मात्रै अस्पताल लगिएको आरोप लगाएका छन् । मृतकका आफन्तले कर्तव्य ज्यान मुद्दामा प्रहरी र कारागार प्रशासनविरुद्ध जिल्ला प्रहरी कार्यालयमा बुधबार उजुरी दर्ता गराउन खोज्दा प्रहरीले दर्ता गर्न मानेको थिएन । बिहीबार दिउँसो करिब २ बजेतिर कारागार प्रशासनविरुद्ध भनेर उजुरी सच्याएपछि कर्तव्य ज्यान मुद्दामा उजुरी दर्ता गराएको मृतकका काका कृष्ण तोलांगीले बताए ।

शव जिल्ला अस्पताल खाँदबारीको शवगृहमा राखिएको छ । बिहीबार मृतकका आमा खुलामाया तोलांगी, दिदी भीमा, काका कृष्णलगायत आफन्त र मादी नगरपालिकाकी उपमेयर सुनितादेवी भट्टराई र वडाध्यक्षलगायत जनप्रतिनिधिलाई मात्रै शव हेर्न दिइएको थियो । पत्रकारलाई शव हेर्न अनुमति दिइएन । कारागारमा दुईजनाको मृत्यु भएपछि कैदीहरूले आन्दोलन गरेपछि नौजनालाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा सारिएको संखुवासभाका प्रहरी प्रहरी नायब उपरीक्षक वीरेन्द्र गोदारले बताए ।

# कांग्रेसमा संस्थापन मौन सक्रियता बढाउँदै इतर समूह

केन्द्रीय कार्यसमिति बैठकपछि संस्थापन पक्षका गतिविधि देखिएका छैनन् । तर, शेखर-गगन र सिटौला समूह भ्रातृ संस्थाका गतिविधि र कार्यक्रममार्फत सक्रियता बढाउँदै छन् ।

**केशवप्रसाद पाण्डे**/ नयाँ पत्रिका

१० साउनमा केन्द्रीय समिति बैठकपछि काग्रेसका संस्थापनबाहेकका दुई (शेखर-गगन र सिटौला) समूहले सक्रियता बढाएका छन् । केन्द्रीय समिति बैठकपछि भ्रातृ संस्थाका असन्तुष्टि र कार्यक्रममार्फत यी समूह सक्रिय बनेका हुन् ।

काग्रेसको संगठन सुदृढीकरण अभियान चलिरहेकै वेला महिला संघमा शेखर-गगन समूहले नेतृत्वको कार्यशैलीमाथि प्रश्न उठायो । लगत्तै नेविसंघको सात सय १० सदस्यीय कार्यसमिति घोषणा हुँदा दुवै समूहले असन्तुष्टि देखाएका छन् । संस्थापन समूह रक्षात्मक अवस्थामा छ । केन्द्रीय नेताहरूले औपचारिक रूपमा भ्रातृ संस्थाको विषयमा मुख खोलेका छैनन् । तर, आ-आफ्ना समूहमार्फत गतिविधि बढाएका छन् । संस्थापनइतर समूहका नेता गुरुराज घिमिरे केन्द्रीय समिति बैठकपछिको संकेतले इतर समूहमा उत्साह छाएको बताउँछन् । नेताहरूबीच निरन्तर संवाद भइरहेको र आगामी रणनीति बनाउने चरणमा रहेको उनको दाबी छ ।

बिहीबार डा. शेखर कोइराला र उपसभापति धनराज गुरुङ, महामन्त्री गगन थापा तथा सहमहामन्त्रीद्वय बद्री पाण्डे र जीवन परियारबीच पछिल्लो अवस्था र रणनीतिबारे छलफल तय भएको थियो । तर, कानुनमन्त्रीसमेत रहेका गुरुङ मुटुमा समस्या देखिएर महाराजगन्जस्थित मनमोहन कार्डियो थेरासिक भास्कुलर एन्ड ट्रान्सप्लान्ट सेन्टरमा भर्ना भएपछि बैठक हुन सकेन । सो बैठक हुन नसके पनि बिहीबारै काग्रेस सांसद राजेन्द्र बजगाईंको निमन्त्रणामा दरबारमार्गस्थित होटेल याक एन्ड यतीमा आयोजित



कार्यक्रममा नेता कोइराला र महामन्त्री थापाबीच छलफल भएको नेताहरूले बताएका छन् । केन्द्रीय समिति बैठकअघि कोइरालाले सभापति शेरबहादुर देउवासँग निकट रहेको आरोप खेपेका थिए ।

गत २ देखि १० साउनसम्म चलेको केन्द्रीय कार्यसमिति बैठकले पार्टी एकढिक्का रहेको सन्देश प्रवाह गरेको संस्थापन पक्षका नेताहरूको भनाइ थियो । तर, दुवै इतर समूह त्यसयता सक्रिय छन् । अझ महाधिवेशनयता केन्द्रीय कार्यसमिति बैठकसम्म मौन रहेको कृष्णप्रसाद सिटौला नेतृत्वको समूह पनि अहिले सक्रिय बनेको छ । २१ साउनमा महिला संघको विवादमा संस्थापन र इतर आमुने-सामुने देखिए । इतरनिकटका २० केन्द्रीय सदस्यले अध्यक्ष उषा राउत मिश्रले एकलौटी गरेको र विधान मिचेको भन्दै बर्खास्त गर्न माग गर्दै पत्रकार सम्मेलन नै गरे । २२ साउनमा नेविसंघको समिति घोषणा भएलगत्तै इतरनिकटका असन्तुष्ट विद्यार्थी नेता समानान्तर कमिटी घोषणाको तयारीमा जुटे ।

यसैबीच, कांग्रेसले शुक्रबार संसद् गतिरोध अन्त्यलगायत विषयमा छलफल गर्न संसदीय दलको बैठक बोलाएको छ । बैठक दिँउसो १ बजे नयाँ संसद् भवन स्थित ल्होत्से हलमा बस्नेछ ।

### ■ महाधिवेशनपछि सिटौला समूहको सक्रियता

संस्थापनसँग मिलेर महाधिवेशनमा गएको कृष्ण सिटौला समूहले पनि सक्रियता देखाउन थालेको छ । महाधिवेशनपछि अस्तित्वमा नदेखिएको सिटौला समूहले संविधान कार्यान्वयनको बहसको थालनी भन्दै २१ साउनमा आफूनिकट नेताहरू मात्र सहभागी गराएर कार्यक्रम गऱ्यो । राष्ट्रिय सभा गृहमा सिटौलाको प्रमुख आतिथ्यतामा भएको 'संविधानको कार्यान्वयनः विश्लेषणात्मक बहस' कार्यक्रममा सिटौलाले सम्बोधन भने गरेनन् । उनलाई संविधान मस्यौदा समितिका संयोजकको रूपमा कार्यक्रममा प्रस्तुत गरिएको थियो । पूर्वरक्षामन्त्री भीमसेनदास प्रधान, केन्द्रीय सदस्य तथा बागमती प्रदेश सभा काग्रेस संसदीय दलका मुख्यसचेतक कुन्दनराज काफ्ले, गण्डकी प्रदेश सभा सदस्य जित शेरचन, कोशी प्रदेश सभा सदस्य भूपेन्द्र राईले सम्बोधन गरेका थिए ।

## सुनसहित महिला पक्राउ

**कास्की**/ भित्री कपडामा लुकाएर ल्याउँदै गरेको २८०.२९ ग्राम सुनसहित बिहीबार पोखराबाट एक महिला पक्राउ परेकी छिन् । पक्राउ पर्नेमा झापा बिर्तामोड नगरपालिका- १ घर भई हाल काठमाडौं जोरपाटी बस्ने ४५ वर्षीया कल्पना गुरुङ रहेको वडा प्रहरी कार्यालय बैदामका डिएसपी वेदप्रकाश जोशीले जानकारी दिए । विशेष सूचनाका आधारमा डिएसपी जोशीको कमान्डका खटिएको प्रहरी टोलीले काठमाडौंबाट पोखरा आएको ग.१ख ९९४४ नम्बरको बसमा सवार गुरुङलाई बसबाट झर्ने क्रममा बसपार्कबाटै पक्राउ गरेको हो ।

## अभियानको तयारीमा माओवादी

**काठमाडौं**/ सत्तारूढ माओवादी 'जनतासँग माओवादी, विशेष रूपान्तरण अभियान'को तयारीमा जुटेको छ । १५ भदौसम्म अभियानको सम्पूर्ण तयारी पूरा हुने र १६ भदौबाट देशभर अभियान सुरु हुने माओवादी उपाध्यक्ष एवं प्रवक्ता अग्नि सापकोटाले जानकारी दिए । तीनमहिने अभियान सफल बनाउने गरी तयारीमा जुटेको उनको दाबी छ ।

प्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसहितका नेता अभियानमा खटिनेछन् ।

यसअघि घोषित अभियान प्रभावकारी नभएको परिप्रेक्ष्यमा यो अभियानलाई सफल बनाइछाड्ने उनले बताए । तीनमहिने अभियानपछि विधान सम्मेलन र त्यसपछि विशेष महाधिवेशन आयोजना हुने सापकोटाले जानकारी दिए ।

---

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, महेन्द्रनगर धनुषाका तपसिलमा उल्लेखित ऋणीलाई ऋण कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८०/०४/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक)**

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले ऋण कर्जा लिदाका बखत बैंकसँग गर्नु भएको शर्त कबुलियत बमोजिम तिर्न बुझाउन पर्ने साँवा,ब्याज लगायत अन्य लेना रकम समेत तिर्न बझाउनको लागी यस बैंकबाट पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत ऋणी तथा जमानतकर्ताले सोको पूर्ण बेवास्ता गरी कर्जा नियमित नगर्नु भएको र बक्यौता चुक्ता फछ्यौंट गर्ने तर्फ कुनै चासो नदेखाउनु भएकाले यो सूचना प्रकाशित गरिएकोछ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र कर्जा चुक्ता भुक्तानी हुने मिति सम्मको बैंकको सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । यो सूचना समेतको बेवास्ता गरी उल्लेखित समयावधिभित्र बैंकको सम्पूर्ण रकम चुक्ता फछ्यौंट नगर्नु भएको खण्डमा तपाईं ऋणी, जमानतकर्ता लगायतलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरी, कर्जाको सुरक्षणवापत धितो रहेको सम्पत्ति तथा तहाँको अन्य सम्पत्ति लगायत जमानतकर्ता समेतको सम्पत्तिबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री वा अन्य व्यवस्थाबाट असूल उपर गरिने र उपर्युक्तानुसारका सम्पत्तिबाट बैंकको कर्जा चुक्ता नभएको खण्डमा तहाँ ऋणी तथा जमानतकर्तांबाट कर्जा असूल उपर गर्न अन्य आवश्यक कानूनी प्रकृया शुरु गरिने व्यहोरा जानकारी गराउँदछौं । आफ्नो व्यावसायिक ख्याति, सामाजिक प्रतिष्ठा तथा बैंकको उल्लेखित काम कारवाहीबाट तहाँ ऋणी लगायत जमानतकर्ता उपर पर्न सक्ने अन्य असर र त्यसबाट उत्पन्न हुन सक्ने परिणाम समेतलाई ध्यानमा राखी उल्लेखित समयावधि भित्र सम्पूर्ण कर्जा चुक्ता फछ्यौंट गर्नु हुने अपेक्षा गरिएको छ ।

**तपसिल**

**ऋणी, जमानतकर्ता तथा धितो सुरक्षणको विवरण :**

| | |
|---|---|
| **ऋणीः सोनी कुमारी पुर्वे**<br>(ना.प्र.नं. १७११०२/१६८२, जारी मितिः २०६६/०५/२५, जारी जिल्लाः धनुषा) ।<br>ठेगानाः धनुषा जिल्ला सबैला गा.वि.स. वडा नं.३, स्थाई ठेगाना भई हाल धनुषा जिल्ला जनकपुर उ.न.पा. वडा नं.१६,<br>बाबुः सत्य नारायण चौधरी । पतिः राज कुमार पुर्वे/ससुराः राजेन्द्र पुर्वे । | **जमानतकर्ता : राज कुमार पुर्वे**<br>(ना.प्र.नं. ३९६९३६४०, जारी मितिः २०५२/१०/०८ जारी जिल्लाः धनुषा)<br>ठेगानाः धनुषा जिल्ला जनकपुर उ.न.पा. वडा नं.१६,<br>बाबु : राजेन्द्र पुर्वे<br>बाजेः बिकरु पुर्वे । |
| **जमानतकर्ता : राजेन्द्र पुर्वे**<br>(ना.प्र.नं. ४४४९२५३४ जारी मितिः २०३३/०७/०६ जारी जिल्लाः धनुषा<br>ठेगानाः कपिलेश्वर -४, धनुषा स्थाई ठेगाना भई हाल धनुषा जिल्ला जनकपुर उ.न.पा. वडा नं.१६,<br>बाबु : बिकरु पुर्वे । बाजेः मुगिलाल पुर्वे । | **धितो सुरक्षण :**<br>राजेन्द्र पुर्वेको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला जनकपुर उ.म.न.पा.वडा नं.१६ नक्सा सिट नं. १३५६-२० स्थित कि.नं. १८६ र २४१ को क्रमश क्षेत्रफल २५४.९२ व.मी. र ६७.९० व.मी. को घर/जग्गा लगायत लिगलगापात समेत । |

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

---

**Government of Nepal**
**Ministry of Culture, Tourism & Civil Aviation**
## Tara Gaon Development Board
**Kathmandu, Nepal**

### INVITATION FOR THE SEALED QUOTATIONS

**Date of Publication (First Times): 11th August 2023 (2080/04/26 B.S.)**

1. Tara Gaon Development Board invites sealed bids for the Supply, Delivery and Installation works mentioned below under sealed quotations.

| SN | Contract Identification Number | Description of Work | Bid Security (NRs) | Bid Document Price (NRs) | Last Date of Bid Purchase | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | 01/TGDB /2080/081 | Procurement, Supply, Delivery and Installation of Kitchen Equipments. | 45,750/- | 1,000/- | (25th August 2023) 2080/05/08 B.S. 5:00 PM | (26th August 2023) 2080/05/09 B.S. 12:00 Noon | (26th August 2023) 2080/05/09 B.S. 12:30 PM |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Tara Gaon Development Board, Kathmandu, Nepal, Email: tgdboard@gmail.com, Phone no. +977-01-5172033.
3. A complete set of Bidding Documents may be purchased from the office of Tara Gaon Development Board,Kathmandu by eligible Bidders on the the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 within the date mentioned Below.
   **Bank Name:** Siddhartha Bank
   **Bank Address:** Kathmandu Baneshwor Branch
   **Account holder's Name:** Tara Gaon Development Board
   **Account Number:** 01915170534 (Revenue Account)
4. Sealed bids must be submitted to Tara Gaon Development Board Office, Mid Baneshwor, Kathmandu within the time mentioned above. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at the date mentioned above at the office of Tara Gaon Development Board Office, Mid Baneshwor, and Kathmandu. Bids must be valid for a period of 45 ( Fourty Five ) days from bid submission date and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid,\amounting mentioned above, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Tara Gaon Development Board Office, Mid Baneshwor, Nepal, reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Member of Secretary**

---

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय मझगावा,रूपन्देहीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८०/०४/२६ गते शुक्रवारको नयाँ पत्रिका राष्ट्रिय दैनिक)**

यस बैंक (साबिक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले विभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागी पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्यौंट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्यौंट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्यौंट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय मझगावा, रुपन्देहीमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८०/०६/०५ गते शुक्रवारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय मझगावा, रुपन्देहीमा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी, जमानतकर्ताहरु तथा धितोको विवरण :**

| | |
|---|---|
| **ऋणी :** मर्चवारी गाउपालिका गाँउ कार्यपालिकाको कार्यालय रायपुर रुपन्देही ५ न. प्रदेश, नेपाल, पशु शेवा शाखा स्थानीय स्वागत शासन ऐन २०५५ को दफा १३८ बमोजिम मिति २०७६/१२/०४ मा दर्ता भई द.न. ५३/२०७६/७७ कायम भएको तथा नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय भैरहवा रुपन्देहीबाट मिति २०७६/११/०४ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६१३०५९७९० को प्रमाण पत्र प्राप्त रुपन्देही जिल्ला मर्चपारी गा.पा. वडा नं. ०४ स्थित रजिष्ट्रर्ड ठेगाना रहेको **यादव गाइ भैसी पालन फार्म ।** | |
| **जमानतकर्ता तथा प्रोपराइटर : राम अवध अहिर**<br>(ना.प्र.नः ५४२४४ जारी मिति २०३६/१२/०७ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही ) ।<br>ठेगाना : असुरैना गाविस वडा नं.०३, रुपन्देही ।<br>बाबु : सताईन अहिर । बाजे : बलिकरण अहिर । | **जमानतकर्ता : जुगुरमती अहिरनी**<br>(ना.प्र.नं. ११/२२३१) जारी मितिः २०४३/०२/२० जारी गर्ने कार्यालय जि. प्र. का. रुपन्देही ) ।<br>ठेगाना : असुरैना गाविस वडा नं.०६, रुपन्देही ।<br>ससुराः : सताईन अहिर । पतिः राम अवध अहिर । |
| **जमानतकर्ता : राम नगिना यादव**<br>(ना.प्र.नः ३७३०६१/२०९ जारी मिति २०६३/११/२८ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही ) ।<br>ठेगाना : रुपन्देही जिल्ला सिलौटिया गाविस वडा नं. ०१, रुपन्देही ।<br>बाबु : राम अवध अहिर । बाजे : सताईन अहिर । | **जमानतकर्ता : राम रुप यादव**<br>(ना.प्र.नः ३७२०६१/१६३९० जारी मिति २०६८/०३/१५ जारी गर्ने कार्यालय जि.प्र.का.रुपन्देही ) ।<br>ठेगाना : रुपन्देही जिल्ला सिलौटिया गाविस वडा नं. ०१, रुपन्देही ।<br>बाबु : राम अवध अहिर । बाजे : सताईन अहिर । |
| **ख.धितोका रहेको सम्पत्तिको विवरण :**<br>राम अवध अहिरको नाममा मालपोत कार्यालय मझगावामा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला असुरैना वडा नं. ६ नक्सा नं. ६ स्थित कि.नं. ११४०, ११४३, ११७०, ११४४, ११५५, ११५८, ११६१, ११६७, ११४९ र ११५१ को क्षेत्रफल ०-४-०.२५, ०-०-१९.५०, ०-०-१९.२५, ०-४-१०, ०-१-६, ०-०-११, ०-१-८, ०-२-७.५, ०-०-९.२५ र ०-१-६ (बि.क.धु) तथा असुरैना वडा नं. ७ नक्सा नं. ७क स्थित कि.नं. ८८९ को क्षेत्रफल ०-२-१६ तथा सिलौटिया वडा नं. ४ नक्सा नं. ४ स्थित कि.नं. ६१४ को क्षेत्रफल ०-०-१८.२५ को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

**पुनश्चः**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोल पत्रफारम बैंकको प्रधान **कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय** मझगावाबाट प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिमलाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ र शाखा कार्यालय मझगावामा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१५०००

---

**हतुवागढी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**घोडेटार, भोजपुर**
**कोशी प्रदेश, नेपाल**

## सेवा करारको लागि दरखास्त आह्वान गरिएको सूचना

**सूचना प्रकाशित मिति : २०८०/०४/२६**

१. यस कार्यालयले देहाय बमोजिमका पदहरुको सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेद्वारहरुले तोकिएको ढाँचामा देहायका कागजात सहित सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालयको प्रशासन शाखा वा ईमेल ठेगाना apply.hatuwagadhi@gmail.com मा रितपूर्वक दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल** :

| सि. नं. | विज्ञापन नं. | पद | श्रेणी/तह | परिक्षा दस्तुर रु. | माग संख्या | शैक्षिक योग्यता/अनुभव |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८०/०८१ | मेडिकल अधिकृत | अधिकृत आठौं तह | १,०००/- | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.वि.वि.एस. उतीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । |
| २ | ०२/०८०/०८१ | सूचना प्रविधि अधिकृत | अधिकृत छैटौं तह | १,०००/- | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधि विषयसंग सम्बन्धित विषयमा स्नातक तह उतीर्ण भएको । |
| ३ | ०३/०८०/०८१ | हेल्थ असिस्टेन्ट | सहायक पाँचौ तह | १,०००/- | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट वा सो सरह उतीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । |
| ४ | ०४/०८०/०८१ | रेडियो ग्राफर | सहायक पाँचौ तह | १,०००/- | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियो ग्राफीमा प्रविणता तह वा सो भन्दा माथिल्लो तह उतीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । |
| ५ | ०५/०८०/०८१ | ल्याव असिस्टेन्ट | सहायक चौथो | ५००/- | १ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ल्याव असिस्टेन्ट वा सो सरह उतीर्ण गरी नेपाल स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको । |
| ६ | ०६/०८०/०८१ | अ.न.मी | सहायक चौथो तह | ५००/- | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट ANM कोर्ष उतीर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको, SBA तालिम लिएको लाइ प्राथामकिता दिईनेछ । |
| ७ | ०७/०८०/०८१ | रिटर्नी स्वयम सेवक | | ५००/- | १ | कक्षा १० पास गरी कम्तीमा १ बर्ष खाडी मुलुक वा मलेसियामा काम गरेको । |
| ८ | ०८/०८०/०८१ | का.स. | श्रेणी विहिन | ५००/- | १ | कम्तिमा SEE उतिर्ण, कम्प्युटर सिप भएका लाई प्राथमिकता दिईनेछ । |

२. **दरखास्त दिने अन्तिम मिति :** २०८०/०५/०८ गते कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा पर्न गएमा सो पश्चात कार्यालय खुलेको दिन कार्यालय समयमा ।
३. **दरखास्त फाराम यस कार्यालयको वेवसाईट :** www.hatuwagadhimun.gov.np बाट डाउनलोड गरी वा यस कार्यालयबाट लिन सकिने छ ।
४. इमेल मार्फत दरखास्त पेश गर्ने उम्मेद्वारहरुले मेल पेश गर्नसाथ एकिनको लागि कार्यालयमा सम्पर्क गर्नु पर्नेछ ।
५. **दरखास्त साथ संलग्न गर्नुपर्ने विवरण :** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको लब्धाङ्क पत्र, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित परिषद्/काउन्सिलमा नाम दर्ता तथा नविकरण भएको प्रमाणित प्रतिलिपि, तालिम तथा अनुभव सम्बन्धी प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो (२ प्रति) एवं परीक्षा दस्तुर प्रभु बैक लि., हतुवागढी शाखा हतुवागढी गा.पा. ग १.१ आन्तरीक राजश्व खाता नं. १५६०११३७९८६०००१० (HATUWAGADHI GA.PA.GA.1.1 ANTARIK RAJASWA KHATA 1560113798600010) मा बुझाएको रकमको भौचर अनिवार्य पेश गर्नुपर्नेछ ।
६. नेपाल बाहिरको शैक्षिक योग्यताको प्रमाणपत्र भएमा समकक्षता तथा स्तर निर्धारणको प्रमाणित प्रतिलिपि ।
७. **छनौटको प्रकृया :** प्रारम्भिक योग्यताक्रम (छोटोसूची) को मुल्याङ्कन, लिखित परीक्षा, सीप परिक्षण तथा अन्तरवार्ता ।
८. **पारिश्रमिक :** कार्यसम्पादन मुल्याङ्कन बमोजिम नेपाल सरकारले सम्बन्धित पदको लागि तोकेको न्यूनतम पारिश्रमिक एवं मेडिकल अधिकृत पदमा मासिक पारिश्रमिकको ७५ प्रतिशत थप प्रोत्साहन ।
९. **उमेर :** अधिकृत स्तरको हकमा २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनुपर्नेछ । रिटर्नी स्वयम सेवकको हकमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको । अन्यको हकमा १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको हुनुपर्ने । महिला तथा अपाङ्गता भएका व्यक्तिहरुको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनुपर्नेछ ।
१०. म्याद नाघि आएको र रित नपुगेको दरखास्त माथि कुनै कारबाही हुनेछैन ।
११. **अनुभव :** सम्बन्धित कार्यमा अनुभव भएकालाई ग्राह्यता दिईनेछ ।
१२. **परीक्षा मिति :** सूचना प्रकाशित भएको मितिले १६ औं दिन कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा पर्न गएमा सो पश्चात् कार्यालय खुलेको दिन प्रकाशित गरिनेछ ।

**थप जानकारीका लागि : मो.नं. ९८६०२६७३०८/९८५२०८५३१०/९८५२०८०४४४ मा सम्पर्क गर्न सकिनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

### डन ३ मा रणवीर सिंह

'डन ३' मा रणवीर सिंह मुख्य भूमिकामा देखिने भएका छन् । यसअघि पहिलो र दोस्रो भागमा शाहरूख खान मुख्य भूमिकामा थिए । तर, यसपटक उनी फिल्ममा हुनेछैनन् । ८ अगस्टमा निर्देशक फरहान अख्तरले डन-३ निर्माणको घोषणा गरेका थिए ।






### फ्यानले घेरिए रजनीकान्त

दक्षिण भारतीय सुपरस्टार रजनीकान्त अभिनीत फिल्म 'जेलर' बिहीबार रिलिज भएको छ । बुधबार रजनीकान्त देहरादुन विमानस्थलमा देखिएका थिए । जहाँ समर्थकहरूको भीडले उनलाई घेरेको थियो । उनीहरूले फूलको माला लगाइदिएर रजनीको स्वागत गरेका छन् ।

# आधुनिक घरको इन्टेरियर डिजाइन





**रामगोपाल तन्डुकार**, महासचिव
इन्टेरियर डिजाइनर एसोसिएसन अफ नेपाल

विगतको दाँजोमा अहिले मानिसमा सौन्दर्यचेत बढेको बताउँछन् । 'डिजिटल प्रविधिको विकाससँगै इन्टेरियर डिजाइनले व्यापकता पाउन थालेको छ । मानिसमा सौन्दर्यचेतको विकास हुँदै गएको छ ।

● पवन बराइली

सुन्दर घर बनाउने चाहना सबैको हुन्छ । हिजोआज आन्तरिक सजावटमा लगानी गर्ने ट्रेन्ड बढ्दै गइरहेको छ । घर सानो-ठूलो जस्तो भए पनि अवस्थाअनुसार गृहसजावट गर्न सकेमा आकर्षक देखिन्छ । यसका लागि आफ्नो बजेटअनुसार विभिन्न सजावटका सामान राख्न सकिन्छ । राम्रो देखाउन महँगो सामान होइन, डिजाइन पनि महत्त्वपूर्ण हुन्छ । इन्टेरियर डिजाइनर एसोसिएसन अफ नेपालका महासचिव रामगोपाल तन्डुकार विगतको दाँजोमा अहिले मानिसमा सौन्दर्यचेत बढेको बताउँछन् । 'डिजिटल प्रविधिको विकाससँगै इन्टेरियर डिजाइनले व्यापकता पाउन थालेको छ । मानिसमा सौन्दर्यचेतको विकास हुँदै गएको छ । १० वर्षअघि कमै मान्छेले मात्रै इन्टेरियर डिजाइन गराउँथे,' उनी भन्छन्, 'कुनै समय घरको भित्तामा प्लास्टर गरेपछि इन्टेरियर डिजाइनर खोज्ने चलन थियो । अहिले घरको जग राख्ने वेलादेखि नै इन्टेरियर डिजाइनर खोज्न थालेका छन् ।'

इन्टेरियर डिजाइन नेपालकी सन्दीपा तामाङ कोठा सुन्दर र व्यवस्थित हुँदा मानिसमा सकारात्मक ऊर्जा सञ्चार हुने बताउँछिन् । 'घरभित्र राखिने सामग्रीले आवश्यकता मात्रै पूरा गर्दैन, सुन्दरता पनि थप्छ । सामग्रीको भेराइटीसँगै आकार, बनावट र डिजाइनले पनि महत्त्व राख्छ,' उनी भन्छिन्, 'घरभित्र राखिने फूल, बिरुवाले घर सजाउँदा वातावरण ताजा राख्न मद्दत गर्छ । घरमा लगाइने रङमा विशेष ध्यान दिनुपर्छ । रङ र मस्तिष्कबीच प्रत्यक्ष सम्बन्ध हुन्छ । प्रकाश नपर्ने तथा अँध्यारो ठाउँमा भने केही उज्यालो रङ लगाउन सकिन्छ ।'

### कलात्मक भर्‍याङ

महासचिव तण्डुकार घरभित्रका निर्माणमध्ये भर्‍याङको विशेष महत्त्व रहेको बताउँछन् । ' खासगरी, आधुनिक घरका लागि भर्‍याङ महत्त्वपूर्ण हुन्छ । डिजाइन र उपयोगको हिसाबले भर्‍याङलाई आकर्षक बनाउन सकिन्छ,' उनी भन्छन्, 'क्षेत्रफल प्रशस्त भए कोठाको बीचभागमा भर्‍याङ निर्माण गर्न सकिन्छ । क्षेत्रफल कम भएमा एकातर्फ भित्ता पारेर बनाउँदा पनि आकर्षक देखिन्छ । भर्‍याङ बनाउँदा काठ, सिमेन्ट र फलामजस्ता वस्तुको प्रयोगबाट गर्न सकिन्छ ।'

### किचेन र डाइनिङ

किचेनमा प्लेसमेन्टका लागि चुलो, फ्रिज फिटिङ जहिल्यै ट्र्यांगलमा राखिन्छ । चुलोको अपोजिटमा फ्रिज हुनुपर्छ । वास्तुशास्त्र सकेसम्म मिलाउँदा राम्रो हुन्छ ।

### व्यवस्थित बैठक कोठा

बैठक कोठा अलग्गै पनि हुन सक्छ । किचेन र डाइनिङसँगै एट् याच पनि हुन सक्छ, जहाँ नातेदारहरूसँगै बसेर चिया खाएर तपाईंले छलफल गर्न सक्नुहुन्छ । कहिलेकाहीं खुला स्पेसलाई पनि बैठक कोठा बनाइएको हुन्छ । कसैले सुत्ने कोठानजिकै नै बैठक कोठा बनाएका हुन्छन् । यदि दुई वा तीन तलाको घर छ भने वरपर अन्य कोठा बनाएर बीचको ठाउँलाई खुला र सुन्दर राखेर बैठक कोठा तयार गर्न सकिन्छ । माथिल्लो प्यासेजलाई पनि बार्दलीजसरी लिभिङ रुमकै रूपमा प्रयोग गर्न सकिन्छ । प्रायः अवस्थामा बैठक कोठा ग्राउन्ड फ्लोरमै हुन्छ ।

### लाइटिङ

हरेक कोठालाई प्रकाश जरुरी हुन्छ । तर, तपाईंले घाम छिर्ने गरी बैठक कोठाको डिजाइन गर्नुभयो भने राम्रो हुन्छ । नेचुरल लाइटले इनर्जी त दिने नै भयो, यसबाहेक कोठाका भित्तामा दुसी पर्ने पनि कम हुन्छ । कृत्रिम बत्तीका हकमा अधिकांशले सेतो वा वार्म लाइट प्रयोग गर्छन् । कृत्रिम प्रकाशलाई आवश्यकता हेरेर थप आकर्षक र डेकोरेटेड पनि बनाउन सकिन्छ ।

### फ्लोरिङ

भुइँमा के बिछ्याउने भन्ने कुरा पनि महत्त्वपूर्ण हो । स्टोन फ्लोरिङ पनि गर्न सक्नुहुन्छ । त्यस्तै, टायल मार्बल वा पार्केटिङ पनि गर्न सकिन्छ । अहिले कार्पेटहरू पनि विभिन्न डिजाइनमा उपलब्ध छन् । तपाईंलाई जस्तो मन पर्छ, त्यस्तै गर्दा राम्रो हुन्छ । दीर्घकालसम्म टिक्ने र सहज हुने कुरा राख्दा हुन्छ ।

### फर्निचर

बैठक कोठामा प्रायः सबैले टिभी राख्ने भएकाले टिभी युनिटको प्रयोग गर्न सकिन्छ । टिभी युनिटसँगै जोडेर सोकेस राख्नुभयो भने पनि राम्रो हुन्छ । सोकेसमा तपाईंले पाउनुभएका ट्रफी, मेडल, प्रमाणपत्र तथा तपाईंका फोटो एल्बमहरू सजाउन सकिन्छ । बजेट र इच्छाअनुसार कस्तो बनाउने भन्ने तय गर्न सकिन्छ । त्यस्तै, धेरैले सोफा राख्नुहुन्छ । भेटघाट धेरै हुने कोठा भएकाले सोफा राख्दा सहज पनि हुन्छ । टेबल वा कुर्सी पनि राख्न सकिन्छ ।

### रङ/पर्दा

घरभित्र बैठक कोठा छ भने भित्तालाई आकर्षक रूपमा रंग्याउन सकिन्छ । प्लाई, वालपेपरको प्रयोगले पनि बैठक कोठा सजाउन सकिन्छ । फोटोहरू टाँसेर पनि आकर्षक देखाउन सकिन्छ । बजारमा विभिन्न डिजाइनका महँगा र सस्ता पर्दाहरू पाइन्छन् । तपाईंले आफ्नो इच्छा र आवश्यकताअनुसार यसको छनोट गर्न सक्नुहुन्छ ।

# आँखा पाक्नबाट जोगिन...



आँखा पाक्ने रोगबाट जोगिनका लागि कुनै वस्तु छोइसकेपछि वा समय-समयमा हात धोइराख्नुपर्छ । आँखालाई पटक-पटक हातले छोइरहनु हुँदैन । संक्रमित व्यक्तिले प्रयोग गरेको रुमाल वा अन्य कपडा घरका अरू सदस्यले प्रयोग गर्नुहुँदैन ।

आँखा पाकेका बिरामीले अस्पताल गएर सल्लाह सुझाव र औषधि उपचार गर्न सक्नुहुन्छ । कतिपय बिरामीले जथाभावी एन्टिबायोटिक औषधि प्रयोग गरेको पनि भेटिएको पाइन्छ । तर, डाक्टरको अनुमतिविना एन्टिबायोटिक प्रयोग गर्नुहुन्न । बरु आँखा शीतल पार्ने ड्रप (कृत्रिम आँसु) चाहिँ प्रयोग गर्न सकिन्छ । आँखा पाकेको कुन अवस्थामा के गर्ने वा कस्तो औषधि चलाउने भन्नेबारेमा चिकित्सकसँग सल्लाह लिँदा राम्रो हुन्छ । आँखा पाकेका बिरामीको आँखाको अवस्था कस्तो छ भनेर हामीले मेसिनको सहायताबाट हेरेपछि मात्रै थाहा पाउँछौं । सोहीअनुसार उपचार र सुझाव दिन्छौं । हाल फैलिरहेको एडिनो भाइरसको संक्रमण सामान्यतया दुई हप्ताको समयावधिमा आफैं निको हुन्छ । कतिपयमा त्योभन्दा पनि छिटो निको हुन सक्छ । यो रोग लाग्दा आँखा रातो हुने, चिलाउने, परेलामा चिप्रा लाग्ने, आँखाको डिल सुन्निनेजस्ता लक्षण देखा पर्छन् ।



**डा. अनु मानन्धर**
आँखारोग विशेषज्ञ
तिलगंगा आँखा प्रतिष्ठान

# फिट रहन यस्तो खानपान





अधिकांशलाई व्यायाम गर्दा मात्रै स्वस्थ भइन्छ भन्ने भ्रम छ । तर, हामीले व्यायाम गरेपछि सोहीअनुसार खानामा ध्यान दिन सक्नुपर्छ । जिम जानुस् वा घरमै व्यायाम गर्नुस्, सन्तुलित भोजन आवश्यक छ । शरीरलाई प्रोटिन, फ्याट, फाइबर, भिटामिन आवश्यक पर्ने भएकाले सन्तुलित खानेकुरा खानुपर्छ । अन्डा, माछा, मासु, केरा, दूध, ओटमिल, सिजनअनुसारका तरकारी, सलादलगायत खानुपर्छ । बोसोरहित मासु खानुपर्छ । सकेसम्म हरियो सागसब्जी र फलफूलमा जोड गर्नुपर्छ । पर्याप्त पानी पिउने गर्नुपर्छ । सन्तुलित भोजनले शरीरमा ऊर्जा बढाउँछ, रोगसँग लड्ने क्षमताको विकास गर्छ, मांसपेशी बलियो बनाउँछ र तौल बढ् नबाट रोक्छ । धुम्रपान र मदिरा सेवनबाट टाढै बस्नु राम्रो हुन्छ । त्यस्तै, अति चिल्लो, तारेको, फुटेको, जकंफुडलगायत खाद्यान्न खानु हुँदैन ।

खाना कति खाने र कुन समयमा खाने भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । कतिपय अवस्थामा खान नजानेर पनि तौल बढ्छ । प्रोटिन सप्लिमेन्टको प्रयोग गर्नुअगाडि फिटनेस विज्ञ तथा त्यससँग सम्बन्धित ज्ञान भएका व्यक्तिसँग परामर्श लिएर मात्र खाँदा राम्रो हुन्छ ।

**घरमै व्यायाम** : शारीरिक व्यायामका लागि नियमित जिम जानुपर्छ वा जिम गएर व्यायाम गर्दा मात्रै स्वस्थ भइन्छ भन्ने भ्रम धेरैमा हुन्छ । स्वस्थ रहन जिम सेन्टर जान जरुरी छैन । हामी घरमै पनि कसरत गर्न सक्छौं । कम्तीमा साताको तीनदेखि पाँच दिनसम्म आधा घन्टादेखि एक घन्टासम्म शरीरलाई सक्रिय राख्नुपर्छ । हल्का दौडिने, भ्यागुताजस्तो उफ्रने, पुसअप गर्ने, साइकल चलाउनेलगायत कार्यले शरीरका अंगहरूलाई सक्रिय बनाउँछ । यसले शारीरिक रूपमा स्वस्थ रहन मद्दत गर्छ । मुटु स्वस्थ राख्छ, - तौल नियन्त्रण हुन्छ । कोलेस्ट्रोल, मधुमेहजस्ता रोग लाग्ने खतरा कम हुन्छ । उच्च रक्तचाप सामान्य हुन्छ । चिन्ताबाट मुक्त गराउँछ ।

# गुन्यु-चोलीमा 'स्टाइलिस लुक्स'

● परम्परागत गुन्यु-चोलीको आफ्नै फर्म्याट छ । यसलाई सामान्य आकारमा बनाइन्छ । जसलाई टेलर सेट पनि भनिन्छ । त्यही गुन्यु-चोलीलाई बुटिकले आधुनिक लुक्स दिने गर्छ ।

● यसरी गुन्यु-चोली तयार पार्दा परम्परागत आधारमा त्यति धेरै अन्तरचाहिँ हुँदैन । भित्रबाट तुना बाँधेर लगाउने गरी तयार पार्ने हो । खासगरी पहिले सामान्य सुतीको कपडामा यस्तो ड्रेस तयार पारिन्थ्यो र गुन्यु-चोली नै लगाउने गरिन्थ्यो । तर, अहिलेचाहिँ विभिन्न आकर्षक कपडाको प्रयोगमा एन्ड्रोइटी गरी तयार पारिन्छ । र, यसलाई गुन्युमै मात्र लगाउनुपर्छ भन्ने छैन ।



● पछिल्लो समय मखमल र सिल्कको कपडाको चोली सिलाउने प्रचलन बढ् दो छ । चन्डेरी सिल्कको कपडामा पनि अत्यधिक सिलाइन्छ । र, त्यसमा बुट्टा बनाउने प्रचलन छ ।

● गुन्यु तथा चोलीमा बुट्टा भर्ने काम पनि गरिन्छ । यस्तो बुट्टाका लागि विशेषगरी गोल्डेन कलर प्रयोग गरिन्छ । यसका साथै रातो र ओरेन्ज, ब्ल्याक, मरुन आदि कलर पनि प्रयोग गर्न सकिन्छ ।

● त्यस्तै, बुट्टाका लागि ढाकाकै सेट, पेन्ट पनि पाइन्छ । जसलाई हातले बुनेर पनि बनाउनुपर्छ । त्यसैको प्रयोग गरिन्छ ।

● अहिले लेहेंगा र सारीमा चोली लगाउने प्रचलन अत्यधिक बढेको छ । यसले परम्परागत र फेसनेबल लुक्स दिनका लागि सहयोग पुऱ्याउँछ ।

# राम्रो जीवनस्तर भएका देश



वर्ल्ड पपुलेसन रिभ्यु डटकमका अनुसार सन् २०२३ मा बस्नलायक उत्कृष्ट देशको सूचीमा स्विट्जरल्यान्ड पहिलो स्थानमा छ । स्वास्थ्य प्रणाली सुदृढ भएकाले यस देशलाई बस्नलायक देशको सूचीमा पहिलो स्थानमा राखिएको हो । यहाँ मानिसको औसत आयु पुरुषको ८२ वर्ष र महिलाको ८५.९ वर्ष छ । यहाँ मानिसहरूको प्रतिव्यक्ति आय निकै राम्रो छ । बसाइ महँगो भए पनि जीवन गुणस्तरीय रहेको बताइएको छ ।

दोस्रो स्थानमा नर्वे छ । गत वर्ष नर्वे पहिलो स्थानमा थियो । यहाँ पनि स्वास्थ्य प्रणाली तथा प्रतिव्यक्ति आय निकै राम्रो छ । नर्वेले सबै नागरिकलाई गुणस्तरीय उपचार सेवा उपलब्ध गराउने गरेको छ । यहाँ अपराध दर पनि निकै कम छ ।

बस्नलायक देशको सूचीमा डेनमार्क तेस्रो स्थानमा छ । यहाँका नागरिकले आफ्नो सरकार र सरकारी निकायमाथि ठूलो भरोसा गर्छन् । सबै नागरिकलाई अध्ययन र उपचारको निःशुल्क व्यवस्था गरिएको छ ।

चौथो स्थानमा आइसल्यान्ड छ । यो विश्वकै शान्त देशमध्ये एक मानिन्छ । पाँचौं स्थानमा चीनको स्वशासित क्षेत्र हङकङ छ । यहाँ कर निकै कम भएकाले व्यवसायीहरूका लागि यो निकै आकर्षक गन्तव्य बनेको छ । अपराध दर कम छ । पूर्वीय तथा पश्चिमा संस्कृतिको उत्कृष्ट मिश्रण रहेको ठाउँका रूपमा यसलाई लिइन्छ ।

यस सूचीमा नेदरल्यान्ड्स छैटौं, अस्ट्रेलिया सातौं, स्विडेन आठौं, आयरल्यान्ड नवौं र जर्मनी दशौं स्थानमा छन् ।

# 'गाउँ आएको बाटो' टोरन्टो फेस्टिभलमा छनोट

चलचित्र 'गाउँ आएको बाटो' प्रतिष्ठित टोरन्टो फिल्म फेस्टिभलमा छानिएको छ । सेप्टेम्बर ७ देखि १७ सम्म सञ्चालन हुने फेस्टिभलमा फिल्मको वर्ल्ड प्रिमियर हुने निर्देशक सुब्बाले बताए । 'टोरन्टोमा वर्ल्ड प्रिमियर हुने सुखद समाचार सुनाउन पाउँदा हामीलाई खुसी लागेको छ । यसले विश्वमा नेपाली फिल्मको दृश्यता बढाउन र सही अन्तर्राष्ट्रियकरणमा टेवा पुऱ्याउँछ । पछिल्लो समय नेपाली सिनेमाको दृश्यता विश्वमा बढे पनि विश्वबजारसँग जोड्न अझै सकिरहेका छैनौं । हामीले फिल्मलाई विश्वबजारसँग जोड्ने प्रयास गरिरहेका छौं,' उनले भने ।




निर्देशक सुब्बाले प्रतिष्ठित फेस्टिभलमा नेपाली चलचित्र छनोट हुनुले चलचित्रको क्षेत्रमा सकारात्मक प्रभाव पार्ने बताए ।

'यसले नेपाली चलचित्रको गुणस्तर वृद्धि गर्न सहयोग पुग्छ । अर्को, नेपालमा पनि राम्रा सिनेमा निर्माण हुन्छ भन्ने सन्देश पनि विश्वलाई जान्छ,' उनले भने ।

राई समुदायको सामाजिक पृष्ठभूमिमा बनेको यो फिल्मले गाउँमा सडक आएपछि बाबु-छोराको सम्बन्धमा आउने उतारचढावलाई पेस गर्छ । सामुदायिक लगानीमा बनेको यो फिल्मलाई अमोद राईले निर्माण गरेका हुन् । भोजपुरको आमचोक, भोजपुर बजार, संखुवासभाको खाँदबारी र सुनसरीको धरानमा फिल्म छायांकन भएको फिल्ममा दयाहाङ राई, पशुपति राई, प्रसन राई, केशव राई, सुमित्रा राई, राज थापा, प्रेम सुब्बालगायतको अभिनय छ ।

# ओठमा चमक ल्याउन गुलाफ पेस्ट

सफा र चम्किलो ओठले मानिसको व्यक्तित्व खुलाउन निकै सहयोग गर्छ । तपाईंले घरमै गुलाफको पेस्ट बनाएर ओठमा लगाउन सक्नुहुन्छ । यसले ओठमा बेग्लै चमक ल्याउँछ ।

यसका लागि गुलाफको फूलका थोरै पत्तालाई पिसेर पेस्ट बनाउनुस् । थोरै मह वा नरिवलको तेलसँग यसलाई मिसाउनुस् । त्यसपछि ओठमा लगाएर १५-२० मिनेटसम्म छाड्नुस् । अनि, मनतातो पानीले पखाल्नुस् । दैनिक रूपमा यस्तो प्याक लगाउँदा हुने केही फाइदा यस्ता छन् :



**शर्मिला बञ्जारा**
ब्युटिसियन
निर्भाना मेकअप स्टुडियो

**मोस्चराइजेसन** : गुलाफको पेस्ट यसरी लगाउनाले ओठ फुम्रो हुँदैन । चिल्लो र नरम हुन्छ ।

**शीतल** : ओठलाई शीतल बनाउँछ । घामको प्रकाशका कारण ओठ डढेको वा चिलाएको हुन सक्छ । यस्ता समस्यामा पनि यो प्याक प्रभावकारी छ ।


**चम्किलो छाला** : गुलाफले छालालाई चम्किलो बनाउँछ । छालामा दागधब्बा पनि आउन दिँदैन र तपाईंलाई युवा देखाउँछ । गुलाफको मिठो बास्नाले मानिसको मुडलाई पनि राम्रो बनाउँछ । तसर्थ, ओठमा गुलाफको प्याक लगाउँदा तपाईंले आरामदायी महसुस गर्न सक्नुहुन्छ ।

**बुढ्यौली रोक्न** : गुलाफमा राम्रो मात्रामा एन्टिअक्सिडेन्ट हुन्छ । यसले चाउरीपन रोक्न सहयोग गर्छ ।

### चिकित्सकसँग परामर्श

गुलाफको प्याक लगाउँदा सबै व्यक्तिमा एउटै प्रभाव देखिन्छ भन्ने छैन । कसै-कसैलाई एलर्जी पनि हुन सक्छ । त्यसैले पूरै ओठमा गुलाफको प्याक लगाउनुअघि थोरै भागमा मात्रै लगाएर एक वा दुईपटक परीक्षण गर्नु राम्रो हुन्छ ।

यदि तपाईंको छाला संवेदनशील छ वा अन्य कुनै समस्या छ भने तपाईंले यो अर्गानिक प्याकको प्रयोग गर्नुअघि छालारोग विशेषज्ञसँग परामर्श गर्नु राम्रो हुन्छ ।



# कांग्रेसलाई प्रश्न– सक्किने कि सच्चिने ?

## कांग्रेस सक्किने बहस होइन, सच्चिँदै युग सुहाउँदो नेतृत्व कांग्रेसले नै गर्न सक्छ भन्ने संकल्प नै आजको मुख्य आवश्यकता हो



● डा. जितु उपाध्याय

अग्रलेख

नेपाली कांग्रेसको बहुप्रतीक्षित केन्द्रीय समिति बैठक सम्पन्न भएको पनि दुई साता पुगेको छ। झन्डै एक वर्षपछि बसेको केन्द्रीय समिति बैठकमा छलफलका विषयलाई लिएर आमकांग्रेसीजन मात्रै होइन, बाहिरका दल र आमनागरिकको व्यापक चासो बढेको थियो। दश दिनसम्म चलेको कांग्रेस केन्द्रीय समिति बैठकमा उठेका एजेन्डाभन्दा पनि यसपटक सामाजिक सञ्जालमार्फत बैठक लाइभ गरेको विषय बढी नै चर्चामा रह्यो।

संसारमा पार्टीभित्रका छलफल र बहस सामान्यतः बन्द कोठाभित्रै हुने प्रचलन बढी छ। तर, यसपटकको केन्द्रीय समिति बैठकमा कांग्रेसले लाइभ प्रसारण गरिदिँदा संसारभर रहेका नेपालीले बैठकका छलफल, बहस र वादविवाद प्रत्यक्ष हेर्ने अवसर पाए। त्यसैले, पनि यसपटकको कांग्रेस केन्द्रीय समिति बैठक नेपाली राजनीतिकै ऐतिहासिक परिघटना सावित भयो।

कांग्रेस बैठक बस्नुअघि सार्वजनिक रूपमा पार्टीभित्रका आरोप-प्रत्यारोपले केन्द्रीय समितिमा गर्मागर्मी हुने आकलन धेरैले गरेका थिए। नेतृत्वको कडा आलोचना हुने अनुमान धेरैको थियो। जुन कुरा स्वयं पार्टी सभापतिले पनि सोचेका थिए, तर बैठकमा आफूले सोचेजस्तो आलोचना नभएको भन्दै सभापतिले ठट्यौली पारामा सबैलाई धन्यवाद नै दिए।

**कांग्रेसको आगामी बाटो :** पछिल्लो आमनिर्वाचनले नेपालमा नयाँ राजनीतिक शक्तिहरूको उदय भएको छ। जसले गर्दा पुराना दलमाथि हरेक कोणबाट सच्चिने चुनौती थपिएको छ। प्रतिनिधिसभा निर्वाचनमा कांग्रेसको झन्डै आठ लाख मत घटेको छ। एकातिर नयाँ राजनीतिक शक्तिको उदय भएको र अर्कातर्फ कांग्रेसजस्ता इतिहास र विरासत बोकेका पार्टीको भविष्यमाथि गम्भीर प्रश्न खडा भएको अवस्थामा बसेको कांग्रेसको केन्द्रीय समिति बैठकमा व्यापक चिन्तन र बहस हुने अनुमान थियो। तर, कांग्रेस बैठकमा जसरी पेचिलो रूपमा पार्टीका कार्ययोजनाबारे छलफल हुनुपर्थ्यो, त्यो हुन सकेन।

बैठकमा उत्साहजनक रूपमा पार्टीको आगामी कार्यक्रमबारे छलफल नभए पनि कांग्रेसका महामन्त्री गगन थापाले पेस गरेको पार्टीको एक वर्षको कार्यतालिकालाई भने सकारात्मक रूपमा लिन सकिन्छ। पार्टीको एक वर्षको कार्यक्रमले टोल तहसम्मै पार्टीका गतिविधि सञ्चालन हुनेछन्।

तर, के पार्टीको मौसमी कार्यक्रमले जनतालाई आकर्षित गर्न सक्ला ? नयाँ राजनीतिक दलहरूको प्रभाव र प्रवाहलाई यी कार्यक्रमले रोक्न सक्लान् ? यो अहं प्रश्न हो। पार्टीले विगतमा पनि विभिन्न समयमा जनताबीच जाने कार्यक्रम नगरेको होइन। ती कार्यक्रम कति प्रभावकारी भए ? वा किन कमजोर भए ? यसबारे पहिला मिहिन रूपमा छलफल गर्न सकेमा कांग्रेसले पार्टीका आगामी अभियानलाई परिणाममुखी बनाउन सक्छ।

एकातिर कांग्रेसमा नेतृत्वको विकल्पको माग गर्दै रूपान्तरण अभियान चलिरहेको छ भने अर्कातर्फ अहिलेकै नेतृत्वको विकल्प खोज्नु हतारो हुने दाबी संस्थापन समूहको छ। यसरी पार्टीभित्रै आगामी बाटोका विषयमा स्पष्ट दृष्टिकोण नबन्दै तल्लो तहमा जाँदा यसको असर कस्तो पर्ला ? यतातर्फ पनि पार्टीले गम्भीरतापूर्वक सोच्न जरुरी छ। अहिले नेतृत्व परिवर्तनको समय हो वा एकताबद्ध भएर संगठन विस्तारमा लाग्ने समय हो ? पार्टी जनताबीच जाँदै गर्दा स्पष्ट साझा कार्यक्रम तयार गर्नुपर्छ, तर पार्टीभित्रको बहस र विवाद हेर्दा त्यस्तो कार्यक्रम तयार होला र एकढिक्का भएर पार्टी जनतामाझ जाला भनेर विश्वास गर्न सकिने आधार कम्तीमा अहिलेसम्म चाहिँ देखिन्न।

कांग्रेसले सुशासनको मुद्दालाई प्राथमिकतामा राख्नुपर्छ। अहिलेको माग यही हो। जब भ्रष्टाचारको मुद्दा आउँछ, कांग्रेस बोल्दैन भन्ने आरोप सर्वत्र छ। अब यसलाई चिरेर जनतामाझ जाँदा सुशासनको मुद्दा बोकेर जानुपर्छ।

कांग्रेसले केन्द्रीय समितिको बैठक प्रत्येक दुई महिनामा बोलाउने निर्णय गरिसकेको छ। जसअनुसार २ भदौका लागि बैठक बोलाइसकिएको छ। अब केन्द्रीय समिति बैठकमा नेतृत्वको बचाउ र आलोचनाभन्दा




पनि जनताका जनजीविकाका विषयमा छलफल हुनुपर्छ। जनताले कांग्रेसले आफ्ना बारेमा चिन्तन गर्छ भन्ने विश्वास गर्ने वातावरण बनाउन जरुरी छ।

नयाँ पुस्ता पार्टीप्रति कति आकर्षित छ भन्ने विषयमा नेतृत्व र सिंगो केन्द्रीय समिति गम्भीर बन्न जरुरी छ। पार्टीका सबै तहका निकायले पनि नयाँ पुस्तालाई पार्टीमा आकर्षित गर्ने विषयमा सोच्नुपर्ने वेला आएको छ। सामाजिक सञ्जालमा अभ्यस्त अहिलेको पुस्तालाई कांग्रेसको स्वर्णिम इतिहासबारे जानकारी दिनु त छँदै छ, साथै उनीहरूमा आशा र विश्वास ल्याउने नयाँ कार्यक्रमको खाँचो छ।

> नेतृत्वको कार्यशैली समयानुकूल छैन भने ऊ आफू पनि सच्चिन तयार हुनुपर्छ। नेतृत्वलाई गाली गरेर आफू शक्तिशाली बन्न खोज्ने सोच त्याग्न अरू पनि तयार हुनुपर्छ। एकताबद्ध र एकढिक्का कांग्रेस अहिलेको आवश्यकता हो।

पार्टीको केन्द्रदेखि वडा तहसम्म युवाको प्रतिनिधित्व सुनिश्चित हुनुपर्छ। साथै युवाको योग्यता, क्षमता, अनुभव र विज्ञताअनुसार पार्टीमा उनीहरूलाई भूमिका दिन कन्जुस्याइँ गर्नुहुन्न। कांग्रेस केन्द्रीय समिति बैठकमै प्रदेश सभापतिहरूले प्रदेश कमिटीको भूमिकाबारे प्रश्न उठाएका छन्। त्यसैले, सातवटै प्रदेश कमिटीलाई जिम्मेवारीसहित प्रभावकारी रूपमा परिचालन गर्नुपर्छ।

महामन्त्रीको प्रतिवेदनमा आमनिर्वाचनअघि पार्टीबाट उम्मेदवार तय गर्न प्राइमरी इलेक्सनको कुरा उल्लेख छ। यसको कार्यान्वयन हुन सके पार्टीमा नयाँ पुस्ताको आकर्षण त बढ्छ नै, निर्वाचित जनप्रतिनिधिको स्वीकार्यता पनि व्यापक रूपमा बढ्नेछ। साथै सार्वजनिक रूपमा पार्टीभित्रका आन्तरिक विवादका विषयमा टीकाटिप्पणी नगर्ने प्रचलन बसाउन सके पार्टीको जीवनमा त्यसले सकारात्मक प्रभाव पार्न सक्छ।

कांग्रेस तीन तहकै सरकारमा ठूलो दलसहित महत्त्वपूर्ण भूमिकामा छ। क्रियाशील सदस्य संख्याका आधारमा पनि कांग्रेस देशकै ठूलो पार्टी हो। कांग्रेसमा अहिले आठ लाख ६६ हजार क्रियाशील सदस्य छन्। अब पाँच-६ लाख सदस्य थप गर्ने योजना छ। क्रियाशील सदस्य बनाउन अनलाइन फारमको व्यवस्था छ। क्रियाशील सदस्य बनाउँदैमा कांग्रेस बलियो हुन्छ भन्ने छैन। पछिल्लो समयमा उदाएका नयाँ दलको न त क्रियाशील सदस्य छन्, न त संगठन नै। त्यसैले, सदस्य संख्या बढाउनेभन्दा पनि आफ्नो पार्टीलाई जनतासँग जोड्ने कार्यक्रमलाई बढी प्राथमिकतामा राख्नुपर्छ।

**जनताले खोजेको कांग्रेस :** देशको नीति, योजना र बजेट तर्जुमा गर्दा गाउँका किसानको तस्बिर हेरेर बनाउनू भन्ने बिपीको सिद्धान्त र आदर्श बोकेको पार्टी हो कांग्रेस। तीन तहकै सरकारमा कांग्रेस छ। कांग्रेसले सरकारको कामलाई प्रभावकारी बनाउने विषयमा आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गर्नुपर्छ। सुशासनयुक्त समाज निर्माण, छिटोछरितो सरकारी सेवा, न्यायपूर्ण समाज, रोजगारी सिर्जना, गुणस्तरीय र सहज शिक्षा र स्वास्थ्य सेवालाई कांग्रेसले प्राथमिकता राखेर काम गर्नुपर्छ। त्यसका लागि पार्टीमा रहेका र बाहिर रहेका विज्ञहरूको सुझाव सल्लाहअनुसार काम गर्नुपर्छ।

**अबको कांग्रेस**

१. वडा, तह, क्षेत्र, नगर, जिल्ला र प्रदेश कार्यसमितिलाई आ-आफ्नो वार्षिक कार्ययोजना प्रस्तुत गर्न निर्देशन दिने।

२. सातवटै प्रदेशका सबै पालिकामा केन्द्रीय प्रतिनिधि तोकी संगठन निर्माणमा लाग्ने।

३. स्थानीय, प्रदेश र संघीय चुनावमा पार्टीको उम्मेदवार 'प्राइमरी इलेक्सन'बाट चयन गर्ने।

४. भ्रातृसंस्थाको संख्यात्मकभन्दा गुणात्मक उपस्थिति जनाउने कार्ययोजना आवश्यक।

५. पार्टीबाट मन्त्रिपरिषद्मा पठाउँदा विषय विज्ञलाई प्राथमिकता दिने।

६. कांग्रेसका केन्द्रदेखि वडा कार्यालय डिजिटलाइज (पेपरलेस) बनाउने।

७. युवा कांग्रेस गठन गर्ने।

८. प्रदेश कमिटीलाई चलायमान गराउने।

९. शिक्षा, स्वास्थ्य, रोजगारी, युवा, उद्यमशीलता, सुशासनजस्ता विषयमा नीतिगत सुधार, कार्यक्रम तर्जुमा र कार्यान्वन सुझाब दिन सक्ने विज्ञसहितका संरचना निर्माण गर्ने।

**अन्त्यमा :** लामो इतिहास बोकेको पार्टी नेपाली कांग्रेससँग जनताका बग्रेल्ती गुनासा हुन सक्छन्। कांग्रेसको भूमिका अपेक्षाकृत नहुँदा जनता पार्टीप्रति नकारात्मक हुन सक्लान्। तर, व्यवस्था परिवर्तनको अगुवा पार्टी कांग्रेस निराश हुने समय होइन। यति लामो इतिहास बोकेको पार्टी विश्वमै बिरलै छन्।

नेतृत्वको कार्यशैली समयानुकूल छैन भने ऊ आफू पनि सच्चिन तयार हुनुपर्छ। नेतृत्वलाई गाली गरेर आफू शक्तिशाली बन्न खोज्ने सोच त्याग्न अरू पनि तयार हुनुपर्छ। एकताबद्ध र एकढिक्का कांग्रेस अहिलेको आवश्यकता हो। त्यसले मात्रै कांग्रेसलाई थप सशक्त र बलियो बनाउन सक्छ। तसर्थ, कांग्रेस सक्किने बहस होइन, सच्चिँदै युग सुहाउँदो नेतृत्व कांग्रेसले नै गर्न सक्छ भन्ने संकल्प सबैले राख्न जरुरी छ।

*(डा. उपाध्याय कांग्रेस महासमिति सदस्य हुन्)*

---

३ प्रश्न

वातावरणविद् **भूषण तुलाधर**लाई



**हाम्रो सहरी सरसफाइका मुख्य समस्या के-के हुन् ?**

मुख्य 'इस्यु'लाई प्राथमिकतामा नराख्नु नै सबैभन्दा ठूलो समस्या हो। हामीकहाँ फोहोर व्यवस्थापनलाई प्राथमिकतामा राखिएकै छैन। ल्यान्डफिल साइट बन्द भयो भने मात्र यसबारे थोरै चासो देखाइन्छ। फोहोर व्यवस्थापनसम्बन्धी दीर्घकालीन गुरुयोजना नै छैन। बनेका केही योजना पनि प्राथमिकतामा नपरेर कार्यान्वयन भएनन्। हाम्रा स्थानीय तहले घरघरबाट उठाएको फोहोर स्थानीयवासीको गुनासो नआउने ठाउँ खोजेर फाल्ने काम मात्र गर्दै आएका छन्।

**फोहोर व्यवस्थापनको सहज र दीर्घकालीन उपाय के हुन सक्छ ?**

काठमाडौं महानगरले गत वर्ष फोहोर वर्गीकरण गरेर मात्र उठाउने भन्यो। केही समय उठायो पनि। तर, फोहोर छुट्याएर उठाउँदैमा समस्याको समाधान हुने होइन। छुट्याएर उठाउने तर सबै प्रकारका फोहोर लगेर ल्यान्डफिल साइटमै फाल्ने हो भने छुट्याउनुको के अर्थ ? फोहोर वर्गीकरण गरेर छुट्याइसकेपछि त्यसको अधिकतम पुनर्प्रयोग गर्न सक्नुपर्छ। अन्यथा, छुट्याउनु बेकार हो। स्थानीय तहले मात्र यसको व्यवस्थापन गर्न सक्दैनन् भने निजी क्षेत्रको समेत सहयोग लिएर काम गर्न सक्नुपर्छ।

**सहरी क्षेत्रका नदीनालालाई पुनर्जीवन दिन सकिन्न ?**

मजाले सकिन्छ। संसारभर ढलको फोहोर ननिस्कने कुनै सहर छैन। तर, उनीहरूले घरघरबाट निस्कने ढलको भरपर्दो प्रशोधन प्रणाली विकास गरेका छन्। तर, हामीकहाँ चाहिँ बनिसकेका प्रणालीलाई समेत सञ्चालन गर्न चासो दिइएको छैन। प्रशोधनविना ढल नदीमा नमिसाउने हो भने हाम्रा नदीनालालाई पुनर्जीवन दिन कठिन छैन।

---

प्रेरक प्रसंग

## बालकको देशप्रेम

एकपटक स्वामी विवेकानन्द विदेशमा थिए। केही फलफूल किन्ने विचार गरेर उनी एउटा फलफूल पसलमा पुगे। उनले पसलेसित आफूलाई स्याउ जोखिदिन अनुरोध गरे। पसलेले विवेकानन्दलाई केही स्याउ जोखेर झोलामा राखिदियो। तर, उसले त्यसरी राखिदिएको स्याउमध्ये केही कुहिएका थिए। ती स्याउ खानयोग्य थिएनन्।

विवेकानन्दले स्याउ मागेको र पसलेले उनलाई बिग्रेको स्याउ दिएको दृश्य त्यहीँ नजिकै बसिरहेका एक बालकले ध्यानपूर्वक हेरिरहेका थिए। जब पसलेले तोकेको मूल्य तिरेर विवेकानन्द हिँड्न लागे, तब ती बालक उनको नजिकै गए र नम्रतापूर्वक भने, 'कृपया तपाईंले भर्खरै किनेको स्याउ मलाई दिनुहोस् र त्यसको मूल्य मसँग लिनुहोस्।' एउटा बालकले यसरी आफूसित स्याउ फिर्ता मागेको सुन्दा विवेकानन्द छक्क परे। उनलाई ती बालकको व्यवहार अलिक अनौठो लाग्यो। त्यसपछि उनले टुक्रुक्क बसेर बालकको गाला थप्थपाउँदै सोधे, 'किन ? म यो स्याउ किन तिमीलाई दिऊँ ? अनि किन तिमी यो स्याउ लिएर रकम तिर्न चाहन्छौ ? स्याउ खान मन लागेको भए म तिमीलाई यो सबै स्याउ दिन तयार छु। त्यसका लागि तिमीले मलाई एक पैसा पनि दिनुपर्दैन।'

विवेकानन्दको भनाइ सुनिसकेपछि ती बालकले भने, 'होइन, होइन, मलाई यो स्याउ लिएर खानु छैन। पसलेले तपाईंलाई दिएको स्याउ कुहिएको, बिग्रिएको छ। यस्तो स्याउ किनेपछि तपाईंले आफ्नो देशमा फर्किएर त्यहाँ मेरो देशबारे नराम्रो कुरा सुनाउनुहुनेछ। त्यतिखेर मेरो देशको कति बेइज्जत होला ? त्यो मेरा लागि दुःख र लज्जाको विषय हुनेछ। त्यसैले, कृपया त्यो स्याउ मलाई फिर्ता दिनुहोस् र त्यसको रकम लिनुहोस्।'

बालकको यस्तो अमूल्य देशप्रेम देख्दा स्वामी निकै प्रभावित भए। उनले ती बालकलाई अँगालो हालेर उसको शिरमा चुम्बन गर्दै भने, 'मलाई तिम्रो देशप्रेममा असाध्यै गर्व छ। अब म आफ्नो देश फर्किएपछि तिम्रो देशको कुनै पनि नराम्रो कुरा कोही कसैसित गर्नेछैन। बरु म योचाहिँ अवश्य भन्नेछु, यस देशका बच्चाबच्चा देशप्रेमी छन्। उनीहरूमा देशप्रेमको भावना प्रचुर छ। उनीहरू आफ्नो देशको स्वाभिमानमा अलिकति पनि चोट लाग्न दिँदैनन्।'

---

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

## हाम्रा माननीयलाई प्रश्न

हिजोआज हाम्रो संघीय संसद् अवरुद्ध भइरहेको छ। एक क्विन्टल सुन तस्करी प्रमुख मुद्दा हो। तस्करी नियन्त्रण हुनुपर्छ भनेर सांसदले आवाज उठाउनु एकदम जायज छ। यससँगसँगै मूल्य नियन्त्रण नभएसम्म संसद् चल्न दिँदैनौं, निर्मला पन्त बलात्कार र हत्या प्रकरणलगायत अन्य बलात्कार र हत्या प्रकरणका दोषीमाथि कारबाही नभएसम्म संसद् चल्न दिँदैनौं, छुवाछुत र सबै प्रकारका सामाजिक विभेदविरुद्ध प्रभावकारी कार्य नभएसम्म संसद् चल्न दिँदैनौं, कृषि क्षेत्रका तमाम समस्या हल नभएसम्म संसद् अवरुद्ध गर्छौं, गुणस्तरीय शिक्षा र स्वास्थ्य सुबिधा उपलब्ध गराउने दिशामा काम नभएसम्म संसद् खुल्न दिँदैनौं, बर्सेनि हुने डुबान समस्या हल गर्ने काम-कारबाही अघि नबढेसम्म संसद् चल्न दिँदैनौं, सबै प्रकारका सीमा समस्या हल गर्न अघि नबढेसम्म संसद् चल्न दिँदैनौं, बढ्दो व्यापार घाटा कम गर्न उचित कदम नचालेसम्म संसद चल्न दिँदैनौं भनेर चाहिँ किन रोस्ट्रम घेर्ने हाम्रा दल र माननीयहरू सक्दैनन् ?

● **रामकृष्ण पराजुली**, लामोसाँघु, सिन्धुपाल्चोक
rakipali2025@gmail.com

## फोहोर वर्गीकरण किन हुन सकेन ?

काठमाडौं महानगरपालिकाले गत वर्षदेखि नै घरघरबाटै कुहिने र नकुहिने गरी फोहोर वर्गीकरण गर्ने र अलग-अलग संकलन गर्ने घोषणा गरेको थियो। साथै, उसले संकलित कुहिने फोहोरबाट कम्पोस्ट मल उत्पादन गरी बिक्री वितरण गर्नेसमेत योजना अघि सारेको थियो। तर, अहिलेसम्म यो फोहोर वर्गीकरण हुन सकेको छैन। महानगर आफैं आफ्नो योजनाबाट पछि हटिरहेको छ। आखिर किन महानगर आफैं पछि हटिरहेको छ ?

● **सुन्तली नकर्मी**
ताहाचल, काठमाडौं

## पीडितको उद्धारमा ध्यान देऊ

देशभर बाढी र पहिरोले ठूलो धनजनको नष्ट गरेको छ। यस क्रममा कैयौंले आफ्नो ज्यान गुमाएका छन् भने कैयौंको घरवास गुमेको छ। कैयौंको खेतीयोग्य जमिन नष्ट भएको छ भने कैयौंको पशुचौपायामा क्षति भएको छ। यस्तो अवस्थामा कैयौं पीडित विचल्लीमा परेका छन्। उनीहरूलाई उद्धार, सुरक्षित बसोवास, खानपिन र लत्ताकपडा आदिको ठूलो खाँचो छ। यसमा सरोकारवाला सबैको अविलम्ब ध्यान जानु जरुरी छ।

● **तुलबहादुर बम्जन**
कोटेश्वर, काठमाडौं

## संसद्मा बार्गेनिङ नगर

मंगलबार केहीछिनलाई खोलिएको संसद्मा प्रतिपक्षी पार्टीका सांसद रवि लामिछानेले सैद्धान्तिक हिसाबले एमाले संसद्को प्रमुख प्रतिपक्षी पार्टीबाट च्यूत भएको गम्भीर आरोप लगाएका छन्।

एमालले संसद्लाई मात्र बन्धक नबनाई देशैलाई बन्धक बनाइरहेको छ। रविले यो संसद्लाई बन्धक बनाउने काम केका लागि गर्रिदै छ भन्ने प्रश्नसमेत उठाए। संसद्लाई बार्गेनिङ गर्ने थलो बनाउनु कसैको हितमा नभएको बताउँदै उनले संसद् अवरुद्ध गरेर एमालेले तीन संसदीय समितिको नेतृत्वमा बार्गेनिङ गरेको, संवैधानिक पदहरूमा भागबन्डामा रुमल्लिएको हुँदा सैद्धान्तिक हिसाबले एमाले प्रमुख प्रतिपक्ष हुन नसक्ने बताए। साथै, उनले अबका दिनमा आफ्नो पार्टी नै प्रमुख प्रतिपक्षी घोषित हुनुपर्ने दाबी गरे।

संसद्मा जनताका जल्दाबल्दा समस्यामाथि विमर्श गरिन्छ। तर, विचार विमर्श गर्ने नदिने, सधैं अवरुद्ध मात्र गरिरहने काम किमार्थ उचित होइन। तर, यही उचित नभएको काम भने प्रमुख प्रतिपक्षी पार्टी बनेको एमालेले बारम्बार गरेर संसदीय व्यवस्थाकै खिल्ली उडाइरहेको छ। आखिर किन एमालेले सधैं यस्तो गरिरहेको छ ?

● **गोपाल देवकोटा**, गोकर्णेश्वर-८, काठमाडौं
gopaldevkota@gmail.com

---

# चीनमा अमेरिकी लगानी रोक्नु आत्मघाती खेल

## अमेरिकाले एकको मूल्यमा अर्कोको नाफाको आकांक्षा राख्छ, जसमा उसलाई मात्र फाइदा होस् र चीनलाई घाटा लागोस्

देश/विदेश

धेरै विश्व समाचार स्रोतअनुसार अमेरिकी सरकार 'अभूतपूर्व' भनिने नियम लागू गर्न तयार छ। यसअन्तर्गत चीनमा अमेरिकी लगानीलाई घटाइनेछ। यो योजना झन्डै दुई वर्षदेखि बनिरहेको थियो र एक वर्षभन्दा बढी समयदेखि जनतामाझ प्रचार गरिएको थियो। वासिंटनमा लामो समयसम्म बहसमा रहेको यस योजनाले अन्ततः भुइँ टेकेको छ। यस अवधिमा वासिंटनले चीन-अमेरिका सम्बन्धमा क्षति पुऱ्याएको छ, जहाँ दुई मुलुकबीचको सामान्य आर्थिक सहयोगको वातावरणलाई पनि खलल पुगेको छ, अर्थात् सम्बन्ध चिसिएको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले एक कार्यकारी आदेश जारी गरेर सेमीकन्डक्टर, क्वान्टम कम्प्युटिङ र आर्टिफिसियल इन्टेलिजेन्सलाई समावेश गर्ने तीन प्रविधि क्षेत्रमा चीनमा अमेरिकी प्रत्यक्ष लगानीलाई सीमित गर्नेछन् वा प्रतिबन्ध गर्नेछन् भन्ने खुलासा भएको छ। बाइडेन प्रशासनका वरिष्ठ अधिकारीले महिनौंदेखि प्रतिबन्ध 'सीमित' हुनेछन्, किनभने 'फराकिलो पार्ने कुराले अमेरिकी मजदुर र अर्थतन्त्रलाई चोट पुऱ्याउने' बताउँदै आएका छन्।

अधिकारीले यी प्रतिबन्ध 'बेइजिङले भन्ने गरेको 'प्रविधि नाकाबन्दी' होइन' भन्दै अमेरिकी नियमन 'राष्ट्रिय सुरक्षा'का मामिलामा मात्रै हुने बताएका छन्। संक्षेपमा अधिकारी यी प्रतिबन्ध अमेरिकी जनमतले अनुमान गरेजस्तो तीव्र हुनेछैन भन्ने संकेत दिन्छन्, अर्थात् अमेरिकाले आफ्नो नीतिलाई केही नरम पारेको छ।

जसरी यो योजना पेस गर्न धेरै समय लाग्यो, यसले योजनाबारे अमेरिकामा केही बहस भएको संकेत गर्छ। योजना अन्त्य नभएको तथ्यले वासिंटनमा चीन नियन्त्रण र दमन गर्ने नीति लिनेहरूको हालीमुहाली देख्न सकिन्छ। वासिंटनका अधिकारीले यसले 'चीनसँगको वैधानिक व्यापारलाई क्षति पुऱ्याउँदैन' भन्दै अमेरिकाको घरेलु चिन्ता न्यूनीकरण गर्ने प्रयास गरेका छन्। तथापि अधिकारीको आश्वासनले यी प्रतिबन्धको सार वा नकारात्मक प्रभावलाई परिवर्तन गर्दैन। प्रतिबन्धका समाचार बाहिर आएपछि अमेरिकामा उल्लेख्य रूपमा शंका, चिन्ता र विरोध भएका छन् र यो समयसँगै बलियो हुँदै गएको छ।




चित्र : चेन जिया/ग्लोबल टाइम्स

अमेरिकी सरकारले चीनलाई लक्षित गरी आफ्नो निर्यात र लगानीसम्बन्धी नियमलाई निरन्तर सुदृढ गर्दै आएको छ। यसले स्थापित विश्वव्यापी आर्थिक र व्यापारिक लगानीको मापदण्डलाई अवरुद्ध मात्र नगरी यसले अमेरिकाको आर्थिक हितमा पनि थप क्षति पुऱ्याउँछ। यो अवस्थामा वासिंटनले अलोकप्रिय प्रहार गरेको छ, विशेषतः अमेरिकी व्यापार समुदायभित्र। भूराजनीति, सुरक्षा सरोकार र विचारधाराले चीनप्रति अमेरिकाको आर्थिक र व्यापारिक दृष्टिकोणलाई प्रभाव पारेको छ।

वासिंटनले व्यापारी समुदायलाई केही हदसम्म शान्त पार्न सानो प्रयास गरिरहेको छ, यसले सन्तुलित चीन नीतिमा फर्किने संकेत गर्दैन। अमेरिकी व्यापारीले नाफा कमाउन चीनमा लगानी गर्छन् र चीन-अमेरिकी आर्थिक र व्यापारिक सम्बन्धले सामान्यतया दुवै देशलाई फाइदा पुऱ्याउँछ। वासिंटनका कदमले वासिंटनले चीनले भन्दा बढी नाफा कमाइरहेका क्षेत्रमा मात्रै आक्रमण गरेको छैन। वासिंटनले आफूले बढी नाफा कमाइरहेको क्षेत्रमा पनि आक्रमण गरिरहेको छ। वास्तवमा अमेरिका एकको मूल्यमा अर्कोको नाफा (जिरोसम) को आकांक्षा राख्छ, जसमा अमेरिकालाई मात्र फाइदा होस् र चीनलाई घाटा लागोस् भन्ने चाहन्छ, तर यो सम्भव छैन। यदि कसैलाई अमेरिकी 'लगानी प्रतिबन्ध'ले चीनको उच्च-प्रविधिको विकासलाई सीमित पार्न वा रोक्न सकिन्छ भन्ने लाग्छ भने ती केवल अत्यधिक आडम्बरी हुन् भन्न सकिन्छ। उन्नत सेमीकन्डक्टर, क्वान्टम कम्प्युटिङ र आर्टिफिसियल इन्टेलिजेन्स मानवताका तीन उच्च प्रविधिका प्रतिनिधि हुन् र यसमा अग्रणी रहेको अमेरिका चीनदेखि त्रसित छ। 'लगानी प्रतिबन्ध'को थोरबहुत प्रभाव पनि कमजोर हुँदै गइरहेको छ। वास्तवमा उन्नत प्रविधिमा हामी अन्यमा निर्भर थिएनौं र सदैव स्वतन्त्र नवप्रवर्तनमा प्रतिबद्ध छौं। चीनमाथिको अमेरिकी बन्देजले हामीलाई स्वतन्त्र नवप्रवर्तनका लागि थप प्रोत्साहित गर्नेछ र बाह्य विश्वमा हाम्रो थप प्रचार गर्नेछ।

'लगानी प्रतिबन्ध'को सबैभन्दा ठूलो र प्रत्यक्ष असर चिनियाँ बजारमा लगानी गर्न लालायित अमेरिकी लगानीकर्तामाथि परेको छ। यी जोखिमपूर्ण प्रतिबन्धले चीन अमेरिकाबीचको सामान्य लगानीपूर्ण र व्यापारिक सम्बन्धलाई संकटमा पार्नेछ। यसबाहेक चीनमा लगानी गर्ने अमेरिकी लगानीकर्तामाथि मनोवैज्ञानिक त्रास थप्नेछ। केही चिरपरिचित लगानीकर्ताले जोखिमलाई न्यूनीकरण गर्न 'विभाजन'को रणनीति अपनाउन थालिसकेका छन्।

केही समययता अमेरिकी सरकारले आफूलाई थप सुरक्षित बनाउने सोचसहित 'सानो आँगन र अग्लो बार'को मानसिकताअन्तर्गत 'प्राविधिक किल्ला'लाई निरन्तर निर्माण गरिरहेको छ। तर, उसले विस्तार गरिरहेको 'राष्ट्रिय सुरक्षाको' रणनीतिले वास्तवमा अमेरिकाले आफूलाई 'बाँधिएको पोखरी' बनाइरहेको छ।

अमेरिकाको लगानी प्रतिबन्धले चीनको प्राविधिक नवप्रवर्तनमा खासै ठूलो क्षति पुऱ्याउनेछैन। अमेरिकी सरकारको 'अभूतपूर्व नियमबाट अमेरिकी लगानीलाई सीमित गर्ने नियम'ले केही चिनियाँ कम्पनीका सम्भावित अवसरमा रोक लगाउन सक्छ। तर, यति भन्दै गर्दा यी कम्पनीले वासिंटनका अत्याचारी भित्तामा अडेस लाउन हुँदैन भन्ने पाठ सिक्नेछन्।

मुलुकको विकासका लागि उच्च प्राविधिक क्षेत्र अत्यावश्यक छ। र, यसले हालको युगको स्वाभाविक अन्तरसम्बन्ध खोज्छ। एक मुलुकले प्राविधिक क्षेत्रको शोध-अनुसन्धानमा अगाडि पनि बढाउन चाहन्छ र आफूलाई अलगावमा राख्नु यथार्थसंगत देखिँदैन। प्रविधिको भविष्य ती मुलुकमा छ, जसले विश्वलाई उदारतासाथ हेर्छ। यदि अमेरिका यो कुरा बुझ्दैन भने ऊ चीनलाई 'उछिन्ने' लक्ष्यबाट धेरै टाढा पुग्नेछ।

*(ग्लोबल टाइम्सको २५ साउनको सम्पादकीयबाट)*

---

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

# के हो पुँजीवादी लोकतन्त्रको अन्तिम गन्तव्य ?

## अहिलेसम्म सामन्तवादलाई उन्मूलन गर्ने र पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्ने दुइटा ऐतिहासिक लक्ष्य प्राप्त भइसकेको छ



● झलनाथ खनाल

अहिलेसम्मको संघर्ष र रूपान्तरणको क्रममा सामन्तवादलाई उन्मूलन गर्ने र पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्ने दुइटा लक्ष्यलाई हामीले सफलतापूर्वक पूरा गरेका छौं । जहाँसम्म साम्राज्यवाद, प्रभुत्ववाद, उपनिवेशवादबाट नेपाल राष्ट्रलाई स्वतन्त्र र मुक्त बनाउने सवाल छ, त्यसनिमित्त संघर्ष जारी छ । जनवादी क्रान्तिकालमा हामी मुलुकलाई अर्ध-उपनिवेश भनेर विश्लेषण गथ्यौं । अहिले हामी स्वतन्त्र, सार्वभौम र क्षेत्रीय अखण्डताले युक्त मुलुक भन्छौं । तर, साम्राज्यवाद, प्रभुत्ववाद र नवउपनिवेशवादविरुद्धको संघर्ष जारी छ र जारी राख्नुपर्छ ।

उनीहरू अहिले पनि नेपालमा राजनीतिक रूपले हस्तक्षेप गर्ने, नेपालमा आफ्ना लबी तयार पार्ने, ती लबीमार्फत सरकारलाई आफ्नो हितअनुरूप चल्न दबाब दिने र सूक्ष्म व्यवस्थापन गर्ने प्रयत्न गरिरहेका छन् । त्यसरी नै आर्थिक रूपले पनि नेपाललाई सहयोग गरेको देखाउने, हतियार दिने, तिनका पार्टपुर्जा आफूसँग किन्न बाध्य पार्ने काम गर्दै नेपालको सेनालाई समेत आफ्नो स्वार्थअनुसार चलाउन खोज्ने प्रयत्न गरिरहेका छन् । ती एसपिपी र एमसिसीजस्ता सम्झौताहरू गराउने र नेपाली सेनालाई इन्डो-प्यासिफिक कमान्डको मातहत पुऱ्याउने प्रयत्नमा समेत लागिरहेका छन् । त्यसरी नै आर्थिक रूपले पनि व्यापक घुसपैठ गरिरहेका छन् ।

उनीहरू नेपाललाई सहयोग गरेको नाउँमा आफ्ना लबीहरूलाई बलियो बनाउने काम गरिरहेका छन् । हामी देखिरहेका छौं, उनीहरू नागरिक समाजलाई सुदृढ गर्ने, मानवअधिकारलाई सुदृढ गर्ने र मिडियालाई बलियो बनाउने नाउँमा करोडौं र अर्बौं रुपैयाँ यी क्षेत्रका आफ्ना दलाललाई पोषण गर्ने काममा खर्च गरिरहेका छन् र तीमार्फत नेपालमा कम्युनिस्टविरोधी प्रचार गर्ने र चीनविरोधी तत्त्वलाई उकास्ने काम पनि गरिरहेका छन् । त्यसरी सिर्जना गरिएका दलालमार्फत उनीहरूले कहिले 'चीनले नेपालको सिमानामा अतिक्रमण गऱ्यो' भन्ने र कहिले 'चीनमा मुस्लिमहरूलाई दमन गरिएको छ' भनेर नेपालमा दुई-चारजना जम्मा गरेर चीनविरोधी प्रदर्शन गर्ने काम पनि गर्दै आएका छन् । यसरी उनीहरू नेपाल र चीनबीच असमझदारी बढाउन र त्यसबाट फाइदा उठाउने आफ्ना कलुषित उद्देश्य पूरा गर्न खोज्छन् । त्यति मात्र होइन, साम्राज्यवादी र प्रभुत्ववादीहरू नेपालमा सांस्कृतिक अतिक्रमण पनि गरिरहेका छन् । एकातिर पश्चिमा साम्राज्यवादी नेपालमा क्रिस्चियनिजमलाई फैलाउन टाउको टेकेर लागेका छन् । केही समयअघि अमेरिकाको विदेश मन्त्रालयले एउटा 'धार्मिक स्वतन्त्रता'सम्बन्धी प्रतिवेदन प्रकाशित गरेर 'नेपालमा क्रिस्चियनहरूलाई भेदभाव गरेको' आरोप लगाउँदै नेपालमा धार्मिक द्वन्द्व चर्काउने प्रयास गर्न पुग्यो । त्यसरी नै छिमेकी देशका कथित हिन्दूवादीहरू 'नेपाललाई हिन्दूराज्य बनाउने' घोर आपत्तिजनक नारा उराल्दै उनीहरूका नेपाली गुमास्ताहरूलाई विभिन्न ढंगले प्रयोग गरिरहेका छन् ।

स्वाभाविक रूपले हामीले जनवादी क्रान्तिका कालदेखि नै सामाज्यवादी र प्रभुत्ववादी शक्तिले नेपालविरुद्ध सुरु गरेको राजनीतिक, आर्थिक, सैनिक, सांस्कृतिक र अन्य सबै हस्तक्षेप, दबाब र नियन्त्रणविरुद्धको संघर्षलाई दृढतापूर्वक जारी राख्नुपर्छ । उनीहरूले गरिरहेका नयाँ-नयाँ हर्कतको विरोध र भण्डाफोर गर्नुपर्छ । नेपाली जनताको राष्ट्रिय स्वतन्त्रता, सार्वभौमसत्ता तथा राष्ट्रिय अखण्डताको संघर्षलाई हरमूल्यमा जारी राख्नुपर्छ । जबसम्म यस्ता हर्कत अन्त्य हुँदैनन्, तबसम्म हाम्रो संघर्ष जारी रहनेछ ।

त्यसरी नै हामीले नयाँ जनवादी क्रान्तिको थालनीदेखि नै दलाल नोकरशाही पुँजीवादविरुद्ध पनि निरन्तर संघर्ष गर्दै आएका छौं । त्यसले नै नेपाली समाजमा राष्ट्रिय पुँजीवादको विकास र विस्तारलाई सुरुदेखि रोक्ने र अवरोध खडा गर्ने कार्य गर्दै आएको छ । जब मुलुक एकीकृत भयो, त्यसवेलादेखि नै नेपाली समाजमा राष्ट्रिय पुँजीवादको विकास अर्थात् राष्ट्रिय उद्योगधन्दाको विकासका आधार तयार भएका थिए र त्यसका अंकुरण पलाइरहेका थिए । तर, सामन्तवादका साथसाथै उपनिवेशवादसमेतको बोझ र बाधा थपिएकाले राष्ट्रिय पुँजीवादको विकास लामो समय हुन पाएन । आखिर दोस्रो विश्वयुद्धको पूर्वघडीतिर आएर मात्र नेपालमा दलाल-नोकरशाही पुँजीपतिहरूको नेतृत्वमा आधुनिक उद्योगधन्दाहरूको विकासको सामान्य थालनी भयो । ००७ सालको परिवर्तनपछि त्यसले केही गति प्राप्त गऱ्यो । तर, त्यो सामान्तवादको सहयोगी र साम्राज्यवादको प्रतिनिधि मात्र भएर लामो समय रह्यो । पञ्चायतकालभर दलाल-नोकरशाही पुँजीवादको भूमिका त्यत्तिकैमा सीमित भयो ।

०४६ सालको परिवर्तनपछि दलाल नोकरशाही पुँजीवादको प्रभाव निकै ठूलो मात्रामा विस्तार भयो । त्यसले अर्थतन्त्रका विभिन्न क्षेत्र, व्यापारिक क्षेत्र र प्रशासनलाई व्यापक रूपले आफ्नो प्रभावमा पार्दै लग्यो । यो कालमा राष्ट्रिय पुँजीको पनि एक हदसम्म विकास हुँदै गयो । अर्थतन्त्रमा पुँजीवादी उत्पादन सम्बन्ध देशव्यापी रूपमा विस्तार गर्दै गयो । सामन्तवाद जति खुम्चिँदै गयो, त्यति नै अर्थतन्त्रमा दलाल पुँजीवाद विस्तार हुँदै गयो ।

आखिर ०५० को दशकमा पुगेपछि सामन्तवाद अर्थतन्त्रमा धेरै नै कमजोर हुँदै गयो । माओवादी जनयुद्धले ग्रामीण क्षेत्रमा रहेको सामन्तवादलाई अझ धेरै कमजोर बनाइदियो । तर, त्यसको विस्थापनमा राष्ट्रिय पुँजीवादको विकास हुन सकेन । बरु दलाल पुँजीवाद हाबी हुँदै गयो । दलाल पुँजीवाद सुस्मा सामन्तवादको मूलतः सहयोगी भएर विकसित हुँदै आएको भए पनि सामन्तवाद र त्यसको अधिसंरचनासँग दलाल पुँजीवादको पनि अन्तर्विरोध छँदै थियो । त्यो आफ्नै गतिले विकसित भइरहेको थियो ।

जब ज्ञानेन्द्र शाहले १९ माघ घटाए, तब समस्त वामपन्थी क्रान्तिकारी शक्ति, लोकतान्त्रिक शक्ति, देशभक्त शक्ति, ज्ञानेन्द्र तानाशाहीविरुद्ध पूर्ण प्रजातन्त्र (गणतन्त्र)को नारा लिएर संयुक्त संघर्षमा उत्रिए । त्यसवेला स्वयं दलाल नोकरशाही पुँजीवाद र त्यसलाई प्रतिनिधित्व गर्ने मुख्य शक्ति पनि राजतन्त्रविरुद्ध संघर्षको मैदानमा उत्रिए । परिणामस्वरूप ०६२-०६३ को पुँजीवादी जनवादी क्रान्ति सम्पन्न भयो । सामन्तवाद र त्यसको अधिसंरचनासमेत अन्त्य भयो र संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना भयो । यो नेपालको पुँजीवादी जनवादी क्रान्ति हो ।

यो क्रान्तिमा श्रमजीवी वर्ग र पुँजीपति वर्ग दुवै संयुक्त रूपले सहभागी भए र दुवैले क्रान्तिलाई नेतृत्व गरे । त्यसले गर्दा क्रान्तिका फलमा श्रमिक वर्गले आमजनताको प्रतिनिधित्व गर्दै नियन्त्रण गर्न र समाजलाई सरासर समाजवादी रूपान्तरणतिर लान सम्भव भएन । हामीले क्रान्तिपछिको संक्रमणकालमा सम्झौताको बाटो हिँड्न पऱ्यो । जब संविधान बनाउने र शान्ति-प्रक्रियालाई मूलभूत रूपले टुंग्याउने काम भयो । तब संक्रमणकाल पनि सकियो । हामीले पुँजीवादी जनवादी क्रान्तिका उपलब्धिलाई संस्थागत गर्ने र संविधानमा निश्चित हदसम्म समाजवादी पक्षलाई पनि समावेश गर्ने काम अवश्य गऱ्यौं । तर, मुलुकमा पुँजीवादी जनवादी क्रान्तिपछि पुँजीवादी संसदीय लोकतन्त्र स्थापना भयो र समग्र सामाजिक-आर्थिक जीवनमा दलाल पुँजीवाद हाबी हुने स्थिति तयार भयो । यसरी वर्तमान नेपाली समाजको राजनीतिमा, प्रशासनमा, अर्थतन्त्रमा व्यापार र विनिमय तथा वित्तीय क्षेत्रमा दलाल पुँजीवाद हाबी भएको स्थिति आजको वास्तविकता हो । स्वाभाविक रूपले दलाल पुँजीवाद आज समाजवादी क्रान्तिको तारो बन्न पुगेको छ । यो दलाल पुँजीवादलाई नेपाली समाजवादी क्रान्ति र रूपान्तरणले मात्र उन्मूलन गर्न सक्छ । पार्टी स्थापनाको यो लक्ष्यलाई पूरा गर्न बाँकी नै छ ।




> ०४६ सालको परिवर्तनपछि दलाल नोकरशाही पुँजीवादको प्रभाव निकै ठूलो मात्रामा विस्तार भयो । त्यसले अर्थतन्त्रका विभिन्न क्षेत्र, व्यापारिक क्षेत्र र प्रशासनलाई व्यापक रूपले आफ्नो प्रभावमा पार्दै लग्यो । यो समयमा राष्ट्रिय पुँजीको पनि एक हदसम्म विकास हुँदै गयो ।

यसरी अहिलेसम्मको सामाजिक-आर्थिक रूपान्तरणको महायात्रामा अघि बढ्ने क्रममा हामीले नेपाली क्रान्तिको पहिलो चरणलाई पुँजीवादी जनवादी क्रान्तिको चरणलाई पार गरेका छौं । यो चरणलाई पार गर्दा हामीले हाम्रो देशका विशिष्ट स्थिति अनुरूपको विशिष्ट नेपाली बाटोबाट पार गरेका छौं । यस अर्थमा हामीले पार्टी स्थापनाका ध्येय-उद्देश्यमध्ये नेपाली क्रान्तिको न्यूनतम लक्ष्यलाई पूरा गरेका छौं । यो एउटा ऐतिहासिक उपलब्धि हो । तर, जुन बिन्दुमा हामीले पुँजीवादी जनवादी क्रान्तिको प्रक्रियालाई टुंग्याएका छौं, ठिक त्यही बिन्दुदेखि हाम्रो देशमा समाजवादी क्रान्ति र रूपान्तरणको उच्चस्तरको ऐतिहासिक क्रान्तिकारी प्रक्रियाको सुरुवात भएको छ । यो नेपाली क्रान्तिको सामान्य नियम हो । यस नियमलाई देख्न नसक्नु अज्ञानताको कुरा हो वा मार्क्सवादी ऐतिहासिक भौतिकवादी परिवर्तनको नियमलाई अस्वीकार गर्नु जस्तै हो । नेपालका सचेत कम्युनिस्टले यो सच्चाइलाई वा नियमलाई गहिरो गरी बुझ्नुपर्छ र गौरवशाली नेपाल र नेपाली जनतालाई वैज्ञानिक समाजवादको दिशामा अघि बढाउन संकल्पबद्ध भएर अघि बढ्नुपर्छ । यतिवेला नेपालका सबै क्रान्तिकारी कम्युनिस्टहरूको यो पहिलो र प्राथमिक महत्त्वको कर्तव्य हो ।

०६२-०६३ को क्रान्तिले जुन सामाजिक-आर्थिक ढाँचाको स्थापना गरेको छ, त्यो पुँजीवादी समाजिक आर्थिक ढाँचा हो । त्यो क्रान्तिले जुन लोकतन्त्रको स्थापना गरेको छ, त्यो पुँजीवादी लोकतन्त्र हो । विश्वभर नै र हाम्रो देशमा पनि विकसित तथा स्थापित भएका संसदीय लोकतन्त्रहरू सबै नै पुँजीवादी लोकतन्त्र हुन् । हामी नेपालका कम्युनिस्टहरू आफैंसमेत लागेर स्थापना भएको आजको 'सुधारिएको संसदीय लोकतन्त्र' पनि पुँजीवादी लोकतन्त्र नै हो । मार्क्सवादीहरूले वर्गीय समाजमा उत्पन्न हुने र विकास गर्ने सबै चिन्तन, विचार, दर्शन, व्यवस्था, तन्त्र, लोकतन्त्र, पार्टी, संगठन सबैको वर्गचरित्र हुन्छ भन्ने कुरा भुल्नु हुदैन । आज हामीले स्थापना गरेको लोकतन्त्रलाई सुधारिएको संसदीय व्यवस्था, जनताको संसदीय व्यवस्था, बहुदलीय लोकतन्त्र, बहुदलीय जनवाद वा जनताको बहुदलीय जनवाद वा सम्पूर्ण लोकतन्त्रलगायत जस्ता नाम दिए पनि हुन्छ । ती नाम जतिसुकै रंगीचंगी र सुन्दर राख्न खोजे पनि आजको लोकतन्त्र भनेको पुँजीवादी लोकतन्त्र नै हो । यसको वर्गचरित्र पुँजीवादी हो । यो अन्तिम विश्लेषणमा पुँजीपति वर्गको लोकतन्त्र हो ।

यो पुँजीवादी लोकतन्त्रले शोषणलाई अन्त्य गर्न सक्दैन, एक वर्गले अर्को वर्गलाई गर्ने अन्याय र अत्याचारलाई अन्त्य गर्न सक्दैन । यसले जनतालाई समानताको हक दिन सक्दैन । यसले नेपाली समाजमा विद्यमान जातीय धार्मिक र सांस्कृतिक विभेदलाई अन्त्य गर्न पनि सक्दैन । यसले भ्रष्टाचारलाई अन्त्य गर्न सक्दैन । यसले साम्राज्यवाद र प्रभुत्ववादबाट देशलाई स्वतन्त्र र मुक्त बनाउन पनि सक्दैन । यसले पारदर्शी ढंगले विकास निर्माण पनि गर्न सक्दैन । यसले शोषणका अधिकारलाई सुरक्षित गर्छ । यसले पुँजीपति वर्गलाई शोषण र भ्रष्टाचार गरेर जति पनि सम्पत्ति केन्द्रीकरण गर्ने अधिकार दिन्छ । यसले मुठीभरका पुँजीपति र धनकुबेरहरूका हातमा सारा सम्पत्ति केन्द्रीकरण गर्न अनुमति दिन्छ र आमजनतालाई गरिबीको रेखामुनि खसाल्छ । यसले भयानक ढंगले आम्दानीको खाडल बढाउँदै लान्छ । त्यसैले मुलुकमा पुँजीवादी व्यवस्था स्थापना भएको छोटो अवधिमा मुलुकमा चौतर्फी संकट बढ्दै गएका छन् । ती संकट अझ गहिरिँदै जान्छन् र समाजवादी क्रान्तिका निम्ति वस्तुगत आधार झन्-झन् गहिरो बन्दै जान्छ । यो समाज विकासको र क्रान्तिको विकासको पनि नियम नै हो ।

पुँजीवादी लोकतन्त्रले आवधिक निर्वाचन गराउँछ । सत्ता परिवर्तन भइरहेको पनि देखाउँछ । जनताको निर्वाचनबाट सरकार बनेको पनि देखाउँछ । तर, प्रत्येक निर्वाचनमा प्रथमतः पैसाको मात्र महत्त्व हुन्छ, जोसँग पैसा छ, उसैले चुनाव जित्छ । दोस्रो, पैसावालाले व्यापक रूपले झुट प्रचार गर्न सक्छ । तत्कालीन प्रचारले जनताको दिमागमा भ्रम हाल्ने काम गर्छ र सेतोलाई कालो तथा कालोलाई सेतो परिणाम निकाल्ने बनाउँछ । तेस्रो, पैसाकै बलमा पुँजीवादी शक्तिले मसलको प्रयोग गर्छ । विभिन्न प्रकारका गुन्डागर्दी गराउँछ र प्रभाव एउटाको भए पनि परिणाम अर्कैको बनाइदिन्छ । चौथो, पैसाकै बलले त्यसले मतदातालाई गुप्त रूपले खरिद-बिक्री गराउँछ । जनताको गरिबीबाट फाइदा उठाउँछ । पाँचौं, पैसाकै बलले त्यसले कर्मचारी र सुरक्षालाई पनि किन्छ । परिणामको दृष्टिले आकाशलाई पाताल र पातललाई आकाश बनाइदिन्छ । यसरी पुँजीवादी लोकतन्त्रमा पुँजीले सबै कुराको निर्णय गर्छ । त्यसैले यो पुँजीवादी लोकतन्त्र सारतः पुँजीवादी अधिनायकत्वबाहेक केही होइन । यस्ता कुराको व्यापक भण्डाफोर नगरी र त्यस्ता प्रवृत्तिविरुद्ध जनतालाई गोलबद्ध नगरी समाजवादी क्रान्तिकारीले चुनाव जितसमेत कठिन हुन्छ । त्यसैले हाम्रो पार्टीको स्थापना उद्देश्यमा हामीले जनवादबाट अघि बढेर समाजवाद र साम्यवादमा पुग्ने कुरा घोषित गरेका छौं । पुँजीवादी लोकतन्त्र अन्तिम गन्तव्य होइन । त्यो हाम्रो न्यूनतम गन्तव्यचाहिँ हो । त्यो हामीले प्राप्त गरिसक्यौं । यो न्यूनतम लक्ष्य प्राप्त नगरी अधिकतम लक्ष्यमा पुग्न सकिँदैनथ्यो । हाम्रो जस्तो देशको क्रान्तिमा पुँजीवादी लोकतन्त्र भनेको समाजवादमा पुग्ने अनिवार्य सिँढी हो । त्यसैले हामीले पुँजीवादी लोकतन्त्रलाई अधिकतम रूपमा क्रान्तिकारी ढंगले उपयोग गर्दै अघि बढ्नुपर्छ ।

के यो लोकतन्त्रले हामीलाई केही पनि दिएको छैन ? होइन, यो लोकतन्त्रले आमजनतालाई बोल्ने, लेख्ने, प्रकाशन गर्ने, सभा गर्ने, संगठन बनाउने, विचारको आधारमा संगठित हुने, आलोचना गर्ने, पार्टी खोल्ने, निर्वाचनमा भाग लिने, बहुमत ल्याएमा सरकार बनाउने, गठबन्धन गरेर पनि बहुमत बनाएर सरकार बनाउने, संसद्मा बहुमतका आधारमा कानुन बनाउनेजस्ता अधिकार दिएको छ ।

यी पुँजीवादी अधिकारलाई समाजवादी क्रान्तिकारीले भरपूर रूपमा उपयोग गर्नुपर्छ । ती अधिकारको प्रयोग गरेर नै हामीले मार्क्सवाद-लेनिनवादको वैज्ञानिक मार्गदर्शनमा श्रमजीवी जनताको अग्रदूत कम्युनिस्ट पार्टीको निर्माणलाई तीव्र बनाउनुपर्छ । सही वैचारिक राजनीतिक कार्यदिशा, नीति र सिद्धान्तका आधारमा पार्टीलाई वर्ग आधारित, जनआधारित र देशव्यापी बनाउनुपर्छ । पार्टीका वरिपरि वर्गीय संगठनको व्यापक राष्ट्रव्यापी सञ्जाल बनाउनुपर्छ । समाजको प्रधान अन्तर्विरोध र प्रधान प्रतिद्वन्द्वीलाई ठिक ढंगले ठम्याउन हरबखत कठोर प्रयत्न गर्नुपर्छ । जहिलेसुकै पनि पार्टीले आफ्ना प्रचार, संगठन र संघर्षका कामलाई लक्ष्यकेन्द्रित गरी अघि बढाउनुपर्छ । पार्टीको नेतृत्वमा सबै वर्ग र तहका जनताको व्यापक वर्गीय संयुक्त मोर्चा निर्माणलाई प्राथमिकता दिएर अघि बढाउनुपर्छ । खास वेलामा प्रधान प्रतिद्वन्द्वीविरुद्ध वा प्रधान निसानाविरुद्ध विभिन्न प्रकारका राजनीतिक गठबन्धन, कार्यगत एकता वा राजनीतिक संयुक्त मोर्चा पनि बनाउन सकिन्छ । ताकि प्रधान प्रतिद्वन्द्वीविरुद्ध सबै शक्तिलाई गोलबन्ध गर्न सकियोस् । यस्तो नीतिगत र वैचारिक राजनीतिक मोर्चाबन्दीका साथमा प्रधान प्रतिद्वन्द्वीविरुद्ध विभिन्न वर्ग, तह, समुदाय र क्षेत्रका जनताका बहुआयामिक संघर्षलाई जोडदार रूपले अघि बढाउनुपर्छ । यसरी जनताका शोषण, उत्पीडन र विभेदविरोधी संघर्ष, भ्रष्टचार, बेथिति र कुशासनविरोधी संघर्ष र राष्ट्रिय उत्पीडन तथा हस्तक्षेपविरोधी संघर्षलाई योजनाबद्ध रूपले अघि बढाउनुपर्छ । ती संघर्षलाई संसद् भित्र र बाहिरबाट तथा माथि र तलबाट कुशल संयोजनका साथ अघि बढाउनुपर्छ । तब मात्र यसले नेपाली जनताको क्रान्तिकारी चेतना, संगठन र शक्ति राष्ट्रव्यापी रूपमा विकास गर्दै जान्छ ।

हामी स्थानीय र राष्ट्रिय जनप्रतिनिधि संस्थाहरूमा जनताको दख्खल बढाउँदै लान सक्छौं । त्यो नवीन चेतना, संगठन र संघर्षले मुलुकमा समाजवादी क्रान्ति र रूपान्तरणका निम्ति वस्तुगत र आत्मगत शक्तिको निर्माण हुँदै जान्छ । तब नै हाम्रो यो प्रिय र सुन्दर मुलुक नेपाल एउटा सभ्य, सुसंस्कृत, उज्यालो, लोकतान्त्रिक र समृद्ध समाजवादी नेपालमा विकसित र रूपान्तरित हुनेछ र हामी अनन्त विकास र रूपान्तरणको मार्गबाट अघि बढ्दै वैज्ञानिक साम्यवादको दिशामा अघि बढ्नेछौं ।

अन्तमा, यी पार्टी स्थापनाका दूरगामी ऐतिहासिक लक्ष्य हुन् । यी लक्ष्य प्राप्त गर्ने हाम्रो क्रान्तिकारी महायात्रा अहिले ७५ वर्षमा प्रवेश गरेको छ । अहिलेसम्म सामन्तवादलाई उन्मूलन गर्ने र पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्ने दुइटा ऐतिहासिक लक्ष्य प्राप्त भैसकेको छ । साम्राज्यवाद र प्रभुत्ववादका हस्तक्षेप र घुसपैठहरूको विरोध र भण्डाफोर गर्दै, दलाल पुँजीवादविरुद्ध मुख्य संघर्षलाई केन्द्रित गर्ने र समाजवाद तथा साम्यवादको दिशातिर समाजलाई अघि बढाउने हाम्रो गौरवपूर्ण ऐतिहासिक संघर्ष जारी छ । यो ऐतिहासिक संघर्षलाई हरप्रकारले तीव्र र व्यापक बनाउँदै अघि बढ्नुपर्छ । त्यसका लागि मार्क्सवाद-लेनिनवादको वैज्ञानिक मार्गदर्शनमा देशको ठोस परिस्थितिको ठोस विश्लेषण गर्न सक्नुपर्छ । समाजवादी क्रान्तिका सही वैचारिक-राजनीतिक कार्यदिशा, नीति र सिद्धान्त अघि सार्न सक्नुपर्छ । तिनको आधारमा पार्टीका प्रचार, संगठन र संघर्षलाई प्रधान अन्तर्विरोध र प्रधान निसानामा केन्द्रित गरेर अघि बढाउन सक्नुपर्छ । जनता र राष्ट्रलाई हरघडी र घटनामा सही मार्गदर्शन गर्न सक्नुपर्छ । सकेसम्म सबै वामपन्थी र मित्रशक्तिलाई एकताबद्ध पार्नुपर्छ । तब मुलुकमा जनताको क्रान्तिकारी संघर्षको उच्च लहर पैदा हुनु अनिवार्य हुन्छ । उक्त लहरले मुलुकमा अजंगका उलटपलट र हेरफेर ल्याउनेछ । क्रान्तिकारी संघर्षको बाटो जतिसुकै उबड-खाबड र बांगोटिंगो भए पनि जनताको विजय सुनिश्चित छ । समाजवादी क्रान्तिको विजय सुनिश्चित र समाजवादी नेपालको स्थापना अनिवार्य छ ।

*(पूर्वप्रधानमन्त्री खनाल एकीकृत समाजवादीका सम्मानित नेता हुन्)*

# इक्वेडरमा राष्ट्रपतिका उम्मेदवारको हत्यापछि देशभर संकटकाल घोषणा



**क्विटो** / इक्वेडरमा राष्ट्रपति पदका उम्मेदवार फर्नान्डो भिल्लाभिसेन्सियोको गोली हानी हत्या भएको छ । दश दिनपछि हुन लागेको राष्ट्रपतीय निर्वाचनमा भ्रष्टाचार र आपराधिक गिरोहविरुद्ध अभियान चलाउँदै आएका पूर्वपत्रकार भिल्लाभिसेन्सियोको बिहीबार क्विटोमा भएको चुनावी च्यालीमा गोली हानी हत्या भएको हो । ५९ वर्षीय भिल्लाभिसेन्सियोलाई कारमा चढिरहेका वेला गोली प्रहार भएको थियो । हत्यापछि राष्ट्रपति गुइलेर्मो लासोले बिहीबार देशभर ६० दिनका लागि संकटकाल घोषणा गरेका छन् । 'राष्ट्रको सशस्त्र बललाई नागरिकको सुरक्षा, देशको शान्ति र अगस्ट २० को स्वतन्त्र र लोकतान्त्रिक निर्वाचनको सुनिश्चित गर्न देशभर परिचालन गरिएको छ,' लासोले एक सम्बोधनमा भनेका छन् ।

नेसनल एसेम्बलीका सदस्यसमेत रहेका भिल्लाभिसेन्सियो इक्वेडरमा संगठित अपराध र सरकारी अधिकारीबीचको सम्बन्धबारे बोल्ने थोरै उम्मेदवारमध्ये एक हुन् । ल्याटिन अमेरिकामा अपेक्षाकृत, सुरक्षित र स्थिर देशका रूपमा चिनिएको इक्वेडरमा हालैका दिनमा हिंसा र अपराधमा वृद्धि भएको छ । आपराधिक गतिविधि वृद्धिको मुख्य कारण लागुऔषध तस्करी हो । भिल्लाभिसेन्सियोलाई गोली प्रहार भएपछि सुरक्षाकर्मीले जवाफी कारबाही गरेको थियो । त्यस क्रममा दुई प्रहरी अधिकारीसहित अन्य नौजना घाइते भएका छन् । हत्यामा संलग्न ६ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

# एउटै सवारीसाधनमा विपरीतलिंगीलाई बस्न निषेध

**जकार्ता** / इन्डोनेसियाको अति-रुढिवादी आचे प्रान्तका अधिकारीले विपरीतलिंगीलाई एउटै सवारीसाधनमा बस्न नपाइने आदेश जारी गरेका छन् । पारिवारिक सम्बन्ध नभएका पुरुष र महिला तथा विशेषगरी विवाह नगरेका विपरीतलिंगीलाई एउटै सवारीसाधन र सार्वजनिक स्थानमा अलगै बस्न आदेश दिइएको हो । स्थानीय सरकारले उक्त आदेश कडाइका साथ कार्यान्वयन गरिने बताउँदै त्यसको पूर्ण पालना गर्न सम्बद्ध सबैलाई निर्देशन दिएको छ ।

एकान्त, सार्वजनिक र सवारीसाधनमा विवाह नगरेका नारी-पुरुष बस्न नपाइने परिपत्र गत साता जारी गरिएको हो । दैनिक जीवनमा इस्लामिक मूल्य-मान्यता पालन गराउने प्रयासस्वरूप उक्त आदेश जारी गरिएको आचे सरकारका प्रवक्ता मुहम्मद एमटिएले बताएका छन् । इस्लामिक धर्मगुरुहरूसँगको परामर्शपछि उक्त आदेश जारी गरिएको उनले स्पष्ट गरेका छन् । सुमात्रा टापुको उत्तरी छेउमा अवस्थित आचे इस्लामिक कानुन लागू गर्ने विश्वको सबैभन्दा धेरै जनसंख्या भएको मुस्लिम बहुल देशको एक मात्र प्रान्त हो । व्यापक आलोचनाका बाबजुद उक्त आदेश कार्यान्वयनको प्रयास भएको छ । सरिया कानुनअन्तर्गत आचेमा जुवा खेल्ने, मदिरा सेवन गर्ने र विवाहबाहिर पनि सम्बन्ध राख्नेलगायत अपराधमा सार्वजनिक रूपमा कोर्रा हानिन्छ ।

# सरकारविरुद्धको अविश्वास प्रस्ताव भगवान्को आशीर्वाद



**नयाँदिल्ली** / भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले विपक्षी दलमाथि कटाक्ष गर्दै आफ्नो सरकारविरुद्ध अविश्वासको प्रस्ताव ल्याउनु भगवान्को आशीर्वाद भएको बताएका छन् । उनले सन् २०२४ को लोकसभा चुनावमा विगतका सबै रेकर्ड तोडेर एनडिए र भाजपाले भव्य विजय हासिल गर्ने दाबी गरे । लोकसभामा अविश्वासको प्रस्तावमाथिको बहसको जवाफ दिँदै प्रधानमन्त्री मोदीले भने, 'भारतीय जनताले हाम्रो सरकारमाथि पटक-पटक विश्वास देखाएका छन् । म यहाँ देशका करोडौं जनताप्रति कृतज्ञता व्यक्त गर्न आएको हुँ ।'

प्रधानमन्त्री मोदीले सन् २०१९ को लोकसभा चुनावअघि सन् २०१८ मा पनि विपक्षी दलले आफ्नो सरकारविरुद्ध अविश्वासको प्रस्ताव ल्याएको स्मरण गरे । 'परमेश्वर धेरै दयालु हुनुहुन्छ र कुनै माध्यमद्वारा बोल्नुहुन्छ । विपक्षले सरकारविरुद्ध अविश्वासको प्रस्ताव ल्याएको छ । यो भगवान्को आशीर्वाद हो भन्ने मलाई विश्वास छ,' उनले विपक्षी गठबन्धनलाई संकेत गर्दै भने, 'मैले सन् २०१८ मा अविश्वासको प्रस्तावको वेला भनेको थिएँ कि यो हाम्रो लागि परीक्षा होइन, तर उनीहरूका लागि परीक्षा हो । अविश्वासको प्रस्ताव फलस्वरूप उनीहरू चुनावमा पराजित हुनुपरेको थियो ।'

प्रधानमन्त्री मोदीले विपक्षी दललाई आफूले विश्वासको मत परीक्षण भएको र विपक्षीले सन् २०१८ को अविश्वासको प्रस्तावमा जति मत प्राप्त भएको थियो, त्यो पनि जुटाउन नसकेको दाबी गरे । उनले भने, 'एक किसिमले भन्ने हो भने विपक्षीको अविश्वास हाम्रा लागि सधैं भाग्यको विषय बनेको छ । आज म देख्न सक्छु कि तपाईं (विपक्षी) ले निर्णय गर्नुभएको छ कि एनडिए र भाजपा विगतका सबै रेकर्ड तोड्दै, जनताको आशीर्वादका साथ २०२४ को चुनावमा ठूलो विजयका साथ फर्कनेछन् ।' अविश्वासको प्रस्तावमाथि मंगलबारदेखि बहस सुरु भएको थियो ।

# इतिहासमा आज

अगस्ट ११



▲ **सन् १९६२** : सोभियत अन्तरिक्ष निकायद्वारा भोस्तक ३ प्रक्षेपण । चार दिनमा ६४ पटक पृथ्वीको परिक्रमा गर्ने पहिलो अन्तरिक्षयात्री एन्ड्रियान निकोलायभ यस अन्तरिक्षयानका चालक थिए ।

**सन् १९४३** : पाकिस्तानका पूर्वसैनिक शासक जनरल परबेज मुसर्रफको जन्म । सन् १९४३ मा भारतको नयाँदिल्लीमा जन्मिएका मुसर्रफको गत वर्ष ७९ वर्षको उमेरमा दुबईमा मृत्यु भएको थियो ।

**सन् १९४८** : बर्लिन ओलम्पिकपछि लन्डनमा पहिलो ओलम्पिक खेल खेलियो बर्लिनपछि अर्को दुई खेल टोकियो र हेलसिंकीमा हुने तय भएकोमा दोस्रो विश्वयुद्धका कारण रद्द भएको थियो । टेलिभिजनमा प्रसारित पहिलो ओलम्पिकलाई त्यतिखेर कठोर खेल भनेर चिनिन्थ्यो । युद्धपछिको आर्थिक दुरावस्थाका कारण थोरै खर्चमा यो ओलम्पिक सम्पन्न भएको थियो ।

**सन् १९६०** : चाडले फ्रान्सबाट स्वतन्त्रता प्राप्त गऱ्यो । यो मध्यअफ्रिकी देश कौसेरीको युद्धपछि सन् १९०० बाट फ्रान्सको अधीनस्त भएको थियो । फ्रान्कोइस टोम्बलबे स्वतन्त्र चाडको पहिलो राष्ट्रपति बनेका थिए ।

**सन् १९९०** : इराकलाई अतिक्रमणबाट जोगाउने अन्तर्राष्ट्रिय प्रयासको रूपमा इजिप्ट र मोरक्कोका फौज साउदी अरेबिया पुगे ।

# वित्त र मौद्रिक नीतिबीच सामञ्जस्य कसरी ल्याउने ?

## अर्थतन्त्रमा सुधार ल्याउन वित्त नीति र मौद्रिक नीतिमा समन्वयको आवश्यकता पर्ने हो, तर अहिलेको अवस्था त्यस्तो देखिँदैन



अर्थ संवाद

● कृष्णमणि पराजुली

अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीच गत वर्षदेखि केही वैमनस्य देखा पर्न सुरु भएको थियो । केही हदसम्म यसलाई स्वाभाविक पनि भन्न सकिन्छ । कारण, वित्त संगठनको नेतृत्व राजनीतिले गरेको हुन्छ भने मौद्रिक संगठनको नेतृत्व अर्थविशेषज्ञले गरेको हुन्छ । अर्थमन्त्रीले आर्थिक गतिविधि सञ्चालन गरी अर्थतन्त्रलाई प्रभावकारी बनाउनुपर्छ भने केन्द्रीय मौद्रिक संगठनका रूपमा रहेको नेपाल राष्ट्र बैंकको नेतृत्व गर्ने गभर्नरले उपयुक्त मौद्रिक नीतिका माध्यमबाट देशको मौद्रिक व्यवस्थापना गर्नुपर्छ । यसरी हेर्दा देशको अर्थतन्त्रलाई प्रभावकारी बनाउन अर्थमन्त्री र गभर्नरको भूमिका उत्तिकै महत्त्वपूर्ण देखिन्छ ।

अर्थमन्त्री कुनै राजनीतिक दलसँग सम्बन्धित हुने हुँदा उनलाई वित्त नीति सञ्चालन गर्न आफ्नै तथा अन्य दलबाट समेत दबाब हुन्छ । निर्वाचनका वेला जनतालाई विभिन्न आश्वासन दिएर पछि सम्बोधन नहुँदा आउने निर्वाचनमा समस्यासमेत आउन सक्छ । यस्तै, विभिन्न स्वार्थगत समूहले राखेका मागलाई अर्थमन्त्रीले सम्बोधन गर्नुपर्ने बाध्यता पनि हुन्छ । यस्तो अवस्थामा कुनै पनि अर्थमन्त्रीले केही हदसम्म वित्तीय नीति अलि महत्त्वाकांक्षी नै लिएको पाइन्छ ।

नेपालमा कतिपय वित्त नीति हचुवामै आएका छन् । चालू आर्थिक वर्षको बजेटलाई मात्र अध्ययन गर्दा विषय प्रस्ट हुन्छ । १७ खर्ब ५१ अर्बको बजेट तर्जुमा गरियो । जसमा पुँजीगत खर्च ३ खर्ब २ अर्ब मात्र छ भने चालूगत ११ खर्ब ४१ अर्ब छ । यो भनेको विकास निर्माणका कामभन्दा पनि अन्य अनुत्पादक खर्च बढाउनु अर्थमन्त्रीको बाध्यता हुनु हो । यो खर्च पूर्ति गर्न आवश्यक पर्ने स्रोत जुटाउन पनि अर्थमन्त्रीलाई हम्मेहम्मे परेको देखिन्छ । त्यसकारण उठ्नै नसक्ने राजस्व पनि उठाउन सकिन्छ भनेर बजेटमा राखियो ।

त्यस्तैगरी, वैदेशिक अनुदान तथा ऋण पनि धेरै हदसम्म हचुवाकै भरमा बजेटमा समावेश गरिए । अझ ऋणको सावाँब्याज बुझ्नउनकै लागि भनेर पुँजीगत बजेटभन्दा पनि तीन खर्ब सात अर्बको बजेट वित्त व्यवस्थापनमा विनियोजित गरिएको छ । यस्तो परम्परा पहिलेदेखि नै प्रचलनमा छ ।

राष्ट्रिय बजेटभन्दा पनि बढी आन्तरिक र बाह्य ऋण छ । कुल ऋण २३ खर्बभन्दा बढी छ । अहिले प्रत्येक नेपालीले ७४ हजारभन्दा बढी ऋण चुक्ता गर्नुपर्छ । बजेटले वित्त नीतिसँग र मौद्रिक नीतिले मुद्रा व्यवस्थापनसँग सरोकार राखेको हुन्छ । देशको अर्थतन्त्र सुदृढ बनाउन यी दुवैको भूमिका उत्तिकै महत्त्वपूर्ण हुन्छ । त्यसैले अर्थमन्त्रीले आव ०८०/८१ को बजेट प्रस्तुत गर्दा अर्थतन्त्रमा देखिएका समस्या स्पष्ट रूपमा उल्लेख गरेका छन् । अर्थतन्त्रका केही संरचनात्मक कारणबाट शिथिलता आएकाले अर्थतन्त्रलाई माथि लैजानुपर्ने आवश्यकता देखिन्छ । शिथिलता आउनुमा खासगरी उच्च ब्याजदरले लगानी बढ्न नसकेको, सरकारको पुँजीगत बजेट खर्च हुन नसकेको, मागमा कमीलगायतका कारणले देशको अर्थतन्त्र खस्कँदै गएको कुरा बजेट वक्तव्यमा उल्लेख छ । अर्थतन्त्रमा निजी क्षेत्रले ८० प्रतिशतभन्दा बढी ओगटेको छ । यति महत्त्वपूर्ण क्षेत्रको विकास नगरी अर्थतन्त्र सुधार हुँदैन । तर, चालू आवको बजेटले निजी क्षेत्रको विकासलाई सम्बोधन गर्न नसकेको भनी उद्योगी-व्यवसायीले बजेटसँगसँगै अर्थमन्त्रीप्रति गुनासो गरेका छन् ।

अहिले सर्वसाधारणको ठूलो रकम सेयर बजार र घरजग्गामा फसेको छ । यसरी फसेको रकमलाई बाहिर ल्याएर अर्थतन्त्र चलायमान बनाउने विषयमा बजेटले केही पनि सम्बोधन गर्न नसकेको भनिएको छ । यता, नेपाल राष्ट्र बैंक भने वर्तमान अवस्थामा बाह्य क्षेत्रमा केही सुधार आए पनि आन्तरिक अर्थतन्त्रको अवस्था कमजोर हुँदा निजी क्षेत्रले चाहेअनुसारको मौद्रिक नीति आउन नसकेको भनेको छ । त्यसकारण मौद्रिक नीति अर्थमन्त्रीले चाहेबमोजिम खुकुलो छैन, बरु कसिलो आएको देखिन्छ ।

देशको मूल नीति भनेको नै राजनीति हो । राजनीतिबाट नै अन्य नीति सञ्चालन हुन्छन् । राजनीतिबाट निर्धारण गरिने वित्त नीति अर्थात् बजेट भने चुकेको देखिन्छ । कतिपय कुरा बजेटले सम्बोधन गर्नुपर्ने थियो, तर बजेटले केही सम्बोधन नगरीकनै मौद्रिक नीतिलाई सुम्पेको देखिन्छ । यसरी वित्त नीति पन्छिँदा देशको अर्थतन्त्रले सही मार्ग लिन सक्दैन ।

अहिले अर्थतन्त्रको बाह्य क्षेत्रमा सुधार आएको देखिए पनि ढुक्क हुन सक्ने अवस्था भने देखिँदैन । विप्रेषणबाट प्राप्त हुने रकमले निरन्तरता नदिन सक्छ । कसिलो आयात नीतिबाट विदेशी मुद्रा सञ्चितिमा केही सुधार भए पनि यसलाई निरन्तरता दिन सकिने अवस्था पनि देखिँदैन । आयात नियन्त्रण गर्दा त्यसको प्रत्यक्ष असर राजस्वमा पर्छ । त्यसकारण आन्तरिक स्रोत परिचालनमा सुधार नगरी अर्थतन्त्र चलायमान बनाउन सकिने अवस्था हुँदैन ।

निजी क्षेत्रको मुख्य माग भनेको बैंक कर्जा दर घटाउनुपर्छ भन्ने नै हो । तर, अन्तर्राष्ट्रिय बजारमा नै कर्जाको दर बढ्दै गएकाले आन्तरिक अर्थतन्त्रमा सुधार नआई कर्जा दर घट्ने सम्भावना देखिँदैन । यसअघि बैंक कर्जा दर घटाउँदा अनावश्यक रूपमा निजी क्षेत्रमा कर्जा प्रवाह भएको थियो । एउटा उद्देश्य राखेर कर्जा लिने र अर्को क्षेत्रमा लगानी गर्दा समग्र अर्थतन्त्र नै कमजोर भएको अवस्था थियो । लयमा फर्किँदै गरेको अर्थतन्त्रलाई चलायमान गराउने भनी एक्कासि कर्जा दर घटाउँदा उल्टो अर्थतन्त्रमा संकट आउन सक्ने पनि हुन्छ । यस्ता संवेदनशील विषयमा राष्ट्र बैंकको ध्यान आकृष्ट भए पनि निजी क्षेत्रले अपेक्षा गरेबमोजिमको मौद्रिक नीति आएको छैन । यसरी अर्थमन्त्री र नेपाल राष्ट्र बैंकबीच मौद्रिक नीतिबारे भिन्न मत भएको देखिन्छ ।

निजी क्षेत्रले कर्जाको ब्याजदर घटाउनुपर्ने कुरा बारम्बार भन्दै आएको थियो । ब्याजदर नघटेको अवस्थामा उद्योग व्यवसाय सञ्चालनमा ल्याउन नसकिने र अर्थतन्त्र चलायमान हुन नसक्ने उद्योगी व्यवसायीको भनाइ थियो । कर्जा प्रवाह भएको अवस्थामा अर्थतन्त्र चलायमान हुन्छ र अर्थतन्त्र सुदृढ बन्दै जान्छ । अर्थतन्त्रको ठूलो हिस्सा निजी क्षेत्रले समन्वयको आवश्यकता पर्छ । तर, अहिलेको अवस्था त्यस्तो देखिँदैन । सरकारले भन्दैमा ब्याजदर घटाउन पनि सकिँदैन । ब्याजदर घटाउँदा त्यसबाट पर्न सक्ने असरबारे गहिरो अध्ययन हुनैपर्छ । दुई वर्षअघि ब्याजदर घटाउँदा पनि अर्थतन्त्रमा खासै सुधार आउन सकेन । अहिले पनि आन्तरिक अर्थतन्त्रले लय समात्न सकेको छैन । ब्याजदर घटाउन आन्तरिक र बाह्य दुवै क्षेत्र सबल हुनुपर्छ । अर्थतन्त्रको बाह्य क्षेत्रमा केही सुधार देखिँदैमा हौसनुपर्ने कुनै विषय छैन । यो अल्पकालीन अवस्था हो । त्यसैले मौद्रिक नीतिका आफ्नै सीमा हुने हुँदा उक्त सीमाभित्र रहेर मौद्रिक नीति ल्याउने कुरालाई अन्यथा भन्न सकिन्न ।

अहिले निजी क्षेत्रमा लगानी भएको कर्जा फिर्ता हुन सकिरहेको छैन । यस अवस्थामा कर्जामाथि कर्जा थप्दै जाने हो भने निजी क्षेत्रले झनै जोखिम मोल्नुपर्ने हुन सक्छ । बैंक तथा वित्तीय संस्थामा तरलता थुप्रिने र निजी क्षेत्रलाई कर्जा प्रवाह नगर्ने हो भने अर्थतन्त्र कसरी चलायमान हुन सक्छ ? यसबारे मुद्रा व्यवस्थापनको जिम्मेवारी लिएको नेपाल राष्ट्र बैंकले सुझबुझका साथ उपयुक्त मौद्रिक नीति ल्याएको देखिन्छ ।

अहिले अर्थतन्त्रमा समस्या नभएका होइनन्, धेरै समस्या छन् । देशको अर्थतन्त्रको ऐनाका रूपमा रहेको सेयर बजार धराशायी छ । ३२ सयमा पुगेको नेप्से २१ सयमा झरेको छ । घरजग्गा कारोबार चलायमान हुन सकेको छैन । सरकारले विकास बजेट खर्च गर्न सकेको छैन । अर्थतन्त्र चलायमान बनाउन सरकारी विकास बजेटको ठूलो भूमिका रहेको हुन्छ । बैंक तथा वित्तीय संस्थामा तरलता अनावश्यक रूपमा जम्मा भएको छ । मूल्यवृद्धि बढ्दै गएको छ ।

आन्तरिक उत्पादनमा वृद्धि हुन सकिरहेको छैन । देशको अर्थतन्त्र विप्रेषणले धानिएको अवस्था छ । बढ्दो आयात र निर्यात न्यून भएकाले व्यापार घाटा बढ्दो छ । जसका कारण शोधनान्तर स्थिति प्रतिकूल बन्दै छ । यस्तो जटिल अवस्थामा ६ प्रतिशतको आर्थिक वृद्धि र ७.५ प्रतिशतको सीमाभित्र मूल्यवृद्धि कायम गरी समग्र आर्थिक स्थायित्व कायम गरी वित्तीय लक्ष्य हासिल गर्ने विषय पनि त्यति सजिलो देखिँदैन । त्यसकारण नेपाल राष्ट्र बैंकले यी सबै पक्षलाई विचार गरेर नै मौद्रिक नीति ल्याएको देखिन्छ, जसबाट देशको अर्थतन्त्र चलायमान हुन सकोस् र लगानीयोग्य वातावरण बन्न सकोस् ।

*(पराजुली नेपाल सरकारका पूर्वउपसचिव हुन्)*




> सरकारले भन्दैमा ब्याजदर घटाउन सकिँदैन । ब्याजदर घटाउँदा त्यसबाट पर्न सक्ने असरबारे गहिरो अध्ययन हुनैपर्छ । साथै ब्याजदर घटाउन आन्तरिक र बाह्य दुवै क्षेत्र सबल भएको हुनुपर्छ ।

ओगटेको छ र त्यही क्षेत्र संकटमा पर्दा निश्चय नै समग्र अर्थतन्त्र चलायमान हुन सक्दैन । त्यसकारण अर्थतन्त्र चलायमान बनाउन निजी क्षेत्रको सहभागिता अनिवार्य नै हुन्छ । अर्थतन्त्रमा सुधार ल्याउन वित्त नीति र मौद्रिक नीतिमा

---

अर्थ ज्ञान

## के तपाईंलाई ग्राहक संरक्षण कोषबारे थाहा छ ?

लघुवित्त वित्तीय संस्थाले नाफाको केही हिस्सा ग्राहकको हितमा खर्च गर्नुपर्छ । सोही उद्देश्यसहित यी संस्थाले नाफाको एक प्रतिशत रकम र १५ प्रतिशतभन्दा बढी लाभांश वितरणको प्रस्ताव गरेमा १५ प्रतिशतभन्दा माथिको प्रस्तावित लाभांशको ३५ प्रतिशतले हुने रकम अलग्गै ग्राहक संरक्षण कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ ।

लघुवित्त संस्थाले उक्त कोषमा जम्मा भएको रकम समस्यामा परेका ऋणीको व्यवसाय सुरक्षण एवं पुनर्स्थापना गर्न, ग्राहकको शिक्षा र क्षमता विकास गर्न, सन्तानको विद्यालयस्तरको शिक्षा, स्वास्थ्य तथा पोषणजस्ता सामूहिक हित हुने कार्यक्रममा मात्र खर्च गर्नुपर्छ ।

थोक कर्जा उपलब्ध गराउने लघुवित्त वित्तीय संस्थाले यस्तो कोषको रकम ग्राहक संस्थाका सदस्यको वित्तीय साक्षरता अभिवृद्धिसम्बन्धी




कार्यक्रममा समेत खर्च गर्न सक्छन् । यसरी खर्च भएको रकमसम्बन्धी विवरण संस्थाको वार्षिक प्रतिवेदनमा समेत स्पष्ट रूपमा खुलाउनुपर्छ ।

*- राष्ट्र बैंक*

---

बिजनेस @



सुगतरत्न कंसाकार, पूर्वमहाप्रबन्धक नेपाल वायुसेवा निगम

हाम्रा नेताहरूले पनि भूराजनीतिबाट उद्योग व्यापारलाई अलग्याउन जान्नुपऱ्यो । चीन अमेरिकाबीच ताइवान एक ठूलो समस्या भए पनि विश्वको सबभन्दा ठूलो कम्प्युटर चिप कम्पनी ताइवानको टिएमएससीले जापान, अमेरिका र जर्मनमा पाँचवटा कारखाना खोल्ने भएको छ र यस मामिलामा चीनले पनि खासै विरोध गरेको छैन ।

प्रबलजंग पाण्डे, उद्यमी

पर्यटन प्रवर्द्धनमा हाम्रो प्रगति सन्तोषजनक छैन । दुई छिमेकी मुलुक श्रीलंका र माल्दिभ्ससँग तुलना गर्दा छर्लंग हुन्छ । श्रीलंकामा २०२२ को तुलनामा २०२३ मा करिब ५० प्रतिशतले पर्यटक संख्या वृद्धि भएको छ । २०२२ को जुन महिनासम्म ४ लाख १० हजार पर्यटक आगमन र २०२३ को जुनसम्म ६ लाख २० हजार पुगेको छ । त्यस्तै, माल्दिभ्सको पनि २०२३ मा २०२२ को तुलनामा २० प्रतिशतले पर्यटक आगमन वृद्धि भएको छ । नेपालमा पनि २०२२ मा जम्मा ६ लाख १४ हजार पर्यटक आगमन भएकोमा २०२३ को ६ महिनामै ४ लाख ७६ हजार पर्यटक आगमन भएको देखिन्छ । तर, पर्यटकले गर्ने खर्च २०२१ मा प्रतिदिन ४८ डलरबाट घटेर २०२३ मा ४० डलरमा झरेको छ । २०२१ मा माल्दिभ्सले विदेशी पर्यटकबाट २.१६ अर्ब अमेरिकी डलर आर्जन गरेछ । सोहीअनुरूप भारतले ८.८ अर्ब, पाकिस्तानले ०.८५ अर्ब, श्रीलंकाले ०.३१ अर्ब, बंगलादेशले ०.१७ अर्ब अमेरिकी डलर । जब कि पर्यटकको संख्या यथेष्ट हुँदा पनि नेपाल ले ०.१३ अर्ब अमेरिकी डलर मात्र आर्जन गरेछ ।




**सेयर बजार**

२५ साउन ०८०

नेप्से २,०६६.०५ ▲५.१३ ०.२४%

| कारोबार रकम | जम्मा सेयर |
|---|---|
| २,१५,६५,८३,९४५.६८ | ५५,०३,०२१ |




[ अर्थ-व्यवसायसँग सम्बन्धित कुनै पनि जिज्ञासा वा विचार भए हामीलाई इमेल गर्न सक्नुहुन्छ । प्राथमिकताका आधारमा क्रमशः प्रकाशन गर्नेछौं । email: arthapatrika@gmail.com ]

---

# जलवायु परिवर्तन : एक लाख वर्षयताकै उच्च गर्मी

## पृथ्वीको दक्षिणी ध्रुवमाथि ओजन तहमा प्रत्येक वर्ष बढिरहेको छिद्र अन्टार्कटिकाभन्दा पनि ठूलो आकारको छ, यसको असर विश्वको तापक्रममा पर्ने देखिन्छ

> सन् १७५० पछि पहिलोपटक समुद्रमा अत्यधिक एसिडको मात्रा भेटियो । यस बखत समुद्रमा २६ प्रतिशत एसिडको मात्रा बढेको बताइन्छ । यसरी बढ्दो एसिडले जलमा आश्रित जीवन र तिनीहरूको जीवनचक्र खतरामा पर्नेछ ।

३ जुलाई २०२३ मा विश्वको औसत तापक्रम १६.९ डिग्री सेल्सियस थियो । यो अहिलेसम्मकै गर्मी दिन थियो । जुलाई ३ पछि लगातार तीन दिनसम्म यो रेकर्ड भंग हुँदै गयो । जुलाई ६ मा विश्वको औसत तापक्रम १७.०८ डिग्री सेल्सियस रहेको बताइयो । जुलाई ६ तारिखको दिन अहिलेसम्मकै गर्मी बन्यो । वैज्ञानिकले जुलाईलाई पछिल्लो एक लाख २० हजार वर्षकै सर्वाधिक गर्मी महिना भएको बताएका छन् ।

**औसत तापक्रम के हो ?** : एउटै समयमा विश्वको कुनै ठाउँमा गर्मी त कुनै ठाउँमा निकै चिसो हुन्छ । यस्तो वेला विश्वको तापक्रमको औसत नै त्यतिवेलाको औसत तापक्रम हुन्छ । जुलाई महिनामा सामान्यतया विश्वको औसत तापक्रम १६ डिग्री सेल्सियस हुन्छ । यो वर्ष जुलाईका सुरुवाती २३ दिनमा औसत तापक्रम १६.९५ डिग्री सेल्सियस रह्यो, जुन गत वर्षको जुलाईभन्दा करिब १.१५ डिग्री सेल्सियस धेरै हो । यसरी बढ्दो तापक्रमको सबभन्दा बढी असर अमेरिका, युरोप, चीन र अफ्रिकामा देखिएको छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले जलवायु परिवर्तनले बढ्दो तापक्रम मानव अस्तित्वमाथि खतरा रहेको बताएका छन् । उनले गर्मीबाट प्रभावित फिनिक्स एरिजोन, सन एन्टोनियो र टेक्सासका मेयरहरूसँग भर्चुअल संवाद गर्दै आपत्कालीन बैठकसमेत गरेका थिए । यसैगरी, चीनको राजधानी बेइजिङमा लगातार चार हप्तासम्म तापक्रम ३५ डिग्री सेल्सियसभन्दा बढी मापन गरिएको छ । यस्तो समयमा वृद्धवृद्धालाई घरभित्रै बस्न र बच्चासँग बाहिर नखेल्न भनिएको छ । भूमध्यसागरीय क्षेत्रका कैयौं देश जस्तै, अल्बानिया, अल्जेरिया, अन्डोरालगायतका जंगलमा भीषण आगलागी भएको छ । उक्त आगलागी नियन्त्रणमा लिन निकै संघर्ष गर्नुपरेको स्थिति छ ।

**जलवायु परिवर्तनका प्रभाव** : संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका अनुसार अहिले विश्वमा गर्मी बढेको मात्रै छैन, बरु उम्लिरहेको छ । विश्वको तापक्रम पछिल्लो डेढ सय वर्षमा १ डिग्री सेल्सियस बढेको छ । तर, यो शताब्दीको अन्त्यसम्म ३ देखि ५ डिग्री सेल्सियससम्म बढ्ने अनुमान गरिएको छ । त्यसमाथि पृथ्वीको दक्षिणी ध्रुवमाथि ओजन तहमा प्रत्येक वर्ष बढिरहेको छिद्र अन्टार्कटिकाभन्दा पनि ठूलो आकारको बनेको छ । यसको असर विश्वको तापक्रममा पर्ने देखिन्छ । युरोपको क्लाइमेट चेन्ज सर्भिसका निर्देशकको भनाइ छ- जलवायु परिवर्तनका कारण विश्वभरि सन् १८०० पछि १.२ डिग्री सेल्सियससम्म औसत तापक्रम बढेको छ । यसले गर्दा मौसमको प्याटर्न परिवर्तन भइरहेको छ ।

**अलनिनो इफेक्टले तातेको पृथ्वी** : जुन ८ तारिखमा भारतको केरलामा पहिलो मनसुनी वर्षा भयो । सोही दिन अमेरिकी एजेन्सी नेसनल ओसनिक एन्ड एटमस्फेरिक एडमिनिस्ट्रेसन (एनओएए)ले प्रशान्त महासागरमा अलनिनो आएको जानकारी दियो । यो एउटा प्राकृतिक रूपमा उत्पन्न हुने जलवायु प्याटर्न हो, जो मध्य र पूर्वी उष्णकटिबन्धीय प्रशान्त महासागरमा समुद्री सतहको तापक्रम बढ्दा हुन्छ । जब अलनिनो आउँछ, भारतसहित एसियाका कैयौं देशमा मनसुन कमजोर हुन्छ र पृथ्वीमा गर्मी हुन्छ । यसैगरी, समुद्री तापक्रम पनि बढ्छ । यसरी पृथ्वी र समुद्री तापक्रम बढ्दा विश्वको औसत तापक्रमसमेत बढ्न जान्छ ।

**धुलो र सल्फरको समुद्री पानीमा असर** : समुद्री पानी तात्नुमा पृथ्वीको गर्मी मुख्य कारण हो । समुद्री सतहमा धुलो र जहाजको इन्धनबाट निस्कने सल्फर जम्दा पानी कम तातो हुन्छ । जसले गर्दा गर्मी महिनाको सूर्यको किरण प्रतिबिम्बित हुन्छ । अमेरिकी तापक्रम निरीक्षण विभागका वैज्ञानिक रोबर्ट रोहडेका अनुसार अमेरिका र दक्षिणी युरोपमा यसपालि पातलो हावाका कारण सहारा मरुभूमिबाट धुलो कम आयो । यही कारण समुद्र गत वर्षको भन्दा बढी तातो हुन पुग्यो । यसैकारण सन् २०२० मा सामुद्रिक जहाजमा कैयौं प्रकारका प्रतिबन्ध लगाइएको थियो । यसको उद्देश्य विषालु सल्फरबाट समुद्री पानीलाई बचाउनु थियो । यद्यपि, सल्फरको कमीले सूर्यको किरण प्रतिबिम्बित भएर फर्किन सकेन । जसले गर्दा समुद्री पानीसँगसँगै विश्वकै तापक्रम वृद्धि भयो ।

**एन्टिसाइक्लोन पनि कारक** : अमेरिकास्थित क्लाइमेट साइन्स युनिभर्सिटीका प्रोफेसर रिचर्ड एलनका अनुसार यो वर्ष समुद्री पानी अत्यधिक तातिएको छ, जसले गर्दा मौसमको प्याटर्नमा परिवर्तन देखिएको छ । विश्वका कैयौं स्थानमा खडेरी र 'हिट-वेब'को स्थिति बनेको छ । तातो हावाले चिसो हावालाई एक ठाउँबाट अर्को ठाउँमा लैजाँदा पनि गर्मी बढेको बताइन्छ ।

गत वर्ष समुद्रको जलस्तरमा ०.२७ सेन्टिमिटर वृद्धि भयो । सन् १९९३ पछि अहिलेसम्म ९.१ सेन्टिमिटर वृद्धि भइसकेको छ । आर्कटिक र अन्टार्कटिकामा बर्फ पग्ली नै रहेको छ । सन् १९९१ देखि २०२० बीच अन्टार्कटिका द्विपमा झन्डै ६ लाख ६० हजार माइल बर्फ पग्लिसकेको छ ।

सन् २०२२ मा लगातार छैटौंपटक समुद्र अत्यधिक तात्यो । सन् १७५० पछि पहिलोपटक समुद्रमा अत्यधिक एसिडको मात्रा भेटियो । यस बखत समुद्रमा २६ प्रतिशत एसिडको मात्रा बढेको बताइन्छ । यसरी बढ्दो एसिडले जलमा आश्रित जीवन र तिनीहरूको जीवनचक्र खतरामा पर्नेछ । पछिल्ला केही वर्षमा गर्मीमा अत्यधिक गर्मी र जाडोमा अत्यधिक जाडो हुँदै जान थालेको छ । पूरै युरोप र एसियामा उच्च तापक्रमको लहर चलेको छ । कैयौं देश खडेरीको चपेटामा आएका छन् भने पाकिस्तान, दक्षिण अफ्रिकालगायतका देशमा बाढीले आतंक फैलाएको छ ।

सन् २०२१/०२२ को तुलनामा यो वर्ष हैजा र पहँेलो ज्वरोका बिरामी पनि बढेका छन् । अफ्रिका र एसियाका केही भागमा चरम मौसम, खडेरी र बाढीले बालीनाली नष्ट भएको छ । यसले महँगीसमेत बढाउने निश्चित छ । मौसमविद् कार्स्टन हाउस्टिनका अनुसार अलनिनो बलियो हुँदै जाँदा विश्वमा गर्मी झनै बढ्दै जानेछ । यो जुलाई महिना एक लाख २० हजार वर्षकै सबैभन्दा गर्मी महिना भएको छ ।

*- एजेन्सी*



> सन् २०२१/०२२ को तुलनामा यो वर्ष हैजा र पहँेलो ज्वरोका बिरामी बढेका छन् । अफ्रिका र एसियाका केही भागमा खडेरी र बाढीले बालीनाली नष्ट भएको छ । यसले महँगीसमेत बढाउनेछ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २६ साउन ०८०

# अर्थतन्त्र विस्तारको दाँजोमा बैंकको चुक्ता पुँजी न्यून

## मर्जरपछि वाणिज्य बैंकहरूको सूचक : आर्थिक वर्ष ०७८/७९ मा जिडिपीको अनुपातमा ७.२१ प्रतिशत पुगेको

## बैंकको कुल चुक्ता पुँजी अहिले ६.८७ प्रतिशतमा सीमित, ठूला पूर्वाधारमा लगानी गर्ने आधार कमजोर

**पवन तिमिल्सिना**/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०७९/८० मा कुल २६ वाणिज्य बैंकहरूमध्ये १२ बैंकहरू मर्जरमा गएपछि २० वटा भएका छन् । मर्जरसँगै वाणिज्य बैंकहरूको चुक्ता पुँजी बढेको देखिए पनि अर्थतन्त्र विस्तारको तुलनामा भने पुँजीको अनुपात खस्किएको छ । आर्थिक वर्ष ०७८/७९ को तुलनामा चुक्ता पुँजीमा वृद्धि भए पनि अर्थतन्त्रमा प्रतिबिम्बित पार्ने किसिमको वृद्धि नभएको अर्थशास्त्रीहरू बताउँछन् ।

आर्थिक वर्ष ०७८/७९ मा कुल चुक्ता पुँजी तीन खर्ब ५६ अर्ब थियो । गत आवमा वृद्धि भएर तीन खर्ब ६९ अर्ब कायम भएको छ । गत आवको अपरिष्कृत वित्तीय विवरणअनुसार २० वटा वाणिज्य बैंकहरूको चुक्ता पुँजी कुल गार्हस्थ्य उत्पादनको तुलनामा ६.८७ प्रतिशत पुगेको छ । जबकि अघिल्लो आर्थिक वर्ष ०७८/७९ मा यो अनुपात ७.२१ प्रतिशत मात्रै थियो ।

चुक्ता पुँजी अपेक्षित बढ्न नसक्नुले बैंकहरू गाभिएर उपलब्धि हासिल नभएको पुष्टि भएको नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले बताए । मर्जरले ठूला बैंकहरूबीच अस्वस्थ प्रतिस्पर्धा बढाउनुबाहेक अर्थतन्त्रमा लाभ हुने प्रतिफल नदिएको उनको भनाइ छ । उनले भने, 'हल्लाखल्ला गरेर ठूला बैंकहरू मर्जर गराइयो । तर, यसले अर्थतन्त्रमा कसरी लाभ दिन सक्छ हेरिएन । खास बढाउनुपर्ने त पुँजी हो । तर, यहाँ राष्ट्र बैंकले नियामकीय छुट दिएर अनावश्यक मर्जरमा बढी केन्द्रित भयो ।'

०७२ मा राष्ट्र बैंकले गरेको मर्जरपश्चात् बनेका बैंक तथा वित्तीय संस्थाहरूको अवस्था र मर्जरको प्रभावकारितासम्बन्धी प्रतिवेदनले बैंकहरूको चुक्ता पुँजीको स्तरले अर्थतन्त्रमा सम्भाव्य लगानी क्षमतालाई प्रतिबिम्बित गर्ने र अर्थतन्त्रको विस्तारको तुलनामा चुक्ता पुँजी घट्दै जानुले बैंकहरू नियमनकारी पुँजीको दायराबाट पन्छिन खोजेको देखिएको निष्कर्ष निकालेको थियो ।

मर्जरपछि पनि बैंक तथा वित्तीय संस्थाहरूको न्यून पुँजीका आधारका कारण पुँजी पर्याप्तता अनुपातहरू घट्ने क्रममा रहेकाले नियमनकारी पुँजी वृद्धिमार्फत अर्थतन्त्रमा लगानी गर्ने क्षमता अभिवृद्धि गर्ने ठाउँ दिनुपर्ने सुझाव प्रतिवेदनमा उल्लेख छ । तर, हालसम्म पनि मर्जरमा नियामकीय पुँजी विस्तारलाई आधार नमानिएकाले मर्जर तथा प्राप्तिसम्बन्धी नीतिहरू उद्देश्यको हिसाबले सफल नरहेको अर्थशास्त्रीहरूको विश्लेषण छ । तर, मर्जरपछि बैंकिङ प्रणालीमा तत्कालै प्रभाव नदेखिने नेपाल राष्ट्र बैंकका प्रवक्ता डा. गुणाकर भट्टले बताए । मर्जरपछि तत्कालका लागि स्प्रेडदरमा दिइएको छुटले बैंकहरूको आम्दानीमा सहजता थपेको छ । यद्यपि, अन्य किसिमका प्रभाव हेर्न भने केही समय कुर्नुपर्ने उनको भनाइ छ ।




### ■ वाणिज्य बैंकहरूमा पिसिएको जोखिम

चालू आर्थिक वर्षको मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको मर्जर तथा प्राप्ति योजनामार्फत सबलीकरण भएको दाबी गरेको छ । त्यस्तै, असार मसान्तसम्ममा पुँजीकोष जिडिपीको करिब १३ प्रतिशत पुगेको र वित्तीय स्रोत परिचालनसमेत ५७ खर्ब पुगेको उल्लेख छ ।

केन्द्रीय बैंकले पुँजीकोष बढाएको देखाएर मर्जरमा नियामकीय छुटको विषयलाई गौण राख्न खोजेको पूर्वकार्यकारी निर्देशक थापाको तर्क छ । उनले भने, 'राष्ट्र बैंकले चालू पुँजी मार्गदर्शन पूर्ण रूपमा लागू गरी नियामकीय सुविधालाई खारेज गरेको भए बैंकहरूमा पुँजीकोष अनुपात नपुग्ने जोखिम थियो ।' अधिकांश बैंकहरूले केन्द्रीय बैंकबाट छुट लिएकै भरमा पुँजीकोष पर्याप्त रहेको देखाइरहेको उनको भनाइ छ ।

केन्द्रीय बैंकद्वारा जारी पुँजी पर्याप्तता फ्रेमवर्क २०१५ अनुसार प्राथमिक पुँजीको ८.५ प्रतिशत र पूरक पुँजी गरेर न्यूनतम ११ प्रतिशत पुँजीकोष हुनुपर्छ । राष्ट्र बैंकको व्यवस्थाअनुसार प्राथमिक पुँजी कोषभित्र न्यूनतम साझा इक्विटी ४.५ प्रतिशत, पुँजी संरक्षण बफर २.५ प्रतिशत हुनुपर्छ । न्यूनतम साझा (टायर १) पुँजी अनुपात पुँजी संरक्षण बफरबाहेक ६ प्रतिशत र बफरसहित ८.५ प्रतिशत हुनुपर्छ । यसलाई प्राथमिक पुँजीकोष अनुपात पनि भनिन्छ ।

गत आर्थिक वर्षमा बैंकहरूको पुँजी पर्याप्तताको अनुपात औसतमा १२.८ प्रतिशत छ । राष्ट्र बैंकले चालू पुँजी कर्जा मार्गदर्शन कार्यान्वयनमा लचकता अपनाएर अन्य मर्जर सुविधासमेत दिएको अवस्थामा पुँजी पर्याप्तताको अनुपात १२.८ प्रतिशत हुनु चिन्ताको विषय भएको थापाको भनाइ छ । उनले भने, 'नियामकीय सुविधा पाएको अवस्थामा बैंकहरूको पुँजी पर्याप्तता २० प्रतिशतभन्दा बढी नै हुनुपर्ने हो । नत्र भोलि सबै किसिमका सुविधा हटाउँदा बैंकहरूलाई पुँजीकोष जुटाउनै धौ-धौ पर्ने देखिन्छ ।'

### ■ मर्जरमा जानुअघि र गएपछि बैंकहरूको एक आवको चुक्ता पुँजी

| शीर्षक | ०७८/७९ | ०७९/८० |
|---|---|---|
| निक्षेपको अनुपातमा चुक्ता पुँजी | ७.८४% | ७.२६% |
| कर्जाको अनुपातमा चुक्ता पुँजी | ८.५३% | ८.५५% |
| जिडिपीको अनुपातमा चुक्ता पुँजी | ७.२२% | ६.८६% |

०७० सालमा राष्ट्र बैंकले नौवटा वित्तीय संस्थाहरूलाई समस्याग्रस्त घोषणा गर्दै सुधारात्मक कारबाही (पिसिए) गरेको थियो । पिसिएअनुसार बैंक तथा वित्तीय संस्थाहरूले पुँजीकोष अनुपात निर्देशन पालना नगरेमा लाभांश रोक्कादेखि खारेजीसम्मको प्रक्रिया अघि बढाउन सक्छ । अहिले बैंकहरूसमेत यो अवस्थामा पुग्ने जोखिममा रहेको भनाइ छ ।

### ■ निक्षेपको तुलनामा चुक्ता पुँजी

अघिल्लो आर्थिक वर्षमा बैंकहरूले ४५ खर्ब ४१ अर्ब निक्षेप संकलन गरेका थिए । गत आवमा निक्षेप संकलन ५० खर्ब ८६ अर्ब भएको छ । निक्षेपमा भएको वृद्धिको तुलनामा चुक्ता पुँजीको वृद्धिदर निकै कमजोर देखिन्छ । जसअनुसार निक्षेपको अनुपातमा चुक्ता पुँजी ७.२६ प्रतिशत कायम छ । अघिल्लो आर्थिक वर्षमा यो अनुपात ७.८४ प्रतिशत थियो ।

### ■ संकुचित कर्जाको अनुपातमा चुक्ता पुँजी बढ्यो

गत आर्थिक वर्ष सरकारले आयातमा कडाइ गरेको र उच्च ब्याजदरका कारण कर्जा विस्तार हुन सकेन । सोही कारण राष्ट्र बैंकले कर्जा विस्तारको लक्ष्य १२.६ प्रतिशत राखे पनि ३ प्रतिशत मात्रै भयो । कर्जा प्रवाह संकुचन हुँदा कुल कर्जा प्रवाहमा चुक्ता पुँजीको अनुपात वृद्धि भएको छ ।

आर्थिक वर्ष ०७८/७९ मा ४१ खर्ब ७५ अर्ब पुगेको कर्जा प्रवाह ०७९/८० मा ४३ खर्ब १८ अर्ब कायम भएको छ । यस आधारमा कर्जा प्रवाहमा चुक्ता पुँजीको अनुपात ८.५३ प्रतिशतबाट बढेर ८.५५ प्रतिशत पुगेको छ ।

### ■ मर्जरमा गएका बैंकहरूको वित्तीय अवस्था कस्तो ?

कुमारी बैंक र नेपाल क्रेडिट एन्ड कमर्स बैंक गाभिएर कुमारी बैंक, ग्लोबल आइएमई बैंक र बैंक अफ काठमाण्डु गाभिएर ग्लोबल आइएमई बैंक लिमिटेड, प्रभु बैंकले सेन्चुरी बैंकलाई प्राप्ति गरी प्रभु बैंक भएको थियो ।

त्यस्तै, मेगा बैंक र नेपाल इन्भेस्टमेन्ट बैंक गाभिएर नेपाल इन्भेष्टमेन्ट मेगा बैंक, हिमालयन बैंकले सिभिल बैंक प्राप्ति गरेर हिमालयन बैंक तथा लक्ष्मी बैंक र सनराइज बैंक मर्ज भई लक्ष्मी सनराइज बैंक भएको छ । गाभिएर ठूलो भएको ग्लोबल आइएमई बैंकले गत आर्थिक वर्षमा सात अर्ब २५ करोड खुद नाफा कमाएको छ । त्यस्तै, नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले चार अर्ब २९ करोड, हिमालयन बैंकले तीन अर्ब २६ करोड, प्रभु बैंकले दुई अर्ब ८२ करोड, लक्ष्मी सनराइज बैंकले दुई अर्ब २६ करोड र कुमारी बैंकले एक अर्ब ९५ करोड नाफा कमाएका छन् ।

मर्जरमा गएका हिमालयन र कुमारी लाभांश दिन नसक्ने अवस्थामा छन् । ग्लोबल आइएमईको लाभांश दिने क्षमता ७.२७ प्रतिशत, नेपाल इन्भेष्टमेन्ट मेगाको ०.४६ प्रतिशत पुगेको छ । प्रभु बैंकले ०.६८ र लक्ष्मी सनराइजले ८.९४ प्रतिशत लाभांश दिन सक्ने क्षमता राख्ने देखिन्छ ।

### ■ मर्जरमा गएका बैंकको चुक्ता पुँजी कति ?

चुक्ता पुँजीका आधारमा अहिले ग्लोबल आइएमई बैंक सबैभन्दा धेरै ३५ अर्ब ७७ करोडबराबर छ । त्यस्तै, दोस्रो स्थानमा नेपाल इन्भेष्टमेन्ट बैंकको चुक्ता पुँजी ३४ अर्ब १२ करोड, कुमारी बैंकको २६ अर्ब २३ करोड, प्रभु बैंकको २३ अर्ब ५४ करोड, हिमालयन बैंकको २१ अर्ब ६५ करोड र लक्ष्मी सनराइज बैंकको २१ अर्ब ६७ करोड पुगेको छ ।

### ■ मर्जरमा जाने बैंकहरू निष्क्रिय कर्जाको अनुपात दोब्बर

बैंकहरूले प्रकाशित गरेका अपरिष्कृत वित्तीय विवरणअनुसार सबैभन्दा बढी खराब कर्जा कुमारी बैंकको ४.७७ प्रतिशत छ । त्यस्तै, ग्लोबल आइएमईको ३.०८, नेपाल इन्भेष्टमेन्ट मेगाको ४.३५, हिमालयनको ४.५७, प्रभुको ४.१ र लक्ष्मी सनराइजको सबैभन्दा कम २.८ प्रतिशत खराब कर्जा रहेको छ ।

### बैंकहरूमा को ठूलो हुने भन्ने होड मात्रै चल्यो

● **नरबहादुर थापा**, पूर्वकार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक



हाम्रोमा हल्लाखल्ला गरेर ठूला बैंकहरू मर्जर गराइयो । तर, यसले अर्थतन्त्रमा कसरी लाभ दिन सक्छ भनेर हेरिएन । खास बढाउनुपर्ने त पुँजी हो । तर, यहाँ राष्ट्र बैंक नियामकीय छुट दिएर अनावश्यक मर्जरमा बढी केन्द्रित भयो । जसले बैंकहरू को ठूलो बन्ने भनेर अस्वस्थ प्रतिस्पर्धामा रुमल्लिएका छन् ।

### मर्जरको प्रभाव तत्कालै देखिँदैन

● **डा. गुणाकर भट्ट**, प्रवक्ता, नेपाल राष्ट्र बैंक



मर्जरका लाभका विषयमा विभिन्न विश्लेषणहरू भइरहेका छन् । मर्जरपछि बैंकिङ प्रणालीमा तत्कालै प्रभाव देखिँदैन । मर्जरपछि तत्कालका लागि स्प्रेडदरमा दिइएको छुटले बैंकहरूको आम्दानीमा सहजता थपेको छ । यद्यपि, अन्य किसिमका प्रभावहरू हेर्न भने केही समय कुर्नुपर्ने हुन्छ ।

# भारतसँगको ऊर्जा व्यापार नौ अर्ब घाटामा

## १९.४४ अर्बको बिजुली आयात हुँदा १०.४५ अर्बको निर्यात

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

गत आर्थिक वर्ष ०७९/८० मा नेपाल विद्युत् प्राधिकरणले भारतसँगको विद्युत् व्यापारमा नौ अर्ब रुपैयाँबराबरको घाटा व्यहोरेको छ । भारतसँगको विद्युत् व्यापारमा घाटा व्यहोरिरहेको प्राधिकरणले गत आवदेखि भने नाफामा जाने अनुमान गरिएको थियो । तर, गत आवमा प्राधिकरणले भारतबाट १९ अर्ब ४४ करोडबराबरको विद्युत् आयात गर्दा १० अर्ब ४५ करोडको मात्रै निर्यात गरेको छ ।

प्राधिकरणले स्वदेशी माग धान्न सन् १९७१ देखि नै भारतबाट विद्युत् आयात गर्दै आएको थियो । बर्खामा उत्पादन बढी भएका वेलामा इनर्जी बैंकिङ (पैंचो)का रूपमा भारतको बिहार राज्यलाई बिक्री गर्दै आएको थियो । पछि हिउँदमा निर्यात भएबराबरको विद्युत् आयात गरिन्थ्यो र बढी भएमा शुल्क भुक्तानी गरिन्थ्यो । प्राधिकरणले कात्तिक ०७८ देखि भने भारतको इनर्जी एक्सचेन्ज मार्केटमा व्यापारिक रूपमा नै विद्युत् बिक्री गर्दै आएको छ । हिउँदमा पनि त्यही मार्केटबाट बिजुली किन्ने गरिन्छ ।

तथ्यांकअनुसार गत आवमा रकमका आधारमा विद्युत् आयात बढेको छ । अघिल्लो आव ०७८/७९ मा प्राधिकरणले १५ अर्ब ४६ करोड ६० लाख रुपैयाँको विद्युत् आयात गरेको थियो । त्यसअनुसार गत आवमा झन्डै चार अर्बभन्दा बढीको विद्युत् आयात भएको देखिन्छ । प्राधिकरणका अनुसार आव ०७८/७९ मा तीन अर्ब ८८ करोड ४० लाख रुपैयाँको विद्युत् निर्यात भएको थियो ।

विद्युत्लाई नेपालको वैदेशिक व्यापार घटाउने बलियो आधार मानिएको छ । तर, विद्युत् को मात्रै व्यापारमा पनि नेपाललले ठूलो घाटा व्यहोरेको प्राधिकरणको तथ्यांकले देखाएको छ । गत आवमा सुक्खायाम बढ्दा विद्युत् आयात बढेको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले बताए ।

नेपालमा विद्युत्को जडित क्षमता  हालसम्म २८ सय २२ मेगावाट पुगेको छ । तर, स्वदेशी माग भने दुई हजार मेगावाट हाराहारी मात्रै छ । नेपालमा अधिकांश जलविद्युत् आयोजना नदी प्रवाह (आरओआर)मा आधारित छन् । त्यो अवस्थामा बर्खामा खोलामा पानी बढी हुँदा उत्पादन पनि पूर्ण हुन्छ । यही समयमा भारतमा विद्युत् निर्यातसमेत गर्न सकिन्छ । तर, हिउँदमा खोलामा पानी कम हुँदा उत्पादन स्वदेशी मागभन्दा पनि कम हुन्छ । त्यसवेला स्वदेशी माग धान्न भारतबाटै विद्युत् आयात गर्नुपर्छ । तर, गत आवमा सुक्खायाम अस्वाभाविक रूपमा लम्बिँदा हिउँदमा विद्युत् उत्पादन पनि ह्वात्तै घट्यो ।

गत आवको हिउँदामा मनसुन कम त भयो नै । त्यसमाथि हिउँ पनि कम पऱ्यो । पानी र हिउँ दुवै नपर्दा खोलामा पानी बहाब एकदमै कम भयो । विद्युत्को जडित क्षमता बढे पनि अघिल्ला आवहरूमा भन्दा पनि विद्युत् उत्पादन कम भयो । त्यो अवस्थामा महँगोमा भारतीय विद्युत् बढी नै आयात गर्न बाध्यता भएको कार्यकारी निर्देशक घिसिङको भनाइ छ ।

सामान्यतया नेपालले पुसबाट वैशाखसम्म विद्युत् आयात गर्नुपर्छ । गर्मीका कारण वैशाख र जेठमा हिउँ पग्लेर खोलामा पानी बढ्दा विद्युत् उत्पादन पनि बढ्छ । त्यसवेला स्वदेशी माग धान्ने गरी नै विद्युत् उत्पादन हुन्छ । मनसुन सुरु भएपछि जेठको अन्तिम साता वा असारदेखि भने निर्यात गर्ने बिजुली नै उत्पादन हुन्छ । तर, यसपालि असारसम्मकै विद्युत् आयात गर्नुपरेको थियो । अहिले भने प्राधिकरणले भारतमा दैनिक तीन सय मेगावाटसम्म विद्युत् निर्यात गर्दै आएको छ ।




### ■ कुलमान भन्छन्- अब प्राधिकरणको आइपिओ ल्याउँछौं

कार्यकारी निर्देशक कुलमान घिसिङ पछिल्लो समय प्राधिकरणले व्यावसायिक रूपमा राम्रो उपलब्धि भएको बताउँछन् । 'प्राप्त उपलब्धिलाई संस्थागत गर्नु पहिलो चुनौती हो । त्यसबाहेक उत्पादित विद्युत्को बजार व्यवस्थापन दोस्रो चुनौतीका रूपमा रहेको छ,' उनले भने, 'त्यसबाहेक विद्युत् आपूर्तिको नियमितता र गुणस्तर वृद्धि गर्नु तेस्रो चुनौती छ । चुनौतीको समाधान गरी आगामी दिनमा मुलुकभरका नागरिकलाई पर्याप्त, नियमित, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्ति गर्न हरसम्भव प्रयास गरी र नाफासहितको सक्षम, सबल प्राधिकरण बनाउने गरी काम गर्नेछु ।' उनले सर्वसाधारणका लागि प्राधिकरणको आइपिओ जारी गर्नेसमेत तयारी भइरहेको बताए ।

### ■ प्राधिकरणको नाफा पनि घट्यो

समीक्षा वर्षमा प्राधिकरणको नाफासमेत घटेको छ । गत आवमा प्राधिकरणले १२ अर्ब ३३ करोड रुपैयाँ नाफा कमाएको छ, जुन अघिल्लो आव ०७८/७९ को तुलनामा कम हो । प्राधिकरणले अघिल्लो आवमा १३ अर्ब ३७ अर्ब रुपैयाँ खुद नाफा (करपछिको) कमाएको थियो । तर, गत आवमा करअघिको नाफा नै त्योभन्दा कम अर्थात् १२ अर्ब ३३ करोडमा सीमित भएको छ । आव ०७७/७८ मा प्राधिकरणको खुद नाफा भने ६ अर्ब १० करोड रुपैयाँ रहेको थियो । त्यसको तुलनामा आव ०७८/७९ मा प्राधिकरणको नाफा दोब्बर बढेको थियो । गत आवमा विद्युत् आयातमा खर्च बढ्दा नाफा प्रभावित भएको कार्यकारी निर्देशक घिसिङले बताए । साथै, प्राधिकरणले गत आवमा विभिन्न क्षेत्रमा लगानी पनि बढाएको छ, त्यसको असरले पनि नाफा प्रभावित भएको हुन सक्ने प्राधिकरणको भनाइ छ ।

### ■ ११८ अर्ब आम्दानी, खर्च १०४ अर्ब

प्राधिकरणले गत आवमा विद्युत् बिक्रीलगायतका माध्यमबाट कुल एक खर्ब १८ अर्ब आम्दानी गरेको छ । त्यसमा विद्युत् निर्यात गरेर १० अर्ब ४५ करोड आम्दानी भएको छ । स्वदेशमा विद्युत् बिक्री तथा अन्य माध्यमबाट एक खर्ब सात अर्ब ५५ करोड रुपैयाँ आम्दानी भएको घिसिङले बताए ।

आव ०७८/७९ मा प्राधिकरणले एक खर्ब एक अर्ब रुपैयाँ आम्दानी गरेको थियो । त्यसको तुलनामा प्राधिकरणको आम्दानी बढेको छ । गत आवमा प्राधिकरणको खर्च भने ह्वात्तै बढेको छ । अघिल्लो आवमा ८५ अर्ब १२ करोड रहेको प्राधिकरणको खर्च गत आवमा एक खर्ब चार अर्ब ६३ करोड रुपैयाँ पुगेको छ । यसरी खर्च बढ्दा पनि नाफा प्रभावित भएको प्राधिकरणको भनाइ छ ।

### ■ घट्यो विद्युत् चुहावट

समीक्षा वर्षमा प्राधिकरणले विद्युत् चुहावट भने नियन्त्रण गर्न सकेको देखिन्छ । तथ्यांकअनुसार गत आवमा प्राधिकरणले विद्युत् चुहावट १३.४६ प्रतिशतमा ल्याउन सफल भएको हो । आव ०७८/७९ मा विद्युत् चुहावट १५.३८ प्रतिशत थियो । अहिले भने त्यो घटेको हो । समीक्षा वर्षमा वितरणतर्फको विद्युत् चुहावट ९.७६ प्रतिशतमा झरेको छ ।

### ■ बढ्यो प्रतिव्यक्ति विद्युत् खपत

समीक्षा वर्षमा प्रतिव्यक्ति विद्युत् खपत ३० प्रतिशत युनिटले बढेको देखिन्छ । ०७९ असार मसान्तसम्म प्रतिव्यक्ति विद्युत् खपत तीन सय ५० युनिट थियो । अहिले त्यो बढेर तीन सय ८० युनिट पुगेको प्राधिकरणको भनाइ छ । दुई वर्षअघि प्रतिव्यक्ति विद्युत् खपत दुई सय ३५ युनिट थियो । हालसम्म प्रतिव्यक्ति विद्युत् खपत ह्वात्तै बढेको घिसिङले बताए ।

# इन्धन अनियमिततामा पहिलोपटक आयल निगमलाई कारबाही

भैरहवामा **दिपेश पछाई**

पटक-पटक दोहोरिने इन्धन अनियमितताका घटनामा मिलेमतो आशंका गरिए पनि जोगिँदै आएको आयल निगमलाई पहिलोपटक कारबाहीको दायरामा ल्याइएको छ । गत ८ वैशाखमा भैरहवा भन्सार कार्यालय हुँदै तीन हजार तीन सय ८४ लिटर पेट्रोल तस्करी भएको घटनामा निगमलाई दोषी ठहर गर्दै भन्सार कार्यालयले १६ लाख २४ हजार तीन सय २० रुपैयाँ जरिवाना तोकेको छ । भैरहवा भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत मनिराम पौडेलले अनुसन्धानका क्रममा तेल तस्करीमा मिलेमतो देखिएकाले निगमको लुम्बिनी प्रादेशिक कार्यालय, भैरहवालाई जरिवाना तिराउने निर्णय भएको बताए । 'भन्सारमा घोषणा गरेभन्दा बढी पेट्रोल जाँचपास गराई लैजान लागेको अवस्थामा पक्राउ गरी अनुसन्धान गरेका थियौं,' पौडेलले भने, 'त्यसक्रममा आयल निगम र ट्यांकरचालक दोषी भेटियो र जरिवाना तिराउने निर्णय भएको छ ।'

पेट्रोलियम ढुवानी गर्ने ट्यांकरलाई सबै भन्सार कार्यालयमा 'ग्रिन लेन' प्रयोग गर्न दिने व्यवस्था छ । यसमा कुनै परीक्षण नगरी कागजमा घोषणा भएको वस्तु र परिमाण ठीक छ भनी तोकिएको दस्तुर तिर्न लगाई जाँचपास गराइन्छ । यही व्यवस्थाको फाइदा लिँदै ८ वैशाखमा लु.रख ४८३९ नम्बरको ट्यांकरमा २० हजार लिटर पेट्रोल ल्याएको कागज बनाई २३ हजार तीन सय ८४ लिटर पेट्रोल लुकाएर ल्याइएको थियो ।

सो दिन इन्धन लगातार तीनवटा ट्यांकर जाँचपासका लागि आएकोमा लु.रख ४८३९ नम्बरको ट्यांकरको माथिल्लो भागबाट तेल चुहिएको भेटिएको थियो । शंका लागेर परीक्षण गर्दा तोकिएभन्दा बढी तेल ढुवानी भएको भेटेपछि भन्सार कार्यालयका अधिकृतले पक्राउ गरी अनुसन्धान गरेका थिए ।

'त्यस दिन तीनवटा ट्यांकर नियन्त्रणमा लिएर चेकजाँच गरेका हौं । सो क्रममा दुईवटा ट्यांकरमा स्वघोषणाअनुसारको परिमाणमा तेल भएपछि छाडिदिएका थियौं, तर लु.रख ४८३९ नम्बरको ट्यांकरमा बढी तेल भेटिएपछि नियन्त्रणमा लियौं,' प्रमुख भन्सार अधिकृत पौडेलले भने, 'अनुसन्धान गर्ने क्रममा तेल लोड भएको ट्यांकरको साँचो इन्डियन आयल कर्पोरेसनको डिपो र आयल निगमको डिपोमा मात्रै हुने थाहा हुन आयो । विनासाँचो ट्यांकरमा बढी तेल कसरी हालियो भन्ने विषयमा अनुसन्धान गर्दा निगम र चालकको कमजोरी भेटियो र कारबाहीको निर्णय गरेका हौं ।'

ग्रिन लेनमा रहेर आयात-निर्यातको सुविधा लिएका कम्पनीले स्वघोषणा गरेको तुलनामा वस्तु तथा सेवाको परिमाण वा गुणस्तर घटबढ भएमा जफत गरिएको वस्तुको प्रचलित मूल्यको पाँच गुणासम्म जरिवाना तिराउने व्यवस्था छ । सोही व्यवस्थाअनुसार तस्करी भएको तीन हजार हजार तीन सय ८४ लिटर पेट्रोलको बजार मूल्यको पाँच गुणा हुन आउने १६ लाख १६ लाख २४ हजार तीन सय २० रुपैयाँ आयल निगमलाई जरिवाना तिराउने निर्णय भन्सार कार्यालयले गरेको छ ।

### ■ निगमको समिति आफू जोगिएर अरूलाई दोष देखाउँछ

वैशाख ८ को घटनाअघि र पछि पनि इन्धन अनियमितता भइरहेका छन् । यस्ता घटना छानबिनका लागि आयल निगमले नै समिति र प्रतिवेदन बनाउने हुँदा कर्मचारीलाई सधैं जोगाउने र ढुवानी व्यवसायी तथा चालकलाई दोषी करार गर्ने गरिएको छ । १० फागुन ०७९ मा झापाको चारआलीस्थित शाखा कार्यालयमा ८० हजार लिटर डिजेल मिसावटयुक्त भेटिएपछि निगमले बनाएको छानबिन समितिले कर्मचारीलाई चोख्याउँदै ढुवानीकर्ता र चालक तथा सहचालकलाई कारबाही सिफारिस गरेको थियो । गत असार पहिलो साता भैरहवा डिपोछेउ पडसरीस्थित यादव पेट्रोलपम्प परिसरबाट लु.रख ७३७ नम्बरको ट्यांकरबाट डिजेल चोरी भएको अवस्थामा प्रहरीले रंगेहात समातेको थियो ।

सो घटनामा निगमले समिति बनाई चालक र सहचालकलाई आजीवन इन्धन ढुवानीमा प्रतिबन्ध र ट्यांकरलाई तीन महिनासम्म इन्धन ढुवानीमा रोक लगाउने निर्णय गरेको छ । कर्मचारीको मिलेमतोका विषयमा प्रतिवेदनमा कुनै विषय उल्लेख छैन । पडसरी त्यही ठाउँ हो, जहाँ ०६९ मा ठूलो मात्रामा डिजेल चोरी भइरहेको अवस्थामा प्रहरीले चालक र ढुवानी व्यवसायीलाई पक्राउ गरेको थियो । यो विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विस्तृत अध्ययन गरी निगमका कर्मचारी, चालक, ढुवानी व्यवसायीलगायत ९९ विरुद्ध मुद्दा दायर गरेको थियो ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

त्यस्तै, ट्यांकरचालक अजय केसीलाई पनि लकिङ तोडेर धेरै इन्धन हालेको र स्वघोषणाभन्दा बढी इन्धन ढुवानी गरेको कसुरमा भन्सार कार्यालयले चार लाख ५६ हजार ८० रुपैयाँ जरिवाना तोकेको छ । सो घटनामा ट्यांकरधनी एक्सप्रेस परिवहन सेवा प्रालिका सञ्चालक चोपनारायण श्रेष्ठलाई सफाइ दिइएको छ । उनले भन्सारमा बुझाएको धरौटी रकमसमेत फिर्ता पाउने गरी निर्णय भएको छ ।

गत वैशाखमा नेपालको तुलनामा भारतीय बजारमा पेट्रोलको मूल्य २७ रुपैयाँ प्रतिलिटरसम्म सस्तो थियो । त्यसैले त्यहाँबाट सस्तो तेल किनेर नेपाली बजारमा महँगो मूल्यमा बिक्री गर्ने उद्देश्यले आइओसीबाट लोड भएभन्दा बढी परिमाणमा तेल ल्याउने गिरोह सक्रिय भएको थियो । आयल निगमले भने भैरहवा भन्सार कार्यालयको निर्णयमा असन्तुष्टि जनाउँदै पुनरावेदनमा जाने बताएको छ । कार्यालयको निर्णय चित्त नबुझे राजस्व न्यायाधीकरण, पोखरामा ३५ दिनभित्र पुनरावेदन गर्न सकिने व्यवस्था छ । सोही व्यवस्थाअनुसार पुनरावेदन गर्ने निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए । निगमको लुम्बिनी प्रादेशिक कार्यालय, भैरहवाका प्रमुख जगदीशचन्द्र यादवले जरिवाना तिर्नुपर्ने अवस्था आए ढुवानी व्यवसायीबाट असुल्ने बताएका छन् ।

# सिम्रिक हेलिकोप्टर उडानमा रोक

**काठमाडौं**/ नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले सिम्रिक एयरका हेलिकोप्टर उडानमा रोक लगाएको छ । क्यानले गरेको वित्तीय अडिटमा सिम्रिकको वित्तीय अवस्था कमजोर देखिएको र विमानस्थललाई तिर्नुपर्ने शुल्क बक्यौता पनि नतिरेको भन्दै उडानमा रोक लगाइएको हो ।

क्यानको टोलीले गरेको वित्तीय अडिटमा सिम्रिक एयरको विभिन्न बैंक तथा वित्तीय संस्थाहरूलाई तिर्नुपर्ने दायित्व बढी देखिएको सूचना अधिकारी ज्ञानेन्द्र भुलले बताए । यस्तै, आर्थिक वर्ष ०७९/८० सम्म सिम्रिक एयरले क्यानलाई बुझाउनुपर्ने विमानस्थल सेवा शुल्क ४६ लाख बक्यौता रहेको छ । 'कुनै पनि वायुसेवा कम्पनीको दायित्व अस्वाभाविक धेरै हुँदा उसले जहाजको नियमित मर्मत-सम्भार, पार्टपुर्जा फेरबदल, पाइलट तथा कर्मचारीको तलब-भत्ता, तालिमलगायतमा खर्च कम गर्न कन्जुस्याइँ गर्न थाल्छ,' भुलले भने, 'यसले वायुसेवा उडान सुरक्षामा गम्भीर समस्या निम्त्याउन सक्छ ।' विमानस्थलको सेवा लिएबापत वायुसेवा कम्पनीले सर्भिस शुल्क तिर्नुपर्ने हुन्छ । यदि सेवा शुल्क नतिरे क्यानले उडान रोक्न सक्छ ।

सिम्रिक एयरले पटक-पटक ताकेता गर्दा पनि बक्यौता तिर्न नखोजेको उनको भनाइ छ । 'शुक्रबारदेखि लागू हुने गरी सिम्रिकका सम्पूर्ण उडान रोकेका छौं,' भुलले भने, 'सिम्रिकले विमानस्थलको बक्यौता बुझाउनेदेखि वित्तीय समाधान गर्नेबित्तिकै उडान सुचारु हुन्छ, नत्र उडान गर्न पाउँदैन ।'

# सनूराइज फर्स्ट म्युचुअल फन्डको प्रतिफल घोषणा

**काठमाडौं**/ लक्ष्मी सनूराइज बैंक लिमिटेडबाट प्रवर्द्धन गरिएको तथा सनूराइज क्यापिटल लिमिटेडले व्यवस्थापन गरेको सनूराइज फर्स्ट म्युचुअल फन्डको प्रतिफल घोषणा भएको छ।

सनूराइज म्युचुअल फन्डअन्तर्गत सञ्चालित योजनाले आर्थिक वर्ष ०७९/८० का लागि फन्डका इकाइधनीलाई करसहित १६ प्रतिशत प्रतिफल दिने भएको हो। इकाइधनीलाई कुल १३ करोड ७६ लाख रुपैयाँ प्रतिफल वितरण गर्न लागेको कम्पनीले जनाएको छ। विगत तीन वर्षमा सनूराइज फर्स्ट म्युचुअल फन्ड योजनाले ६९ प्रतिशत लाभांश वितरण गर्न सफल भएको जनाइएको छ।

**सेयरधनीलाई ३० प्रतिशत लाभांश दिने**

लक्ष्मी सनूराइज बैंक लिमिटेडको पूर्ण स्वामित्वमा सञ्चालित सहायक कम्पनी सनूराइज क्यापिटलले सेयरधनीलाई करसहित ३० प्रतिशत लाभांश वितरण गर्ने निर्णय गरेको छ। साधारणसभाले निर्णय गरेको लाभांश साधारणसभाबाट पारित भएपछि वितरण गरिने छ।

# एक वर्षमा एनसेलले थप्यो तीन सय ३८ वटा मोबाइल टावर

**नयाँ पत्रिका**

एनसेल आजियाटा लिमिटेडले देशका विभिन्न ठाउँमा तीन सय ३८ नयाँ बेस ट्रान्ससिभर स्टेसन (बिटिएस) अर्थात् मोबाइल टावरहरू जडान गरेको छ। कम्पनीले आफ्नो सेवा विस्तार र गुणस्तरलाई थप सुधार गर्दै यी टावरहरू गत आर्थिक वर्ष ०७९/८० मा जडान गरेको हो।

फोरजी सेवाको पहुँचबाट स्थानीयलाई लाभ प्रदान गर्न पहिलोपटक हिमाली, पहाडी र तराई भेगका ५५ ग्रामीण तथा दुर्गम ठाउँमा सेवा विस्तार गरेको कम्पनीको भनाइ छ। पहिलोपटक फोरजी सेवा विस्तार गरिएका नयाँ स्थानहरूमा रसुवाको उत्तरगया गाउँपालिका, दैलेखको ठाटीकाँध गाउँपालिका, बझाङको दुर्गाथली गाउँपालिका, खोटाङको जन्तेढुंगा गाउँपालिकालगायतका ग्रामीण इलाकाहरूका साथै इनरुवा नगरपालिकाकालगायतका ठाउँहरू पर्ने कम्पनीले जनाएको छ।

गत आवमा नै एनसेलले आफूले प्रदान गर्दै आएको सेवाको गुणस्तर सुधार र ग्राहकको सेवा अनुभव अभिवृद्धि गर्न दुई सय ८३



नयाँ टावरहरू जडान गरेको दाबी गरेको छ। एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले एनसेलका लागि सबैभन्दा महत्त्वपूर्ण पक्ष नेपालभर एउटा राम्रो दूरसञ्चार नेटवर्क निर्माण गर्नु रहेको बताए। कम्पनीले डिजिटल नेपालको परिकल्पनामा योगदान गर्न आधारभूत मोबाइल र उच्च गतिको मोबाइल ब्रोडब्यान्ड कनेक्टिभिटीमा पहुँच सुनिश्चित गर्दै देशका विभिन्न भागका दुर्गम क्षेत्रहरूलाई सेवाले जोडेको उनको भनाइ थियो। उनले भने, 'गुणस्तरीय आधुनिक सेवाहरू प्रदान गर्दै हाम्रा ग्राहक र साझेदारलाई यसको लाभ प्रदान गर्न हामी निरन्तर काम गरिरहेका छौं।'

एनसेलले फोरजी क्षमता अभिवृद्धि गर्दै गत आवमा विभिन्न ६० जिल्लाका झन्डै एक हजार चार सय ५० मोबाइल टावरहरूको स्तरोन्नति पनि गरेको जनाएको छ। यसरी स्तरोन्नति गरिएका टावरहरूमध्ये सात सय ८० भन्दा बढी विभिन्न नगरपालिकामा स्थापना गरिएका टावर रहेको जनाइएको छ। गाउँपालिकास्तरमा जडित चार सय ४० भन्दा बढी टावरहरूको स्तरोन्नति गरिएको उल्लेख छ।

# ग्लोबल आइएमईको क्युआर कोडमार्फत हुने भुक्तानी भ्वाइसमा

**काठमाडौं**/ ग्लोबल आइएमई बैंकको स्मार्ट अडियो डिभाइसबाट भ्वाइस मेसेजद्वारा क्युआर कोडमार्फत गरिने भुक्तानी पुष्टि हुने सुविधा सुरु गरेको छ। बैंकले क्युआर कोडमार्फत गरिने भुक्तानी पुष्टिका लागि साउन्ड बक्स र एलइडी डिस्प्लेसहितको सेवा ल्याएको हो।

यो योजनासँगै बैंकका ग्राहकले क्युआर कोड स्क्यान गरी भुक्तानी गर्दा भुक्तानीको पुष्टीकरण एलइडी बोर्डमा रहेको साउन्ड बक्सले भुक्तानी पुष्टि गर्ने भ्वाइस मेसेज दिने जनाइएको छ। यसले ग्राहक र व्यापारीका लागि सम्पूर्ण प्रक्रियालाई सुविधाजनक बनाउने बैंकले विश्वास व्यक्त गरेको छ। यसबाट मर्चेन्ट-व्यापारी तथा ग्राहकलाई मोबाइल फोनमा भुक्तानी प्राप्त भएको मेसेजका निमित्त कुर्नुपर्ने समयको पनि बचत हुने बैंकको भनाइ छ। साथै, यसबाट व्यापारीलाई भुक्तानी आवेदनको पुष्टीकरण निर्भरतासमेत घटाउने जनाइएको छ।

## कर्जा चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक अत्यन्त जरूरी सूचना

प्रकाशित मिति : २०८०/४/२६ गते

यस महालक्ष्मी विकास बैंक लि.को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाई ऋणीहरुले कर्जा उपभोग गर्दै आउनु भएकोमा उक्त कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज आदि चुक्ता भुक्तान गर्न आउन तपाईहरुलाई पटक पटक लिखित तथा मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्था गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सो अवधि भित्र बैंकमा उपस्थित हुनु भई तपाई ऋणीहरुले बुझाउनु पर्ने सम्पूर्ण कर्जा रकम सोको व्याज तथा दैदस्तुर समेत चुक्ता गरी आफ्नो धितो सम्पत्ति फुकुवा गरी लिनु हुन सूचित गरिन्छ। अन्यथा, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको कालोसूची सम्बन्धी निर्देशिका तथा बैंकको कर्जा असूली एवं धितो गैह्र बैंकिंग सम्पत्ति विक्री कार्यविधि लगायत प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई कर्जा सूचना लि.को कालोसूचीमा राखी अन्य कानूनी कारबाही समेत अगाडी बढाइने कुरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै व्यक्तिगत जमानतदाता, धितोकर्ता तथा सरोकारवालाहरुले समेत यसै सूचना बमोजिम जानकारी लिनुहोला।

**तपसिल**

**अमरपथ बुटवल शाखा :**

**१. ऋणी : श्री चन्दा बराल** (ना.प्र.न. ३७-०२-७०-०५५०७ जारी मिति २०७०/८/१०, जि.प्र.का. रुपन्देही)
बाबु : श्री राम बहादुर नेपाली, ससुरा : श्री लाल बहादुर दमाई, पति : श्री दोमन बराल
ठेगाना : देवदह गा.वि.स. वडा नं. ८, रुपन्देही हाल बुटवल उ.म.न.पा. वडा नं. ७, रुपन्देही
**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री चन्दा बराल (ना.प्र.न. ३७-०२-७०-०५५०७ जारी मिति २०७०/८/१०, जि.प्र.का. रुपन्देही)
बाबु : श्री राम बहादुर नेपाली, ससुरा : श्री लाल बहादुर दमाई, पति : श्री दोमन बराल
ठेगाना : देवदह गा.वि.स. वडा नं. ८, रुपन्देही हाल बुटवल उ.म.न.पा. वडा नं. ७, रुपन्देही
(ख) श्री दोमन बराल (ना.प्र.न. ५०१०४२/१२१८५ जारी मिति २०६६/१/२९, जि.प्र.का. बाग्लुङ्ग)
बाबु : श्री लाल बहादुर दमाई, बाजे : श्री उम बहादुर दमाई
ठेगाना : दगातुम्डाडा गा.वि.स. वडा नं. ४, बागलुङ्ग हाल बूटवल उ.म.न.पा. वडा नं. ७, रुपन्देही
कर्जा : हाउजिङ लोन (टर्म)
**धितो सुरक्षणको विवरण :** श्री राम बहादुर नेपालीको छोरी, श्री लाल बहादुर दमाईको बुहारी, श्री दोमन बरालको पत्नि, देवदह गा.वि.स. वडा नं. ८, रुपन्देही स्थायी ठेगाना भई हाल बुटवल उ.म.न.पा. वडा नं. ७, रुपन्देही बस्ने श्री चन्दा बरालको नाममा मालपोत कार्यालय परासी, (बर्दघाट सुस्ता पश्चिम)नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, तिलकपुर गा.वि.स. वडा नं. ५ (नक्सा सि.नं. ५) स्थित कि.नं. १३१६ को क्षे.फ. ०-१-३.२५-० (बि.क.धु.) भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

**२. ऋणी : श्री ममता भण्डारी** (ना.प्र.न. ३७-०२-७३-०५६६६ जारी मिति २०७३/८/१३, जि.प्र.का. रुपन्देही)
बाबु : श्री राम प्रसाद भण्डारी, ससुरा : श्री विष्णु प्रसाद भुसाल, पति : श्री विमल भुसाल
ठेगाना : बुटवल न.पा. वडा नं. १३, रुपन्देही
**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री ममता भण्डारी (ना.प्र.न. ३७-०२-७३-०५६६६ जारी मिति २०७३/८/१३, जि.प्र.का. रुपन्देही)
बाबु : श्री राम प्रसाद भण्डारी, ससुरा : श्री विष्णु प्रसाद भुसाल, पति : श्री विमल भुसाल
ठेगाना : बुटवल न.पा. वडा नं. १३, रुपन्देही
(ख) श्री बिमल भुसाल (ना.प्र.न. ४०-०१-७१-०४४८५ जारी मिति २०७१/११/३, जि.प्र.का. अर्घाखँची)
बाबु : श्री बिष्णु प्रसाद भुसाल, बाजे : श्री खुमलाल भुसाल
ठेगाना : छत्रदेव गा.पा. वडा नं. १, अर्घाखँची
(ग) श्री बिष्णु प्रसाद भुसाल (ना.प्र.न. ८८३/११३५ जारी मिति २०४५/७/१७, जि.प्र.का. अर्घाखँची)
बाबु : श्री खुमलाल भुसाल, बाजे : श्री शिवलाल भुसाल
ठेगाना : चिदिका गा.वि.स. वडा नं. १, अर्घाखँची
(घ) श्री लिलादेवी भुसाल (ना.प्र.न. ११८/१५५ जारी मिति २०४६/१/१३, जि.प्र.का. अर्घाखँची)
बाबु : श्री पुनाराम पौडेल, ससुरा : श्री खुमलाल भुसाल, पति : श्री बिष्णु प्रसाद भुसाल
ठेगाना : चिदिका गा.वि.स. वडा नं. ६, अर्घाखँची
कर्जा : हाउजिङ लोन (टर्म)
**धितो सुरक्षणको विवरण :** श्री राम प्रसाद भण्डारीको छोरी, श्री बिष्णु प्रसाद भुसालको बुहारी, श्री बिमल भुसालको पत्नी बुटवल न.पा. वडा नं. १३, रुपन्देही बस्ने श्री ममता भण्डारीको नाममा मालपोत कार्यालय परासी, (बर्दघाट सुस्ता पश्चिम) नवलपरासीमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, जमुवाड गा.वि.स. वडा नं. ९ (नक्सा सि.नं. ९/क) स्थित कि.नं. २९५३ को क्षे.फ. ०-२-५-० (बि.क.धु.) भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

**राजापुर शाखा :**

**१. ऋणी : धामी ट्रेडर्स** (प्रो. श्री भरत बहादुर धामी)
प्रा.फ.र.नं. : ५७/१४४७/०६९/०७० (घरेलु तथा साना उद्योग कार्यालय, बर्दिया)
दर्ता मिति : २०६९/५/७
पान नं. : ३०५५७७६७०
ठेगाना : जिल्ला बर्दिया गेरुवा गा.पा. वडा नं. ३
**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री भरत बहादुर धामी, बाबु : श्री डबल बहादुर धामी, बाजे : श्री गेडे धामी
(ख) श्री हरीकला देवी धामी, बाबु : श्री गचे धामी, ससुरा : श्री डबल बहादुर धामी, पति : श्री भरत बहादुर धामी
(ग) श्री इसरा देवी धामी, बाबु : श्री चौठे रावत, ससुरा : श्री गेडे धामी, पति : श्री डबल बहादुर धामी
ठेगाना : जिल्ला अछाम, दर्ना गा.वि.स. वडा नं. ९
कर्जा : व्यापार ओ.डी. कर्जा
**धितो सुरक्षणको विवरण :** (क) श्री गेडे धामीको नाति, श्री डबल बहादुर धामीको छोरा, हाल जिल्ला बर्दिया गेरुवा गा.पा. वडा नं. ३, गणेशपुर बस्ने श्री भरत बहादुर धामीको नाममा मालपोत कार्यालय राजापुर, बर्दियामा दर्ता रहेको बर्दिया जिल्ला पाताभार गा.वि.स. वडा नं. २ स्थित कि.न. ७८२, १६०९ र १६११ को क्षे.फ. ०-२-०-०, ०-३-०-० र ०-६-०-० (बि.क.धु) भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।
(ख) श्री गेडे धामीको बुहारी, श्री डबल बहादुर धामीको पत्नि, हाल जिल्ला बर्दिया गेरुवा गा.पा. वडा नं. ३, गणेशपुर बस्ने श्री इसरा देवी धामीको नाममा मालपोत कार्यालय टीकापुर, कैलालीमा दर्ता रहेको कैलाली जिल्ला टीकापुर न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९/ध) स्थित कि.नं. २२४ को क्षे.फ. ३१५.०० ब.मी. भएको जग्गा तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलगापात समेत।

**२. ऋणी : मष्टा बिन्देवासनी ट्रेडर्स** (प्रो. श्री हरिकला देवी धामी)
दर्ता नं. : ८१/०७७/७८ (गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बर्दिया)
दर्ता मिति : २०७७/६/१२
पान नं. : ६१३८४५५३५
ठेगाना : जिल्ला बर्दिया गेरुवा गा.पा. वडा नं. ३
**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री हरीकला देवी धामी, बाबु : श्री गचे धामी, ससुरा : श्री डबल बहादुर धामी, पति : श्री भरत बहादुर धामी
(ख) श्री भरत बहादुर धामी, बाबु : श्री डबल बहादुर धामी, बाजे : श्री गेडे धामी
ठेगाना : जिल्ला अछाम, दर्ना गा.वि.स. वडा नं. ९
(ग) श्री गीता के.सी, बाबु : श्री गेहेन्द्र बहादुर खत्री, ससुरा : श्री धन बहादुर धामी, पति : श्री टंक धामी
ठेगाना : जिल्ला बर्दिया मानपुरटपरा गा.वि.स. वडा नं. ९
कर्जा : सहुलीयत कर्जा (धितो बिनाको कर्जा)

**हेटौंडा शाखा :**

**१. ऋणी : श्री सरोज लामिछाने** (ना.प्र.नं. ३७/२५३४६ जारी मिति २०६२/४/१०, जि.प्र.का. मकवानपुर)
बाबु : श्री तारा प्रसाद लामिछाने, बाजे : श्री कृष्ण प्रसाद लामिछाने
ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४
**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री सरोज लामिछाने (ना.प्र.नं. ३७/२५३४६ जारी मिति २०६२/४/१०, जि.प्र.का. मकवानपुर)
बाबु : श्री तारा प्रसाद लामिछाने, बाजे : श्री कृष्ण प्रसाद लामिछाने
(ख) श्री तारा प्रसाद लामिछाने (ना.प्र.नं. ५८२६ जारी मिति २०३९/३/३०, जि.प्र.का. मकवानपुर)
बाबु : श्री कृष्ण प्रसाद लामिछाने, बाजे : श्री युगनाथ लामिछाने
ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४
(ग) श्री सिर्जना न्यौपाने (ना.प्र.नं. ३७२००३/६५७७१ जारी मिति २०६७/१२/१५, जि.प्र.का. रुपन्देही)
बाबु : श्री बाबुराम न्यौपाने, आमा : श्री बिमला न्यौपाने
ठेगाना : रुपन्देही जिल्ला देवदह गा.वि.स. वडा नं. ३ हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४
कर्जा : घर कर्जा (आवधिक)

**२. ऋणी : सुर्योदय हार्डवेयर एण्ड सप्लायर्स** (प्रो. श्री सरोज लामिछाने)
प्रा.फ.र.नं. : ८२७८/०५४/०५५ (घरेलु तथा साना उद्योग कार्यालय हेटौंडा, मकवानपुर)
दर्ता मिति : २०५४/७/८
पान नं. : ३०१४९०६८३
ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४
**व्यक्तिगत जमानीकर्ताहरु :**
(क) श्री सरोज लामिछाने (ना.प्र.नं. ३७/२५३४६ जारी मिति २०६२/४/१०, जि.प्र.का. मकवानपुर)
बाबु : श्री तारा प्रसाद लामिछाने, बाजे : श्री कृष्ण प्रसाद लामिछाने
(ख) श्री तारा प्रसाद लामिछाने (ना.प्र.नं. ५८२६ जारी मिति २०३९/३/३०, जि.प्र.का. मकवानपुर)
बाबु : श्री कृष्ण प्रसाद लामिछाने, बाजे : श्री युगनाथ लामिछाने
ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४
कर्जा : महालक्ष्मी उद्यमशिल कर्जा (अधिविकर्ष)
**धितो सुरक्षणको विवरण :** (क) श्री युगनाथ लामिछानेको नाती, श्री कृष्ण प्रसाद लामिछानेको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने श्री तारा प्रसाद लामिछानेको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ (नक्सा सि.नं. ४) स्थित कित्ता नं. ३८१२ को क्षेत्रफल ४६.५६ व.मि. भएको जग्गा र सो जग्गामा बनेको पक्की घर तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलिगापात समेत।
(ख) श्री कृष्ण प्रसाद लामिछानेको नाती, श्री तारा प्रसाद लामिछानेको छोरा, मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ९ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ४ बस्ने श्री सरोज लामिछानेको नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, हेटौंडा न.पा. वडा नं. ४ (नक्सा सि.नं. ४) स्थित कित्ता नं. २८७१ को क्षेत्रफल २२४.३५ व.मि. भएको जग्गा र सो जग्गामा बनेको पक्की घर तथा सो जग्गामा रहेको अन्य सम्पूर्ण लिगलिगापात समेत।

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)
**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-५३६८१५३, ५३६८७१९
**कर्जा असूली विभाग** थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०
सबल बैंक, सफल सहकार्य
www.mahalaxmibank.com

## Ngadi Group Power Ltd

Maharajgunj-03, Kathmandu, Nepal

**Unaudited Financial Statements for the Fourth Quarter on Ashad 31 , 2080 (16 July, 2023)**

Amount in NRs

| Particulars | F. Y. 2079/080 (4th Quarter) | F. Y. 2079/080 (3rd Quarter) | F. Y. 2078/079 (4th Quarter) |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Net Fixed Assets | 613,081,961 | 619,851,732 | 641,626,604 |
| **Financial Assets** | | | |
| Investments | 1,830,522,408 | 1,819,536,055 | 668,962,435 |
| Other non-current Assets | | | |
| **Total Non-Current Assets** | **2,443,604,369** | **2,439,387,787** | **1,310,589,039** |
| **Current Assets** | | | |
| Advance, Loan and Deposits | 170,737,298 | 160,473,752 | 400,100,823 |
| Cash and Bank Balance | 1,910,382 | 10,669,781 | 163,015,077 |
| **Total Current Assets** | **172,647,680** | **171,143,533** | **563,115,900** |
| **Total Assets** | **2,616,252,049** | **2,610,531,320** | **1,873,704,939** |
| **Equity and Liabilities** | | | |
| **Equity** | | | |
| Equity Share Capital | 1,851,279,223 | 1,851,279,223 | 706,932,400 |
| Other Equity | 88,712,861 | 88,712,861 | 186,057,400 |
| Retained Earnings | 67,345,845 | 56,446,402 | 90,393,255 |
| **Total Equity** | **2,007,337,929** | **1,996,438,486** | **983,383,055** |
| **Liabilities** | | | |
| **Non-Current Liabilities** | | | |
| **Financial Liabilities** | | | |
| Secured Consortium Loans | 73,179,542 | 75,085,430 | 129,253,086 |
| Provisions | | | |
| Deferred Tax | | | |
| Other non-current liabilities | | | |
| **Total Non-Current Liabilties** | **73,179,542** | **75,085,430** | **129,253,086** |
| **Current Liabilities** | | | |
| Trade and Other Payables | 495,570,224 | 515,259,873 | 93,940,910 |
| Short Term Borrowings | 23,605,735 | 23,605,735 | 662,536,339 |
| **Other Current Liabilities** | | | |
| TDS Payables | 16,558,618 | 141,796 | 4,591,550 |
| **Total Current Liabilities** | **535,734,577** | **539,007,405** | **761,068,798** |
| **Total Equity & Libilities** | **2,616,252,049** | **2,610,531,320** | **1,873,704,939** |

**Income Statement for the Period ended Asadh 31 , 2080 (16 July, 2023)**

Amounts in NRs

| Particulars | F. Y. 2079/080 (4th Quarter) | F. Y. 2079/080 (3rd Quarter) | F. Y. 2078/079 (4th Quarter) |
|---|---|---|---|
| Income from Power Sales | 123,509,665 | 100,106,412 | 127,596,369 |
| Less: Royalty Expenses | 3,124,220 | 2,502,128 | 3,051,927 |
| Less: Cost of Sales | 18,972,549 | 11,935,546 | 16,335,091 |
| **Gross Profit** | **101,412,896** | **88,170,866** | **108,209,351** |
| Add: Non Operating Income | 43,927,315 | 27,251,581 | 93,245,780 |
| **Less: Operating Expenses** | | | |
| Administrative Expenses | 7,400,329 | 6,740,897 | 8,719,094 |
| NEA Charge | | 7,344 | |
| **Operating Profit** | **137,939,882** | **108,674,207** | **192,736,038** |
| **Non Operating Expenses** | | | |
| Financial Cost | 32,219,092 | 29,977,509 | 71,164,834 |
| Depreciation | 29,058,773 | 21,774,870 | 29,064,848 |
| **Profit Before Tax & Bonus** | **76,662,017** | **56,921,827** | **92,506,356** |
| Provision for Staff Bonus | 1,533,240 | - | 1,850,127 |
| **Profit Loss after Bonus** | **75,128,777** | **56,921,827** | **90,656,229** |
| Current Tax | 7,647,635 | - | 4,591,550 |
| **Profit After Tax** | **67,481,142** | **56,921,827** | **86,064,679** |
| **Profit / (Loss) Appropriation** | | | |
| Profit / (Loss) for the period | 67,481,142 | 29,906,394 | 86,064,679 |
| Profit / (Loss) up to previous period | 88,231,254 | 114,906,558 | 4,328,576 |
| Less: Dividend Paid (Bonus Share) | (83,948,223) | (83,948,223) | - |
| Less: Cash for Dividend Tax | (4,418,327) | (4,418,327) | - |
| **Balance Carried to Retained Earnings** | **67,345,846** | **56,446,401** | **90,393,255** |

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-१४, नियम २६ को उपनियम (१) संग सम्बन्धित

### आ. व. २०७९/०८० को चौथो त्रैमासिक प्रतिवेदन

१) **वित्तीय विवरण**

(क) **त्रैमासिक अवधिको वासलात नाफा नोक्सान विवरण:**
यस डादी ग्रुप पावर लि.को उपरोक्त त्रैमासिक आवधि सम्मको अपरिस्कृत वासलात, नाफा नोक्सान विवरण यसै साथ पेश गरिएको छ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु / परिसूचकहरु:**

| | | | |
|---|---|---|---|
| **प्रति शेयर आम्दानी** (वार्षिकीकरण गरिएको) | ३.६५ | **पी.इ. रेसियो** (वार्षिकीकरण गरिएको) | ६४.१७ |
| **प्रति शेयर नेटवर्थ** | १०८.४३ | **तरलता अनुपात** | ०.३२ |
| **प्रति शेयर कुल सम्पत्तिको मूल्य** | १४१.३२ | | |

२) **व्यवस्थापकिय विश्लेषण:**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धि विवरण:**
यस त्रैमासिक अवधिमा डादी ग्रुप पावर लि.को सिउरी खोला जलविद्युत आयोजना पूर्ण रुपमा संचालनमा रहेको।

(ख) **व्यवस्थापनको विश्लेषणात्मक विवरण**
आगामी अवधिमा सम्पूर्ण शेयरधनीहरुको हितमा काम गर्दै कम्पनीलाई अगाडि बढाउन व्यवस्थापन कटिबद्ध रहेको छ।

३) **कानूनी कारवाहि सम्बन्धि विवरण:**

(क) यस अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर नभएको।
(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्था संचालकको विरुद्ध प्रचलित नियमको अवज्ञा वा फौजदारी अवरोध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको भए: कम्पनीको जानकारीमा नभएको।
(ग) कुनै संस्था वा संचालक विरुद्ध आर्थिक अवरोध गरेको सम्बन्धमा कुनै मुद्दा दायर नभएको।

४) **संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण:**

(क) शेयरको मूल्य तथा कारोबार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको व्यवस्थापन शेयरको मूल्य तथा कारोबार प्रति तटस्थ छ तर प्रचलित कानून अनुसार लगानीकर्ता तथा सम्बद्ध निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।
(ख) यस त्रैमासिक अवधिमा शेयरको अधिक्तम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबर संख्या: नेपाल स्टक एक्सचेन्जको वेवसाइट www.nepalstock.com अनुसार।

| | |
|---|---|
| शेयरको अधिक्तम मूल्य | २८०.१ |
| शेयरको न्यूनतम मूल्य | २१९.१ |
| शेयरको अन्तिम मूल्य | २३३.९ |
| कारोबार भएको कुल संख्या | १७७०५ |
| कारोबार भएको कुल दिन | ६२ |

५) **समस्या तथा चुनौती**

(क) परियोजना स्थलमा बाढि पहिरोको जोखिम तथा परियोजना स्थलभित्र भएका मेसिनमा आउन सक्ने समस्याहरु।
(ख) पावर हाउस र इन्टेकमा आउन सक्ने समस्याहरु
यस कम्पनीमा यस प्रकारका कुनै पनि समस्या आएको खण्डमा कम्पनीको संचालक समिति यस्ता कार्यलाई न्यूनीकरण गर्न सक्षम छ।

६) **संस्थागत सुशासन**
प्रचलित कानून बमोजिमका प्रकृया पुऱ्याई कम्पनीको संस्थागत सुशासन कायम गर्ने।

७) **सत्य तथ्यता सम्बन्धमा अध्यक्षको / कार्यकारी प्रमुखको उद्घोषण :**
आजको मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै मैले जानेबुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्तालाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरु लुकाएको छैन भन्ने कुरा उद्घोषण गर्दछु।

# सातै प्रदेशमा आइएमई लाइफको स्वास्थ्य शिविर



**काठमाडौं**/ आइएमई लाइफ इन्स्योरेन्सले स्थापनाको छैटौं वर्ष पूरा गरेको अवसर पारेर सातवटै प्रदेशमा बिहीबार बृहत् स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरेको छ। कम्पनीले सामाजिक उत्तरदायित्वको भावना बहन गर्दै सातै प्रदेशका विभिन्न १३ स्थानमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको हो।

कम्पनीले कोसी प्रदेशको बिर्तामोड, बुधबारे, इनरुवा, धनकुटा तथा ओखलढुंगामा आँखा शिविर र धनकुटामा दन्त शिविर सञ्चालन गरेको जनाएको छ।

त्यस्तै, मधेस प्रदेशको बारा, जितपुर र कलैयामा जनरल स्वास्थ्य शिविर सञ्चालन गरेको जनाइएको छ। बागमती प्रदेशको चापागाउँ स्वास्थ्यचौकीमा नेपाल आँखा अस्पताल त्रिपुरेश्वरको समन्वयमा आँखा शिविर कार्यक्रम गरिएको उल्लेख छ।

त्यस्तै, गण्डकी प्रदेशको शुक्लागण्डकी- ११ मा जनरल स्वास्थ्य जाँच शिविर सञ्चालन गरिएको छ। लुम्बिनी प्रदेशको गुल्मी तथा कर्णाली प्रदेशको तातोपानी गाउँपालिका जुम्लामा दन्त शिविर सञ्चालन गरिएको कम्पनीले उल्लेख गरेको छ। सुदूरपश्चिम प्रदेशको टीकापुरमा जनरल स्वास्थ्य जाँच शिविर, धनगढीमा दन्त शिविर र बेलौरीमा ज्येष्ठ नागरिक स्वास्थ्य शिविर सञ्चालन गरिएको कम्पनीले जनाएको छ।

कम्पनीका प्रमुख कार्यकारी अधिकृत कवि फुँयालले छैटौं स्थापना दिवसको अवसर पारेर साउन १५ मा खिर खाने कार्यक्रम, ललितपुरको आरुष अस्पतालको समन्वयमा जीवनशैली जनित रोगहरूबारे अभिकर्तामाझ जनचेतना कार्यक्रम, धरानमा एक हजार वृक्षरोपण कार्यक्रम, देशैभरि मानव सेवाआश्रम, बालआश्रम, ज्येष्ठ नागरिक आश्रम आदिमा सामाजिक उत्तरदायित्वका कार्यक्रम गरेको जानकारी दिए।

# राष्ट्रिय बैंक र नलगाड नगरपालिकाबीच सम्झौता



**काठमाडौं**/ राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र जाजरकोट जिल्लाको नलगाड नगरपालिकाबीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नलगाड नगरपालिकाका नगर प्रमुख डम्बरबहादुर रावतले हस्ताक्षर गरेका हुन्।

सम्झौताअनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्र उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिलाई परामर्श र उद्यमशीलतासम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने जनाइएको छ। यसरी तालिमप्राप्त व्यक्तिलाई कर्जाका लागि बैंकमा सिफारिस गर्ने त्यस्ता उद्यमीहरूलाई बैंकले नियमानुसार सहुलियतपूर्ण कर्जाअन्तर्गत कर्जा लगानी गर्ने उल्लेख छ।

बैंकका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले सम्झौताले कर्णाली प्रदेशमा बैंकले प्राथमिकताका साथ सहुलियतपूर्ण कर्जा लगानी गरेको बताए। नलगाड नगरपालिकाका नगर प्रमुख रावतले नगर क्षेत्र कृषिको पकेट क्षेत्र भएकाले कृषि उत्पादनमा सहयोग पुग्ने विश्वास व्यक्त गरे। कर्णाली प्रदेशका पूर्वमन्त्री गणेशप्रसाद सिंहले बैंकको सहुलियतपूर्ण कर्जाले जनताको जीवनस्तर उकास्ने बताए। बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले बैंकले राज्यले अवलम्बन गरेको सहुलियतपूर्ण कर्जा प्रवाहको पृष्ठभूमिका बारेमा बताउँदै उत्पादन, रोजगारी र आय सिर्जना गरी आर्थिक विकासमा योगदान पुऱ्याइरहेको उल्लेख गरे।

बैंकले हाल ७७ वटै जिल्लाका सदरमुकामसहित दुई सय ८२ शाखा, ६५ एक्सटेन्सन काउन्टर, दुई सय ६९ एटिएम र ९९ वटा शाखारहित बैंकिङमार्फत सेवा दिइरहेको जनाएको छ।

# एक्सपर्टको रक्तदानमा ६३ युनिट रगत संकलन

**कास्की**/ वार्षिकत्सवको अवसर पारी एक्सपर्ट एजुकेसन एन्ड भिसा सर्भिसेज पोखराले आयोजना गरेको रक्तदान कार्यक्रममा ६३ युनिट रगत संकलन भएको छ। एक्सपर्टले २०औं वार्षिकत्सवको अवसर पारेर लायन्स क्लब अफ पोखरा आदर्श र पोखरा ट्रेड मलसँगको सहकार्यमा कार्यक्रम आयोजना गरेको हो।

कार्यक्रमका सभापतिसमेत रहेका एक्सपर्टका एकेडेमिक हेड सली देवानले आगामी दिनमा समाजसँग जोडिएर आफूहरू अघि बढ्ने बताउँदै वार्षिकोत्सवका उत्सवमा पुम्दिकोटमा सरसफाइ, वृक्षरोपण, मानव सेवा आश्रममा आश्रितहरूलाई खाना खुवाउनेलगायतका कार्यक्रम गरेर मनाएको जानकारी गराए। एक्सपर्ट पोखराका मार्केटिङ अफिसर विष्णुप्रसाद गौतमले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न कार्यक्रम गर्दै आएको र वर्षभरि नै यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताए।

## कार्यकारी भूमिकादेखि...

पृष्ठ १ बाट क्रमशः

बृहत् अध्ययन गरेर प्रतिष्ठानले मुख्य १० वटा बुँदामा सरकारलाई सिफारिससमेत गरेको छ। कार्यालयलाई सर्वोच्च कार्यकारी तथा प्रशासनिक निकायका रूपमा विकास गर्न नसकिएको भन्दै त्यसका लागि सुधारका उपायहरू पेस गरेको छ।

२१ पुसमा प्रधानमन्त्रीको पदभार ग्रहण गर्दै प्रचण्डले प्रधानमन्त्री कार्यालयको सुदृढीकरण रणनीतिक योजना बनाउने पहिलो निर्णयमा हस्ताक्षर गरेका थिए। कार्यालयले यसको जिम्मा प्रतिष्ठानलाई दिएको थियो। अध्ययनको अनुसन्धातामा पूर्वसचिव शिशिरकुमार ढुंगाना, पूर्वमुख्यसचिव सोमलाल सुवेदी, अर्थशास्त्री डा. अच्युत वाग्ले र प्रतिष्ठानकै अनुसन्धाताहरू डा. मुक्तिराम रिमाल, डा. हरि शर्मा न्यौपाने, डा. खगनाथ अधिकारी, लक्ष्मण भट्टराई र गोपाल आचार्य छन्।

### कार्यालयको बोझिलो संरचना छरितो बनाउन सुझाव

प्रतिष्ठानले कार्यालयको विद्यमान संरचना बोझिलो भएको भन्दै यसलाई छरितो बनाउन सरकारलाई सुझाएको छ। यसका लागि प्रतिष्ठानले कार्यालयको हालको संरचनाको विस्तृत अध्ययन गरेको छ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विभिन्न ४८ वटा कार्यको जिम्मेवारी तोकेको छ। त्यसमा प्रधानमन्त्रीले नै अध्यक्षता गर्ने, नेतृत्व गर्ने र संरक्षण प्रदान गर्ने गरी तोकिएका आयोग, समिति, प्रतिष्ठान, बोर्ड, विश्वविद्यालयलगायतका सार्वजनिक प्रकृतिका निकायहरूको संख्या नै कम्तीमा ५० वटा छन्। कार्यालयमातहत रहेका आयोग, कार्यालय, विभाग र प्रतिष्ठान नै ११ वटा छन्। त्यसमा राष्ट्रिय योजना आयोग, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय सतर्कता केन्द्र, सार्वजनिक खरिद अनुगमन कार्यालय, नीति अनुसन्धान प्रतिष्ठान, नेपाल ट्रस्टको कार्यालय, राष्ट्रिय अनुसन्धान विभाग, लगानी बोर्ड कार्यालय, राष्ट्रिय तथ्यांक कार्यालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभाग छन्।

प्रतिष्ठानले अत्यावश्यकबाहेक प्रधानमन्त्री कार्यालयमातहत रहेका विभाग, केन्द्र, आयोग, समिति र आयोजनाहरू सम्बन्धित मन्त्रालय वा निकायको मातहत स्थानान्तरण गर्ने, कुनै निकाय कार्यालयअन्तर्गत रहनैपर्ने भए कारण र औचित्य स्थापित गरी औपचारिक निर्णय गराउने व्यवस्था गर्न भनेको छ।

'एकातिर संघीय संरचनाअन्तर्गत तीनै तहका सरकारहरूबीच समन्वय गर्नुपरेको छ भने अर्कोतर्फ नेपाल सरकारका मन्त्रालय तथा अन्य निकायबीच समन्वयपूर्ण सहयोगात्मक सम्बन्ध कायम राख्न पनि आवश्यक छ,' प्रतिवेदनमा भनिएको छ, 'सार्वजनिक सेवा प्रवाह तथा विकास निर्माणकार्यको समन्वय र सहजीकरण गर्ने तथा राष्ट्रको राजनीतिक नेतृत्व र प्रशासनबीचको सेतु एवं सरकार र गैरसरकारी क्षेत्रबीचको सम्पर्क बिन्दुको रूपमा समेत कार्यालयले काम गर्नुपरेको छ।'

विद्यमान कानुनी व्यवस्थाअनुसार कार्यालयले कार्यकारी, नीति तर्जुमा, समन्वय, व्यवस्थापन तथा सुपरिवेक्षण, सुशासन संवर्द्धन, अनुगमन तथा मूल्यांकन, संयोजन, सहयोग, सहजकर्ताको भूमिका काम गर्दै आएको छ। कार्यालयको यो कार्यबोझ र भूमिका बढी भएको अध्ययनको निष्कर्ष छ।

### कर्मचारी टिकाउनै धौधौ भएको निचोड

प्रधानमन्त्री कार्यालयमा कर्मचारीको काम गर्ने मनोबल नै नभएको समस्यालाई प्रतिवेदनले प्रमुखताका साथ उठाएको छ। वर्तमान आवश्यकताअनुरूप सरकार सञ्चालनका सबै क्षेत्रमा नेतृत्वदायी र समन्वयकारी भूमिका खेल्न कार्यालयमा काम गर्ने कर्मचारीहरूको मनोबल उच्च हुनु आवश्यक भए पनि कार्यालयको वातावरण त्यस्तो नभएको औँल्याइएको छ। डेस्क प्रमुख (सचिव)को छिटोछिटो सरुवाले वरिष्ठ कर्मचारीहरू काम र जिम्मेवारीप्रति उत्प्रेरित हुने वातावरण सिर्जना हुन नसकेको र यसले कार्यसम्पादनमा असर गरेको पनि उल्लेख छ।

'विगतदेखि नै कार्यालय राजनीतिक रूपमा निरीह, आर्थिक रूपमा अभावग्रस्त, प्रशासनिक रूपमा अनाकर्षक र अधिकारविहीन हुनुका साथै उच्चपदस्थ कर्मचारीहरूको प्रतीक्षालय र 'ट्रान्जिट प्वाइन्ट'जस्तो हुन पुगेको छ,' प्रतिवेदनमा भनिएको छ। सरुवा भएर आएका सचिवहरूलाई जिम्मेवारी नदिई कामविहीन राखिनु, कार्यालयमा कर्मचारीहरू टिक्न नचाहने र कार्यालयलाई अन्य निकायहरूले नटेर्नेलगायतका समस्या रहेको प्रतिवेदनमा उल्लेख छ। यस अवस्थामा उनीहरूको भूमिका पहिचानयुक्त र मर्यादित बनाउन उत्प्रेरणा, सिर्जनशीलता, सीप र दक्षता बढाउनु अति आवश्यक भएको औँल्याइएको छ।

हाल कार्यालयमा एक मुख्यसचिव, पाँच सचिव, ६ सहसचिव, १८ उपसचिव, ४८ शाखा अधिकृत, ५६ नासु/खरिदार र अन्य तथा कार्यालय सहयोगी, सवारीचालक (श्रेणीविहीन) ५१ गरी कुल एक सय ८५ जनाको दरबन्दी छ।

### डेस्क मोडल सफल हुन नसकेको ठहर

प्रधानमन्त्री कार्यालयले हाल अपनाउँदै आएको डेस्क मोडल सफल हुन नसकेको ठहर पनि प्रतिष्ठानको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई डेस्क मोडलमा रूपान्तरण गरी प्रभावकारिता अभिवृद्धि गर्ने प्रयास विगतमा गरिएको थियो। 'त्यसैअनुरूप पाँचवटा डेस्कसहितको संगठन संरचना निर्माण गरी मानव संसाधनको व्यवस्था गरेर काम गरिएको भए पनि त्यसले संस्थागत स्वरूप भने लिन नसकेको अवस्था छ,' प्रतिवेदनमा भनिएको छ।

डेस्कको नेतृत्वसहित वरिष्ठ कर्मचारीहरू बारम्बार सरुवा र हेरफेर भइरहने, डेस्क सम्हाल्ने कर्मचारीमा अपर्याप्त विषयगत विज्ञतालगायतका समस्या प्रतिष्ठानले औँल्याएको छ। 'थिम'का आधारमा डेस्कको निर्माण हुँदा निकायगत समन्वय, सहजीकरण, नियन्त्रण र अनुगमन आवश्यकताअनुसार हुन नसकेको, कार्यसम्पादनमा दोहोरोपना देखिएको, सूचना प्रविधि र नवीनतम अवधारणाहरूको प्रयोग यथोचित नभएको, अस्थिर सरकार, कानुनी क्षेत्राधिकारलगायतका कारण डेस्क मोडल प्रभावकारी बन्न नसकेको प्रतिष्ठानको ठहर छ।

डेस्क मोडलमा आधारित संरचना कायमै रही कार्यसम्पादन भने फरक तरिकाबाट हुँदा अधिकांश कर्मचारी भूमिकाविहीन तथा सीमित भूमिकामा काम गर्न बाध्य भएकाले यसले कार्यालयको समग्र उत्पादकत्व र प्रभावकारितालाई प्रभावित गरेको पनि उल्लेख छ। 'फलस्वरूप, कार्यालयप्रति कर्मचारीहरूको आकर्षण न्यून हुनु, कार्यजिम्मेवारीप्रति उत्प्रेरणाको कमी हुनु तथा कार्यालयमा रहेर काम गर्ने (टिकाउ) प्रवृत्ति पनि घट्दै गएको अवस्था देखिन्छ,' प्रतिवेदनमा भनिएको छ।

### प्रधानमन्त्रीको सचिवालयको प्रभावकारितामा प्रश्न

नीति प्रतिष्ठानले प्रधानमन्त्रीको सचिवालय संरचनाको प्रभावकारितामा पनि प्रश्न उठाएको छ। सचिवालयमा रहने विज्ञ तथा सल्लाहकारहरूको योग्यता, अनुभव र भूमिका स्पष्ट नभएको तथा सचिवालयमा रहेर गर्ने कार्यसम्पादनको अनुगमन तथा अभिलेख व्यवस्थापन प्रभावकारी हुन नसकेको प्रतिवेदनमा उल्लेख छ। सचिवालयमा रहने सल्लाहकारहरूको आवश्यक संख्या निर्धारण गरी जुन विषयको सल्लाहकार हो, त्यसको प्रमाणित योग्यता र क्षमता यकिन गरी स्पष्ट कार्यक्षेत्र विवरण तयार गरेर लागू गर्नुपर्ने सुझाव प्रतिष्ठानले दिएको छ।

त्यस्तै, सचिवालय र प्रशासनिक संयन्त्रबीच दरार रहेको पनि प्रतिवेदनमा औँल्याइएको छ। प्रधानमन्त्रीका सचिवालय र कार्यालयका प्रशासनिक संयन्त्रबीचको आन्तरिक समन्वय तथा कार्यगत अन्तराल देखिएकाले त्यसलाई थप परिष्कृत बनाउन आवश्यक भएको ठहर प्रतिष्ठानको छ।

प्रधानमन्त्रीको विज्ञ समूहमा राजनीतिक नियुक्ति हुने विज्ञ सल्लाहकार तथा अन्य कर्मचारीहरूको कार्यक्षेत्र विवरण लागू गरी प्रत्येक तीन महिनामा कामको प्रगति विवरण अनिवार्य रूपमा पेस गर्ने विषय पनि रणनीतिमा समेटिएका छन्। निजी सचिवालय, विज्ञ समूह र प्रशासन संयन्त्रबीचको सुमधुर सम्बन्ध र सहकार्यका लागि नियमित, तर बाध्यात्मक र समय किटेर अन्तर्क्रिया गराउने पनि प्रतिवेदनमा उल्लेख छ।

### नीतिगत निर्णय तथ्य र प्रमाणमा आधारित हुन नसकेको निष्कर्ष

प्रतिवेदनले सरकारका नीतिगत निर्णयहरू तथ्य र प्रमाणमा आधारित हुन नसकेको समस्या पनि औँल्याएको छ। मन्त्रिपरिषद्का विषयगत समितिहरूमा विषयगत विज्ञताको अभाव हुँदा पनि यस्तो समस्या रहेको प्रतिष्ठानको ठहर छ।

'मन्त्रिपरिषद्को विषयगत समितिहरूको काममा विज्ञहरूको संलग्नता हुन नसक्दा सार्वजनिक नीति निर्माणसहित नीतिगत निर्णयहरू तथ्य र प्रमाणमा आधारित हुन सकेको छैन,' प्रतिवेदनमा भनिएको छ। मन्त्रिपरिषद्का निर्णयहरूको कार्यान्वयन तथा ती निर्णयहरूको प्रगतिको नियमित पृष्ठपोषण हुने स्वचालित प्रणालीको विकास हुन आवश्यक रहेको समितिको ठहर छ।

अन्तर्राष्ट्रिय अभ्याससमेतका आधारमा प्रतिष्ठानले मन्त्रिपरिषद्का समितिहरूको संख्या पुनरावलोकन गर्नसमेत भनेको छ। मिल्दाजुल्दा विषयहरूको समूह (क्लस्टर) बनाई एउटा समितिले एउटा समूहमा समेटिएका विषयहरूको जिम्मा लिने, मन्त्रिपरिषद्मा निर्णयार्थ पेस भएका नीतिगत प्रस्तावहरू विषयगत समितिमा व्यापक छलफल भई सिफारिससाथ पेस भएपछि मात्र निर्णय गर्ने व्यवस्था गर्न पनि भनिएको छ। प्रतिष्ठानले आपत्कालीन अवस्थामा बाहेक मन्त्रिपरिषद्मा ठाडो प्रस्ताव पूर्ण रूपमा बन्द गर्न पनि सुझाएको छ।

### अन्तरसरकारी समन्वय निष्प्रभावी

अन्तरसरकारी समन्वयको काम निष्प्रभावी भएको प्रतिवेदनमा उल्लेख छ। कमजोर र निष्प्रभावी अन्तरसरकारी, अन्तरनिकाय तथा अन्तरमन्त्रालयगत समन्वयका कारण कार्यालय मुलुकी शासन व्यवस्थाको सर्वोच्च निकायको स्थापित हुन नसकेको पनि प्रतिवेदनले औँल्याएको छ।

### नीतिगत व्यवस्था, कानुनी क्षेत्राधिकार र अभ्यासबीचको अन्तर

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले निर्वाह गरिरहेको भूमिका कम कार्यकारी र बढी समन्वयकारी, पहरेदार तथा अनुगमनकारी देखिएको प्रतिवेदनमा उल्लेख छ। 'जसबाट हुनैपर्ने र गर्नैपर्ने केही महत्त्वपूर्ण कार्यहरू व्यावहारिक रूपमा सम्पादन गर्न सकिएको देखिँदैन,' प्रतिवेदनमा उल्लेख छ। यसो हुनुमा विशिष्ट कानुनी कार्यकारी अधिकारको अभाव, निष्प्रभावी अन्तरसरकारी समन्वय, कार्यालयको प्रशासनिक संयन्त्र र प्रधानमन्त्रीको सचिवालयबीच आन्तरिक समन्वयमा अन्तर, अन्तरनिकाय समन्वयको अभाव, डेस्कहरूको कार्यक्षमता, आन्तरिक समन्वय र जिम्मेवारी वितरणमा समस्यालगायतका समस्या औँल्याइएको छ।

त्यस्तै, मन्त्रिपरिषद्का समितिहरूमा विषयगत विज्ञताको अभाव, डेस्क मोडलले संस्थागत स्वरूप लिन नसकेको, सूचना प्रविधिको प्रयोग र स्वचालित प्रणाली अवलम्बन नगरिनु, कुन निकायमातहत रहनुपर्ने वा नरहनुपर्ने भन्नेबारे औचित्यसहितको स्पष्ट व्यवस्था नभएकोलगायतका समस्या पनि औँल्याइएको छ।

### कानुन निर्माण, कार्यान्वयन र अनुगमन प्रणाली कमजोर

संविधानप्रदत्त मौलिक हकको प्रत्याभूति, विपत् व्यवस्थापन, अन्तर्राष्ट्रिय सन्धि-सम्झौता, मानव अधिकार संरक्षण, अदालतका फैसला कार्यान्वयनको अवस्थाको अनुगमनजस्ता विषयमा स्पष्ट दिशानिर्देश र मार्गदर्शन गर्ने कार्य प्रभावकारी हुन नसकेको पनि प्रतिवेदनमा उल्लेख छ। कानुन तथा नीति निर्माण र कार्यान्वयनमा प्रभावकारी समन्वय, सहजीकरण नभएको समस्या औँल्याइएको छ भने कमजोर अनुगमन प्रणाली, नतिजाप्रतिका जवाफदेहिता संस्थागत नगरिएको विषय पनि उल्लेख गरिएको छ।

सरकारका मन्त्री र उच्चपदस्थ प्रशासकीय अधिकारीहरूलाई निर्दिष्ट जिम्मेवारी, कार्यभूमिका तथा उपलब्धिबारे व्यावहारिक रूपमा प्रधानमन्त्री वा मन्त्रिपरिषद् सचिवालयप्रति जवाफदेही बनाउन नसकिएको समस्या पनि औँल्याइएको छ।

## नक्कली...

पृष्ठ १ बाट क्रमशः

अनुसन्धानको सिलसिला हो। यसअघि प्रहरीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्रधारी केही डाक्टर पक्राउ गरेको थियो, केही फरार थिए। तर, प्रहरीको अनुसन्धान जारी थियो। यही क्रममा शर्मालाई पक्राउ गरिएको हो,' उनले भने।

सिआइबीले सांसद शर्मालाई पक्राउ गरिएको कारणबारे प्रतिनिधिसभालाई जानकारी गराइसकेको छ। सिआइबीले प्रतिनिधिसभामा पेस गरेको पत्रमा लेखिएको छ, 'शैक्षिक प्रमाणपत्र प्रमाणीकरण सम्बन्धमा राष्ट्रिय परीक्षा बोर्ड सानोठिमी भक्तपुरको चलानी नम्बर ५ साउन ०७९ को पत्रबाट १९९६ मा रोल कोड ६५०४, रोल नं. १०११७, आइएस्सी तहको सुनीलकुमार शर्माको कैफियतमा अपुष्टित भनी लेखिआएको र सो सन्दर्भमा उक्त शैक्षिक योग्यताको प्रमाणपत्र किर्ते गरेको कसुरमा प्रचलित कानुनबमोजिम अनुसन्धान गर्नुपर्ने भएकाले उक्त कसुरमा पक्राउ परेको हो।'

०७३ असारमै नक्कली डाक्टर पक्राउ गर्न सिआइबीले मुलुकभर 'अप्रेसन क्वाक' सञ्चालन गरेको थियो। घटनामा ३६ डाक्टर पक्राउ परेका थिए। सयभन्दा धेरै डाक्टर फरार थिए, जसमा शर्मा पनि थिए। सिआइबीका तत्कालीन प्रमुख नवराज सिलवालले उक्त अप्रेसनका क्रममा शर्मा पनि दोषी भेटिएको र उनले चिकित्सा कर्म नगरेको हुँदा पक्राउ नगरिएको बताएका छन्। उनलाई पक्राउ नगरिनुको अर्को कारण शक्तिकेन्द्रको दबाब रहेको पनि उनको भनाइ छ।

शर्मा पक्राउपछि बिहीबारै सिलवालले सामाजिक सञ्जालमा लेखेका छन्, 'सिआइबीले २०७३ मा सयौँ नक्कली प्रमाणपत्रधारी शंकास्पद डाक्टरमाथि अनुसन्धान गर्न फाइल खोलेको थियो। नेता, कर्मचारी र बडे व्यापारीका साला-साली, भान्जी, ज्वाइँ, छोरी, बुहारी, भतिज आदिको नाम आएपछि पूरै अनुसन्धान रोक्न तत्कालीन शक्तिकेन्द्र सक्रिय भए। प्राक्टिसमा नरहेको र पब्लिक हेल्थमा खतरा नभएको ठम्याइपछि डा. सुनील शर्मालगायत केहीमाथिको अनुसन्धान अगाडि बढेन।'

उक्त अप्रेसनमा सिआइबीले त्यसवेला काठमाडौंबाट १३, वीरगन्जबाट नौ, विराटनगर र चितवनबाट तीन-तीन, ललितपुर र धनुषाबाट दुई-दुई तथा इटहरी, झापा, पोखरा र दाङबाट एक-एक डाक्टर पक्राउ गरेको थियो। उनीहरू त्यसवेला राष्ट्रिय ट्रमा सेन्टर, नर्भिक, कान्तिपुर डेन्टल कलेज, किस्ट मेडिकल कलेज, लोकहित क्लिनिकलगायत प्रतिष्ठित अस्पतालमा कार्यरत थिए।

०७३ को 'अप्रेसन क्वाक'मा जोगिएका शर्मालाई ०७४ मा कांग्रेसले प्रतिनिधिसभा सदस्यका लागि मोरङ ३ बाट टिकट दियो, तर पराजित भए। उक्त क्षेत्रमा एमाले नेता भानुभक्त ढकालले जिते। गत निर्वाचनमा पुनः सोही क्षेत्रमा कांग्रेसबाटै टिकट पाएका उनले ढकाललाई नै हराएर निर्वाचित भए।

### नक्कली शैक्षिक प्रमाणपत्र लिएकै कसुरमा अन्य चार चिकित्सक पनि पक्राउ

सिआइबीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र लिएकै कसुरमा अन्य चार डाक्टरलाई पनि बिहीबारै पक्राउ गरेको छ। पक्राउ पर्ने महोत्तरी पिपरा- ८ का डा. रञ्जितकुमार यादव, रौतहटका डा. रामबाबु यादव, डा. अमित चौधरी र डा. एलिना चौधरी छन्।

रामबाबु रौतहटस्थित अस्पतालमा कार्यरत थिए। उनलाई सिआइबीले रौतहटबाटै पक्राउ गरेको हो। बाँकी सबै काठमाडौंमा पक्राउ परेका हुन्। उनीहरूले नक्कली प्रमाणपत्रकै आधारमा प्रतिष्ठित अस्पतालमा काम गर्दै आएका थिए।

सिआइबी प्रवक्ता एसपी नवराज अधिकारीले नक्कली शैक्षिक प्रमाणपत्रका आधारमा डाक्टर बनेका शर्मासँगै अन्य चार अभियुक्त पनि पक्राउ परेको बताए। उनले भने, 'नक्कली शैक्षिक प्रमाणपत्रका आधारमा डाक्टर बनेका शर्मासँगै अन्य चारजना पनि पक्राउ परेका छन्। जसमध्ये एकलाई काठमाडौंबाहिरबाट पक्राउ गरिएको छ। बाँकी चार काठमाडौंमै पक्राउ परेका हुन्। उनीहरूविरुद्धको अनुसन्धान जारी छ।' शर्माको सचिवालयले भने बिहिबार साँझ नै विज्ञप्ती निकालेर रिसिइएबी साँध्ने मनसायले पक्राउ गरिएको दाबी गरेको छ। प्रधानमन्त्री र गृहमन्त्रीको आलोचना गरेपछि शर्मालाई पक्राउ गरिएको विज्ञप्तीमा उल्लेख छ।

### सात वर्षपछि खुल्यो नक्कली डाक्टरको फाइल

नेपाल प्रहरीले नेपाल मेडिकल काउन्सिलसँग मिलेर सात वर्षअघि ०७३ मै नक्कली प्रमाणपत्रधारी चिकित्सकमाथि अनुसन्धान थालेको थियो। मेडिकल काउन्सिलकै केही अधिकारीले यस्तो सूचना दिएपछि प्रहरीले सबै चिकित्सकको आइएस्सी तहको शैक्षिक प्रमाणपत्रको विवरण झिकाएर छानबिन थालेको थियो। जसक्रममा करिब एक हजार चिकित्सकको प्रमाणपत्रमा कैफियत रहेको आकलन भएको थियो। तर, पक्राउ पर्ने चिकित्सकको संख्या भने थोरैमा सीमित भयो। पहुँचवाला चिकित्सकका कारण प्रहरीको त्यो अप्रेसन नै पूरा हुन पाएन। त्यसमध्ये एक थिए बिहीबार पक्राउ परेका कांग्रेसका सांसदसमेत रहेका डा. सुनील शर्मा।

सात वर्षपछि फेरि यतिवेला सिआइबीले नक्कली प्रमाणपत्रकारी चिकित्सकको फाइल खोलेको छ। जसअन्तर्गत बिहीबार पाँच पक्राउ परेका छन् भने अन्यको विवरणमाथि छानबिन भइरहेको प्रहरीले जनाएको छ। 'नक्कली प्रमाणपत्रधारी चिकित्सकमाथि भएको पुरानै अप्रेसनको निरन्तरता हो,' सिआइबीकी प्रमुख एआइजी किरण बज्राचार्य भन्छिन्, 'विगतमा नभेटिएका र छानबिन नटुंगिएकामाथि हामीले फेरि अनुसन्धान अघि बढाएका हौँ।' सिआइबी स्रोतका अनुसार हाल अदालतले आठजनाविरुद्ध पक्राउ पुर्जी जारी गरेको थियो, जसमध्ये पाँच मात्र पक्राउ परेका छन्। दबाबकै कारण विगतमा यससम्बन्धी फाइल बन्द रहेको सिआइबीका एक अधिकारी बताउँछन्।

एमबिबिएस पढ्नका लागि आइएस्सीमा उच्च प्राप्तांक चाहिने भएकाले धेरैले नक्कली सर्टिफिकेट पेस गरेका हुन्। मेडिकल काउन्सिलका एक अधिकारीका अनुसार उनीहरूको आइएस्सीको सक्कली प्रमाणपत्र पनि छ, तर प्राप्तांक कम भएकाले नक्कली बनाएर त्यही आधारमा एमबिबिएस पढ्ने अवसर पाएका थिए। खासगरी विदेश पढ्न जानेले यस्तो किर्ते बनाउने गरेका थिए।

कांग्रेस सांसद डा. शर्माले बिहारको फारबिसगन्जस्थित बिडिबिकेएस कलेजबाट प्रथम श्रेणीमा आइएस्सी अध्ययन गरेको भनेर शैक्षिक प्रमाणपत्र पेस गरेका थिए। खासमा उनले नेपालमै आइएस्सी पढेका थिए। प्राप्तांक कम भएपछि उनले यसरी नक्कली प्रमाणपत्र बनाएका हुन्। बिहार स्कुल इक्जामिनेसन बोर्ड, पटनाले उनको प्रमाणपत्र नक्कली भनेर प्रमाणित गरिसकेको छ।

## सुदूरपश्चिमका...

पृष्ठ १ बाट क्रमशः

रोकिए शुक्रबार दिउँसोसम्म सञ्चालन गर्न सकिएला,' उनले भने, 'पानी परिरहे भन्न सकिन्न।' सडक पूर्ण रूपमा बगेको सय मिटर क्षेत्रमा भित्तातिर ट्र्याक खोल्ने र चर्केका ठाउँमा भरान गरेर यातायात सञ्चालन गर्ने प्रयास भइरहेको छ।

सडक विभागका सुपरिटेन्डिङ इन्जिनियर र माटो विशेषज्ञले पहिरोको कारणबारे अध्ययन गरिरहेको सडक डिभिजन महेन्द्रनगरले जनाएको छ। 'क्षतिग्रस्त पहिरो जानुको कारण, त्यहाँको भौगोलिक स्थितिबारे अध्ययन गर्न विभागको टोली आएको हो,' सडक डिभिजन कञ्चनपुरका इन्जिनियर पीयूष चटौतले भने, 'क्षति भएको ठाउँमा सडक कसरी बनाउन सकिन्छ भनेर विशेषज्ञ टोलीले निरीक्षण गरिरहेको छ।'

## नतिजा सन्तोषजनक...

पृष्ठ १ बाट क्रमशः

चेतावनीसमेत दिएका छन्। 'कार्यसम्पादनको नतिजा नै यहाँहरूलाई चुनौतीपूर्ण र महत्त्वपूर्ण जिम्मेवारी दिने, जिम्मेवारीको निरन्तरता दिने, पुरस्कृत वा कारबाही गर्ने आधार हुने कुरा स्पष्ट पार्न चाहन्छु,' उनले भनेका छन्।

कार्यसम्पादन सम्झौतामा उल्लेख गरेबमोजिम गरेको कामको आधारमा मासिक कार्ड बन्ने घोषणा पनि प्रधानमन्त्रीले गरे। त्यसको प्रगतिका आधारमा मूल्यांकन हुने उनले बताए। 'अब तपाईंहरूको कार्यसम्पादनको मूल्यांकनको आधार तपाईंले मासिक रूपमा हासिल गरेको गुणात्मक प्रगतिसहितको मासिक रिपोर्ट कार्ड हुने कुरा म स्पष्ट पार्दछु,' उनले भने।

विगतमा जस्तो यो वा त्यो बहानामा कार्यसम्पादनअनुरूपको कार्यमा ढिलाइ गर्ने छुट कसैलाई नभएको चेतावनी पनि उनको छ। 'कार्ययोजनामा उल्लेख भएअनुसार प्रगति हासिल गर्ने मन्त्री, सचिव, विभागीय तथा आयोजना प्रमुखलाई पुरस्कृत गर्ने र लक्ष्यअनुसार प्रगति हासिल नगर्नेलाई सोहीअनुसार अभिलेख राखी जिम्मेवारी फेरबदल गर्नेतर्फ सरकारले आवश्यक कदम चाल्नेछ,' प्रधानमन्त्रीले स्पष्ट पारेका छन्।

विगतका कार्ययोजनाको कार्यान्वयनबाट शिक्षा लिँदै चालू आवको कार्ययोजना कार्यान्वयनलाई गति दिनसमेत उनले निर्देशन दिए। छिटो-छरितो, गुणस्तरीय र लागत किफायती हुने किसिमले सार्वजनिक सेवा प्रवाह हुने व्यवस्था मिलाई जनताले अनुभूति गर्न सक्ने गरी सुधार गर्न उनले मन्त्री, सचिव र विभागीय प्रमुखहरूलाई निर्देशन दिए।

केही वर्षयता कार्यसम्पादन सम्झौता रोकिएको थियो। यसअघि तत्कालीन प्रधानमन्त्री केपी ओलीले सरकारको नीति तथा कार्यक्रम र आर्थिक वर्ष ०७६/७७ को वार्षिक बजेटमा आधारित रहेर मन्त्रीहरूसँग कार्यसम्पादन सम्झौता गरेका थिए। त्यसयता प्रधानमन्त्री र मन्त्रीबीच कार्यसम्पादन सम्झौता हुन सकेको थिएन।

### आयोजनाहरू तोकिएकै समयमा सम्पन्न गर्न र अवधि नपुगी आयोजना प्रमुखको सरुवा नगर्न निर्देशन

प्रधानमन्त्री प्रचण्डले विकास आयोजनाहरू तोकिएकै समयमा सम्पन्न गर्न मन्त्री, सचिव, विभागीय प्रमुख र आयोजना प्रमुखहरूलाई निर्देशन दिए। यसका लागि आवश्यक सहजीकरण गर्न आफू तयार रहेको आश्वासन दिए।

'आयोजनाहरू तोकिएकै समयमा सम्पन्न गर्न र प्रभावकारी कार्यान्वयनमा पूर्ण उत्तरदायित्व वहन गर्दै नतिजा हासिल हुने गरी कार्यसम्पादन गर्न म निर्देश गर्दछु,' बैठकमा उनले भने, 'तपाईंहरूको स्तरबाट फुकाउन नसकिएका समस्या फुकाउन र समस्याको हल पहिल्याउन म सदैव तयार छु।'

जग्गा प्राप्ति, वनक्षेत्रको उपयोग तथा वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन, बजेट, जनशक्ति व्यवस्था समयमै नहुँदालगायतका कारण आयोजनाको समयमै कार्यान्वयन हुन नसकेको समस्या औँल्याउँदै यसको वस्तुपरक विश्लेषण आवश्यक रहेको बताए। 'पूर्वतयारीविनाका आयोजनामा रकम विनियोजन गरिहाल्ने, निर्णय प्रक्रियामा जोखिम लिन नचाहने र कानुनी झन्झट देखाउने, टेबुल-टेबुलको शासन गर्न रमाउने तथा अन्तरसमन्वय गर्न नरुचाउने हाम्रो शासकीय प्रवृत्तिमा तत्काल सुधार गर्न जरुरी छ,' उनले भने, 'यसका लागि म सबैलाई निर्देश गर्दछु।'

आयोजनामा सिर्जना हुन सक्ने समस्याको तत्कालै समाधान गर्ने गरी प्रभावकारी व्यवस्था मिलाउन उनले मन्त्री, सचिव र आयोजना प्रमुखहरूलाई आग्रह गरे। अन्तरनिकाय समन्वय र सहजीकरण गरी आयोजनालाई निर्धारित लागत, गुणस्तर र समयमै सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्न सक्ने वातावरण सुनिश्चित गर्न र त्यसको नियमित रिपोर्टिङ गर्न उनले प्रधानमन्त्री कार्यालयको सम्बन्धित विषय क्षेत्र हेर्ने सचिवलाई निर्देशन दिए। प्रचलित ऐन, नियमको परिधिभित्र रही निर्णय गर्न कसैले हिचकिचाउनु नपर्ने उनले उल्लेख गरे। कुनै पनि सार्वजनिक पदाधिकारीले असल नियतले गरेको निर्णयको बचावट गर्न र त्यस्तो कर्मचारीको संरक्षण गर्न आफू सदैव प्रतिबद्ध रहेको पनि उनले बताए।

आयोजना प्रमुखहरूलाई निश्चित अवधि नपुगी गरिने सरुवाले पनि आयोजना कार्यान्वयन प्रभावित भएको उल्लेख गर्दै उनले निश्चित अवधि नपुगी आयोजनाका प्रमुख तथा अन्य कर्मचारीलाई सरुवा नगर्न निर्देशन दिए। आयोजना बैंकमा समावेश नभएका आयोजनामा रकम विनियोजन गर्ने प्रथालाई अन्त गरी सीमित स्रोतको उच्चतम उपयोगबाट नतिजामूलक कार्यतर्फ पुँजीगत खर्च केन्द्रित गर्न आवश्यक भएको उनको भनाइ थियो। संघ र प्रदेश तथा स्थानीय तहबाट सञ्चालन हुने आयोजनामा दोहोरोपना हुन नदिन र विभिन्न तहबीच आवश्यक समन्वय गरी आयोजना तर्जुमा तथा कार्यान्वयन गर्ने पद्धति अवलम्बन गर्नसमेत उनले निर्देशन दिए।

## ७१ जिल्लामा...

पृष्ठ १ बाट क्रमशः

हजार दुई सय ६९ लाई संक्रमण भइसकेको छ। पछिल्लो समय भइरहेको तीव्र संक्रमण हेर्दा १५ भदौदेखि उच्च बिन्दुमा पुग्ने स्वास्थ्य सेवा विभाग, इडिसिडीलगायतको प्रक्षेपण छ। मंसिरसम्म ६० हजारभन्दा बढी संक्रमित पुग्ने अनुमान छ। बुधबारसम्म ७१ जिल्लामा डेंगु संक्रमण पुष्टि भएको रेकर्ड छ। गत वर्ष हुम्ला र मुस्ताङबाहेक ७५ जिल्लामा फैलिएको थियो।

गत वर्ष सबैभन्दा बढी काठमाडौंमा फैलिएको डेंगु यसपालि हालसम्म सुनसरीमा धेरै देखिएको छ। तर, काठमाडौंमा पनि पछिल्लो समय तीव्र बन्ने संकेत देखिएको छ। सुनसरीमा हालसम्म ६ हजार ४१ मा संक्रमण पुष्टि भएको छ। काठमाडौं उपत्यकामा दुई सय ५१ (काठमाडौंमा एक सय ५१, ललितपुरमा ५६ र भक्तपुरमा ४४)मा देखिएको छ।

मोरङमा एक हजार तीन सय ४४, धादिङमा एक हजार २७, कास्कीमा दुई सय २५, धनकुटामा दुई सय २३, दार्चुलामा एक सय ९२, झापामा एक सय ८२, संखुवासभामा एक सय दुई, कञ्चनपुर ६७, धरानमा ९६ जनामा डेंगु संक्रमण भएको छ भने अन्य जिल्लामा फाट्टफुट्ट संक्रमण देखिएको छ। कालीकोट, हुम्ला, मुगु, प्युठान, धनुषा र सोलुखुम्बुमा भने डेंगु संक्रमण देखिएको छैन।

अघिल्लो बर्खामा ठूलो क्षति पुर्‍याएको र यसपालि हिउँददेखि नै संक्रमण सुरु भएर पछिल्ला महिना तीव्र बनिरहेको डेंगु नियन्त्रणमा सरकार भने चुकेको छ। डेंगु फैलाउने लामखुट्टेको लार्भा खोज्ने र नष्ट गर्ने अभियानलाई प्रभावकारी बनाउन सकेको छैन, पर्याप्त जनशक्ति नै परिचालन छैनन्। आवश्यक बजेट विनियोजन र स्वयंसेविका परिचालन गर्नसमेत सकेको छैन। सडकका खाल्डाखुल्डी, मोटरसाइकल वर्कसपमा राखिएका टायर, घरघरमा भाँडाकुँडालगायतमा पानी जम्ने र त्यहीँबाट डेंगु फैलाउने लामखुट्टे विस्तार हुने गरेको विज्ञहरू बताउँछन्।

स्वास्थ्य सेवा विभाग, उपचारात्मक महाशाखा प्रमुख डा. अनुप बास्तोला डेंगु नियन्त्रणमा ध्यान नदिए गत वर्षभन्दा ठूलो महामारीको रूप लिन सक्ने बताउँछन्। 'डेंगुलाई राजनीतिक तह र स्थानीय तहले गम्भीर रूपमा लिएका छैनन्, जे-जति काम भएका छन्, ती सब देखावटी मात्रै छन्,' उनले भने, 'रणनीति नै बनाएर डेंगु नियन्त्रणमा नलागे गत वर्षभन्दा ठूलो महामारीको रूप लिन सक्छ। यसबारे स्वास्थ्य संस्था र स्थानीय सरकारबीच समन्वयमा कमजोरी भइरहेको छ। अबको चार-पाँच महिना डेंगु संक्रमणको उच्च जोखिम छ।'

हाल काठमाडौंका ठूला अस्पतालहरू शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा चार, वीर अस्पतालमा दुई र वित्रि शिक्षण अस्पतालमा चारजना डेंगुका बिरामी उपचारका लागि भर्ना भएका छन्। अस्पतालमा आउने अधिकांश बिरामी भर्ना गर्नुपर्ने खालका हुँदैनन् भने धेरै बिरामी त अस्पताल नै आउँदैनन्। वीर अस्पतालका मेडिसिन विभाग प्रमुख डा. सुरेन्द्रलाल श्रेष्ठले अहिले नै डेंगु संक्रमण उच्च बिन्दुमा नपुगेको, तर १५ भदौदेखि भयावह बन्न सक्ने बताए। 'संक्रमण दर अहिलेसम्म त सामान्य अवस्थामै छ। पछिल्लो समय भइरहेको तीव्र संक्रमणप्रति सचेत भएर नियन्त्रणमा नलागे १५ भदौदेखि भयावह अवस्था निम्तिन सक्छ,' उनले भने। सिभिल अस्पतालका निर्देशक विधाननिधि पौडेलले डेंगुका लक्षण बोकेर ओपिडीमा आउने बिरामी बढ्दै गएको बताए।

स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. रुद्र मरासिनीले डेंगु संक्रमण उच्च बिन्दुमा पुग्ने देखिएकाले रोकथामका लागि सरकारी निकाय र नागरिक समाज नै जागरुक हुनुपर्ने बताए। लामखुट्टेको वासस्थान खोज्ने र लार्भा नष्ट गर्नतर्फ ध्यान दिनुपर्ने उनको भनाइ छ। 'डेंगु संक्रमणका लागि सबै निकायले चासो दिनुपर्छ,' उनले भने, 'समयमै सावधानी नअपनाए भयावह रूप लिन सक्छ।'

सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुन अहिले नै लागिपर्ने हो भने यस वर्ष डेंगु नियन्त्रण हुन सक्ने बताउँछन्। 'सुनसरीलगायतका जिल्लामा डेंगु फैलिएको छ, तर काठमाडौंमा अहिले नै व्यापक अवस्था छैन, अहिले नै लार्भा नष्ट गर्नेतिर लाने हो भने यस वर्ष डेंगु नियन्त्रण हुन सक्छ,' उनले भने, 'तर, सरकारी निकायले यसमा खासै ध्यान दिएका छैनन्।' स्वास्थ्य मन्त्रालयका सचिव डा. रोशन पोखरेलले डेंगु संक्रमितको उपचार नेपाल सरकारका सबै अस्पतालमा निःशुल्क हुने व्यवस्था मिलाइएको बताए। उनका अनुसार डेंगु संक्रमण रोकथामका लागि मातहतका निकायमा निर्देशन जारी भइसकेको छ भने यसका लागि मन्त्रालयले डेडिकेटेड टिम तयार पार्नसमेत लागेको छ।

NIC ASIA CAPITAL

एन आई सी एशिया क्यापिटल लिमिटेड
ट्रेड टावर नेपाल, चौथो तल्ला, थापाथली, वडा नं. ११, काठमाण्डौ
फोनः ९७७-१-५७०५९९४, फयाक्सः ९७७-१-५७०६४५८
Email: info@nicasiacapital.com, Website: www.nicasiacapital.com

**सातौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति २०८०/०४/१० गते)

यस कम्पनीको मिति २०८०।०४।०९ मा सम्पन्न संचालक समितिको १२७ औं बैठकको निर्णयानुसार यस कम्पनीको सातौं वार्षिक साधारण सभा देहाय बमोजिमको मिति, समय र स्थानमा निम्न विषय उपर छलफल गर्न तथा पारित गर्न बस्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, स्थान र समय :**

**मिति** : २०८०/०४/३२ गते तदनुसार अगष्ट १७, २०२३ बिहिबार।
**स्थान** : एन आई सी एशिया क्यापिटल लिमिटेड, रजिष्टर्ड कार्यालय, थापाथली, काठमाडौं।
**समय** : बिहान ९:०० बजे।

**छलफलका विषयहरु :**

**क) साधारण प्रस्तावहरुः**

१. आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल गरि पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात र मिति २०७९ श्रावण १ देखि २०८० आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाब, नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरि पारित गर्ने।
३. संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ४६ प्रतिशत (कर सहित) का दरले हुन आउने कर सहित रु.९,२०,००,०००/- (अक्षरेपी नौ करोड बीस लाख मात्र) नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने।
४. आर्थिक वर्ष २०८०/०८१ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरीक्षण समितिको सिफारिश बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने।

**ख) विविध।**

संचालक समितिको आज्ञाले
**कम्पनी सचिव**

Government of Nepal
Ministry of Culture, Tourism & Civil Aviation

**Tara Gaon Development Board**

Kathmandu, Nepal

**Invitation for Bids**

**First Time Date of publication: 11thAugust 2023 (2080/04/26 BS)**

1. Tara Goan Development Board invites bids from Nepalese eligible bidders for the construction of **Entrance Gate and Boundaery Wall Works at Kakani Rural Municipality,Tara Gaon Resort Hotel Kakani Nuwakot Invitation for Bids No.: 02/TGDB/2080/081** under National Competitive Bidding procedures. The estimated amount for the works is **Rs.25, 48,672.57 excluding VAT.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Tara Gaon Development Board Mid Baneshwor Kathmandu, Email: tgdboard@gmail.com, Phone No. 01-5172033.
3. A complete set of Bidding Documents may be purchased from the office of Tara Gaon Development Board, Kathmandu by eligible Bidders on the the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 3000.00 within the date 2080/05/23 (9th Sept 2023 Office Hrs)
   **Bank Name:** Siddhartha Bank
   **Bank Address:** Kathmandu Baneshwor Branch
   **Account holder's Name:** Tara Gaon Development Board
   **Account Number:** 01915170534 (Revenue Account)
4. Bids must be submitted to the Tara Gaon Development Board Office Within Time on or before 12:00 noon on 10th Sept 2023 (2080/05/24 BS). Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 12:30 PM on10th Sept 2023 (2080/05/24 BS). at the office of Tara Gaon Development Board. Bids must be valid for a period of 90 days after bid opening, amounting to a minimum of **Nrs. 72,000/-**, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
7. Tara Gaon Development Board Office, Mid Baneshwor, Nepal, reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Member of Secretary**

शुक्रबार २६ साउन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०

## रोकिएन फुटबलर पलायन

# निसान, पुजन र रवि पनि अस्ट्रेलियातर्फ

### गत साता दीपकराजसिंह ठकुरी पलायन भए, बिहीबार थप तीन खेलाडी उडे



अस्ट्रेलिया जानुअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राष्ट्रिय टोलीका फुटबलर निसान खड्का, पुजन उपरकोटी र रविशंकर पासवान (दायाँबाट क्रमशः खादा लगाएका)

**रमेश सुबेदी**/नयाँ पत्रिका

राष्ट्रिय फुटबल टोलीका खेलाडीहरू फेरि एकपटक अस्ट्रेलियातर्फ आकर्षिक भएका छन्। केही समय खेलाडीहरू अस्ट्रेलिया पलायन हुने क्रम रोकिएको थियो। तर, यो एक सातामा चार खेलाडी अस्ट्रेलिया उडेका छन्। बिहीबार मात्रै राष्ट्रिय फुटबल टोलीका प्रमुख तीन सदस्य पुजन उपरकोटी, रविशंकर पासवान र निसान खड्का सुन्दर भविष्य बनाउन अस्ट्रेलिया प्रस्थान गरेका छन्। अघिल्लो साता राष्ट्रिय टोलीका सदस्य दीपकराजसिंह ठकुरी त्यसतर्फ लागेका थिए।

राष्ट्रिय टोलीबाट निसान डिफेन्डर, पुजन डिफेन्सिभ मिडफिल्डर र रविशंकरले विंगरको भूमिका निर्वाह गर्दै आएका थिए। सहिद स्मारक 'ए' डिभिजन लिग सकेपछि नै यी तीन खेलाडीले अस्ट्रेलियाको भिसा प्रक्रिया सुरु गरेका थिए। 'ए डिभिजन लिग खेलेपछि अस्ट्रेलिया जाने प्रक्रिया अगाडि बढाएका थियौं, भिसा आएपछि नै हामी त्यसतर्फ लागेका हौं,' बिहीबार अस्ट्रेलिया पलायन भएकामध्ये एक खेलाडीले नयाँ पत्रिकासँग भने, 'यसअघि सिनियर र अन्य खेलाडीले सुन्दर भविष्यकै निमित्त अस्ट्रेलिया रोजेका थिए, हामीले पनि यस्तै गर्यौं।'

तीनजना खेलाडीले अब अस्ट्रेलियामा नेपाली समाजले आयोजना गर्ने प्रतियोगिता खेल्नेछन्। तीनै खेलाडीले साताको बिदामा फुटबल खेल्नेछन्। २७ जेठमा सकिएको 'ए' डिभिजन लिगमा पुजनले उपविजेता मच्छिन्द्र फुटबल, रविले विभागीय टोली नेपाल पुलिस र निसानले संकटा क्लबबाट प्रतिस्पर्धा गरेका थिए। तीनै खेलाडीलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा राष्ट्रिय टोलीका खेलाडीले बिदाई गरेका थिए।

### 'निरन्तर खेल नहुँदा करिअर नै धरापमा'

राष्ट्रिय टोलीका नियमित खेलाडी अनन्त तामाङ, दीप कार्की, विकास तामाङ, देवेन्द्र तामाङ, अभिषेक बरालले अस्ट्रेलिया जान हिँडेका सहकर्मीलाई विमानस्थलमा बिदाई गरेका थिए। 'हामी नेपालमै केही गरौं भन्ने भावनाका साथ बसेका हौं, तर घरेलु फुटबलमा खेल नहुँदा समस्या भयो,' ती खेलाडीले भने, 'फेरि फुटबलमा फोहोरी राजनीति चलिरहेको छ, दिक्क भएर नै अस्ट्रेलियाको बाटो रोजेका हौं।' ०७७ मंसिरमा बंगलादेशमा आयोजना भएको अन्तर्राष्ट्रिय फुटबलमा पुजनले राष्ट्रिय टोलीबाट डेब्यु गरेका थिए। प्रशिक्षक बालगोपाल महर्जनले तेज तामाङको स्थानमा उनलाई डेब्यु गराएका थिए। त्यसयता उनले २२ अन्तर्राष्ट्रिय खेल खेलिसकेका छन्।

महर्जनकै प्रशिक्षणमा निसानले दशरथ रंगशालामा ०७७ चैतमा बंगलादेशविरुद्ध डेब्यु अवसर पाए। निसान दोम्रो हाफमा रञ्जित धिमालको स्थानमा मैदान प्रवेश गरेका थिए। रविले ०७६ मा कुवेतविरुद्ध डेब्यु गरेका थिए। स्विडिस प्रशिक्षक योहान कालिनले रविलाई कुवेतविरुद्ध डेब्यु गराएका थिए।

गत साता अस्ट्रेलिया पुगेका दीपकले गत चैतमा दशरथ रंगशालामा लाओसविरुद्ध डेब्यु गरेका हुन्। प्रशिक्षक भिन्सेन्जो अल्बेर्टो एनेसले दीपकलाई नवयुग श्रेष्ठको स्थानमा ८३औं मिनेटमा मैदान छिराएका थिए। त्यसयता दीपकले राष्ट्रिय टोलीका लागि चार खेल खेलेका छन्।

### पछिल्लो ६ महिनामा ५० भन्दा बढी खेलाडी अस्ट्रेलियामा

पछिल्लो ६ महिनाभित्रमा नेपाली खेलाडीमा अस्ट्रेलिया जाने मोह बढेको छ। यो अवधिमा कम्तीमा ५० फुटबलर अस्ट्रेलियामा विभिन्न भिसा प्रक्रियामा पुगेका छन्। धेरैजसो खेलाडी राष्ट्रिय तथा 'ए' डिभिजन क्लबमा आबद्ध खेलाडी नै अस्ट्रेलिया पलायन भएका छन्। घरेलु खेलाडी अस्ट्रेलिया भासिँदा गत संस्करणको ए डिभिजन लिगमा अखिल नेपाल फुटबल संघ (एन्फा)ले विदेशी खेलाडी कोटा चारबाट पाँच बनाएको थियो।

राष्ट्रिय टोलीबाट खेलिसकेका दुई दर्जनभन्दा बढी खेलाडी अहिले अस्ट्रेलियामा छन्। अभिषेक रिजाल, आशिष लामा, दर्शन गुरुङ, सन्तोष तामाङ, हेमन गुरुङ, सुमन अर्याल, शिव गुरुङ, आकाश बुढामगर, नवीन गुरुङ, तेज तामाङ, दिनेश राजवंशी, गौतम श्रेष्ठ, नितिन थापा, सुजल श्रेष्ठ, रेजिन धिमाल, विशाल राई, आकाश बुढामगर, राजन गुरुङ, सुनिल बल, सरोज दाहाल, नीरकुमार राई, कमल थापा, हेमन्त रानामगर, रितिक खड्का, मिक्छेन तामाङ, सुमन लामा, विमल राना, विमल बस्नेत र सन्जोग राई अस्ट्रेलिया पलायन भएका खेलाडी हुन्।

# बढुवा प्रक्रियामा अवरोध आउँदा राखेपका कर्मचारी विरोधमा

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका


२७ वर्षदेखि बढुवा प्रक्रिया रोकिएपछि राष्ट्रिय खेलकुद परिषद् (राखेप)का कर्मचारी आन्दोलनमा उत्रिने भएका छन्। राखेपअन्तर्गत कर्मचारी संघले बढुवा प्रक्रिया सहज बनाउन र सम्बन्धित निकायमाथि दबाब सिर्जना गर्न बिहीबार आन्दोलनको कार्यक्रम घोषणा गरेको हो। उनीहरूले २६ देखि ३० साउनसम्म विभिन्न विरोध कार्यक्रम राखेका छन्। २६ साउनमा कोणसभा, २८ देखि ३० साउनसम्म कालोपट्टी बाँधेर काम गर्ने र ३१ साउनमा कालोपट्टी बाँधेर एक घन्टा पेनडाउन गर्ने भएका छन्। ३२ साउन र १ भदौमा कालोपट्टी बाँधेर दुई घन्टा पेनडाउन गर्ने आन्दोलनको कार्यक्रम घोषणा गरेका छन्।

अहिले राखेपका तीन सय ८५ जना कर्मचारी बढुवा प्रक्रियामा छन्। ती कर्मचारीको २७ वर्षदेखि बढुवा प्रक्रिया रोकिएको संघकी अध्यक्ष सरस्वती केसीले बताइन्। 'नियमअनुसार कर्मचारीको बढुवा हुनुपर्ने हो, तर यहाँ २७ वर्षदेखि बढुवाको आशामा बसेका छौं,' केसीले भनिन्, 'नियमअनुसार हुनुपर्ने बढुवा नभएपछि हामीले संघर्षका कार्यक्रम सार्वजनिक गरेका हौं।' परिषद्को ११६औं बोर्ड बैठकले बढुवा प्रक्रिया अघि बढाउने निर्णय गरेको थियो। युवा तथा खेलकुद मन्त्रालयमा फाइल अन्तिम चरणमा पुगेर रोकिएको केसीले बताइन्। कर्मचारी बढुवा रोकिँदा संस्थागत रूपमा ठूलो समस्या सिर्जना भई खेलाडी तथा प्रशिक्षकसमेत पलायन भइरहेको पनि संघको भनाइ छ।

### पदपूर्ति समितिबाट ९९ प्रतिशत काम

कर्मचारी सेवामा ०६८ को दोस्रो संशोधन परिच्छेद ६ को दफा ५६ को उपनियम १ र १ (क) मा भएको व्यवस्थाअनुसार कर्मचारीको बढुवा प्रक्रिया अगाडि बढाइने सूचना प्रकाशित भएको थियो। परिषद्अन्तर्गत सात प्रदेश र ७७ जिल्लामा कार्यरत कर्मचारीमध्ये नियमअनुसार सम्भावित कर्मचारीले तोकिएको मितिमै राखेपमा पदपूर्ति समितिबाट बढुवाका लागि स्वीकृत दरखास्त फारम भरेका थिए।

पदपूर्ति समितिले नियमावलीबमोजिम समितिबाट गर्नुपर्ने प्रारम्भिक चरणका कार्य ९९ प्रतिशतभन्दा बढी सम्पन्न गरी बढुवाका लागि योग्य उम्मेदवारको अन्तिम नामावली निर्णय गरी अनुमोदनका लागि राखेपसमक्ष सिफारिस गर्नुपर्ने काम मात्र बाँकी छ। खेलकुद मन्त्रालयका कर्मचारीले राखेपप्रति गरेको असहयोगका कारण बढुवा प्रक्रिया अहिले रोकिएको संघकी अध्यक्ष केसीको भनाइ छ। सम्बन्धित निकायलाई दबाब दिन नै आन्दोलन गर्नुबाहेक अन्य विकल्प नभएको उनले बताइन्। 'पहिलो चरणको आन्दोलनबाट समस्या समाधान नभए संघले दोस्रो चरणको आन्दोलन घोषणा गर्नेछ,' उनले भनिन्, 'खेलकुद मन्त्रालयमा रहेका केही कर्मचारीले असहयोग गरेका कारण बढुवा रोकिएको हो।' उनले बढुवा व्यवस्थापनले गर्नुपर्ने अवस्थामा कर्मचारी आफैं लड्नुपर्ने अवस्था आएको जनाइन्। 'यहाँ विगत २७ वर्षदेखि बढुवा नभएका साथीहरू छन्। तर, केही व्यक्तिको स्वार्थ बाझिएकाले हाम्रा कर्मचारीलाई बढुवा हुन नदिन उहाँहरूले पहल गर्नुभएको छ,' उनी भन्छिन्।



२७ वर्षदेखिको बढुवा प्रक्रिया रोकिँदा राखेप कर्मचारीले सम्बन्धित पक्षमाथि दबाब सिर्जना गर्न २६ साउनदेखि १ भदौसम्म विभिन्न चरणका आन्दोलन घोषणा गरेका छन्

यसैगरी, कर्मचारी संघका महासचिव कुमार बस्नेतले मन्त्रालयका सहसचिवद्वय कुमार दाहाल र इमनारायण श्रेष्ठले विशेषगरी बढुवामा अवरोध गरिरहेको जनाएका छन्। 'उहाँहरूले किन यसो गर्नुभएको हो, हामीले कानुनबमोजिम बढुवा खोजेको हो,' बस्नेतले भने, 'नियमअनुसार चार सयजना बढुवा पर्खिरहेका छौं।'

### १६ साउनमा सहसचिव घेराउ

राखेपका कर्मचारीले बढुवाको विषयलाई लिएर १६ साउनमा खेलकुद मन्त्रालयका सहसचिव कुमार दाहाललाई घेराउ गरेका थिए। उनीहरूले बढुवा प्रक्रियामा असहयोग गरेको जनाउँदै मन्त्रालयमै सहसचिव दाहाललाई घेराउ गरेका थिए। यसैगरी, कर्मचारी संघले खेलकुद मन्त्रालय र राखेपमा ज्ञापनपत्र बुझाएको थियो। संघले खेलकुदमन्त्री डिगबहादुर लिम्बू, मन्त्रालयका सचिव रविलाल पन्थ र राखेपका सदस्यसचिव टंकलाल घिसिङलाई ज्ञापनपत्र बुझाएको थियो। २७ वर्षदेखि रोकिएको कर्मचारीको बढुवा प्रक्रिया यथाशीघ्र हुनुपर्ने माग राखी ज्ञापनपत्र दिएको हो। मन्त्री लिम्बू, सचिव पन्थ र सदस्यसचिव घिसिङले बढुवा प्रक्रियामा रहेका बाधा अड्चन फुकाउ गरी प्रक्रिया अगाडि बढाउने बताइसकेका छन्।

## खेल संक्षेप

### कृपा र स्वाती फाइनलमा

**विराटनगर**/ विराटनगरमा सञ्चालन भइरहेको देवीबहादुर कटवाल र कपिलबहादुर पाण्डे स्मृति टेबलटेनिस प्रतियोगिताको फाइनलमा एभरेस्ट, रविशंकर, लिलिपुट र सेन्ट मेरिज स्कुल पुगेका छन्। प्रतियोगितामा महिला एकलको सेमिफाइनलमा एभरेस्ट स्कुलकी कृपा पोखरेलले रविशंकर स्कुलकी सिम्रन सुवेदीलाई ३-० को सहज सेटमा हराइन्। रविशंकर स्कुलकी स्वाती साहले सेन्ट मेरिजकी स्वर्णिमा बुढाथोकीलाई ३-० ले निराश पार्दै अन्तिम दुई स्थान पक्का गरिन्। पुरुषतर्फको एकलमा बुढानीलकण्ठ स्कुलका रिजन पाण्डेले सेमिफाइनलमा रविशंकरका सक्षम बस्नेतलाई सहज सेटमा हराए। लिलिपुट स्कुलका श्रीजल प्याकुरेलले सगरमाथाका अभिषेक मुखियामाथि ३-० को सेटमा निराश पारे। विराटनगरका १६ निजी विद्यालयका एक सय ८० खेलाडीले प्रतियोगितामा भाग लिइरहेको क्लबका अध्यक्ष विकेन थापाले जानकारी दिए।

### अन्तर्राष्ट्रिय मार्सल आर्टस् खेल्दै नेपाली खेलाडी

**काठमाडौं**/ नेपालका दुई खेलाडी इंग्ल्यान्डमा आयोजना हुने अन्तर्राष्ट्रिय मार्सल आर्टस् च्याम्पियनसिपमा सहभागी हुँदै छन्। १३ अगस्टमा हुने प्रतियोगितामा समीप श्रेष्ठले एकल काता तथा गुना गुरुङले चाइनिज फर्म्समा प्रतिस्पर्धा गर्नेछन्। तीन सदस्यीय नेपाली टोली शुक्रबार इंग्ल्यान्डको नर्थ योर्कसायर प्रस्थान गर्दै छ। टोलीको व्यवस्थापकमा तेजबहादुर बरुवाल रहेका छन्। नेपाल उमा कुङ्फु संघका महासचिव भूपेन्द्र गुरुङलगायतले नेपाली टोलीलाई बिदाई गरेका छन्। इंग्ल्यान्डमा नेपाली खेलाडीले पदक जित्ने संघले जनाएको छ। प्रतियोगितामा नेपालबाट उद्धव थापामगरले पनि चाइनिज फर्म्समा प्रतिस्पर्धा गर्नेछन्। उद्धव केही महिनादेखि इंग्ल्यान्डमै छन्।

### जोसेफ र माउन्ट ग्लोरी अन्तिम आठमा

**काठमाडौं**/ एनएमबी-कपअन अन्तरस्कुल यू-१४ फुटबल प्रतियोगिताको क्वार्टरफाइनल समीकरण बिहीबार पूरा भएको छ।

प्रतियोगिताको बिहीबार लिग चरण खेलमा जित निकाली जोसेफ हाइस्कुल, लिभिङ वर्ड, माउन्ट ग्लोरी, मनकामना, ब्रह्मकुञ्ज र वेदव्यास स्कुलले अन्तिम आठको स्थान पक्का पारे। जोसेफले बालविकासलाई ४-३, जुगललाई ३-० र काष्ठमण्डपलाई २-० ले पराजित गर्दै समूह 'ए'मा शीर्ष स्थानमा रहँदै नकआउट चरण स्थान सुरक्षित गरेका हुन्। समूह 'बी'को शीर्ष स्थानमा रहेको लिभिङ वर्डले लिम्पियालाई २-० र इम्पेरियललाई ३-० ले पराजित गऱ्यो। माउन्ट ग्लोरीले एकलव्यलाई ५-०, हाइली क्रिएटिभलाई २-० ले हरायो। माउन्टले लर्डस् लाइटबाट बाई पायो। ब्रह्मकुञ्जले बृहस्पति विद्यासदनलाई २-१, बालबाटिकालाई ३-० र नेपालयलाई ३-० ले पन्छाउँदै समूह 'जी'मा पहिलो स्थान हात पारेको हो।

### पदकविजेता पुरस्कृत

**दार्चुला**/ एसियाली जुनियर भारोत्तोलन च्याम्पियनसिपमा तीन कांस्य पदक विजेता हेमन्त पाल बिहीबार दार्चुलामा सम्मानित भएका छन्। मालिकार्जुन गाउँपालिका-५ डाँडाकोट स्थायी घर भएका पाल एक लाख नगदसहित पुरस्कृत भएका हुन्। उनलाई गृह वडाले पुरस्कृत गरेको हो। डेब्यु अन्तर्राष्ट्रिय प्रतियोगितामै १७ वर्षीय हेमन्तले पुरुष ७३ केजी तौलसमूहमा तीन कांस्य जितेका थिए। मालिकार्जुन गाउँपालिका वडा ५ का वडाध्यक्ष मदनबहादुर चन्दले खेल क्षेत्रबाट नेपाल र आफ्नो गृहजिल्लाको नाम उच्च बनाएको जनाउँदै पाललाई सम्मान गरेको बताए। भारतमा भएको प्रतियोगितामा हेमन्तले स्न्याच, क्लिन एन्ड जर्क र कुलमा पदक जितेका थिए। उनले स्न्याचमा ९७ केजी, क्लिन एन्ड जर्कमा ११० केजी गरी जम्मा २०७ केजी भार वहन गरेका थिए।

# एसियाडमा छनोट भएका अमिर बाहिरिए



**काठमाडौं**/ १९औं एसियाली खेलकुद प्रतियोगितामा छनोट भएका अमिर ब्लोन पाँचौं धनलक्ष्मी स्मृति राष्ट्रिय स्क्वास प्रतियोगिताको पुरुष एकलको सेमिफाइनलबाट बाहिरिएका छन्। चीनको होङ्फाउमा हुने एसियाडमा स्थान पक्का पारेका अमिरमाथि दीपक थापाले ३-२ को कठिन सेटमा निराश पारेका हुन्। दीपकले फाइनलमा उपाधि रक्षा गर्न अरहन्तकेशर सिंहाविरुद्ध खेल्नेछन्। अरहन्तले दोस्रो सेमिफाइनलमा उमित शाक्यलाई ३-० ले हराए। प्लेट च्याम्पियनसिपमा पासाङ लामा र विनायक श्रेष्ठबीच उपाधि भिडन्त हुने भएको छ। पासाङले सेमिफाइनलमा अनिल बज्राचार्यलाई ३-० ले हराए। विनायकले रिद्धि शाक्यमाथि ३-० को जित निकाले।

महिला एकलमा कृष्णा थापा तीनै खेल जितेर फाइनलनजिक पुगेकी छिन्। कृष्णाले पहिलो चरणमा भावना सुनुवारलाई ३-०, दोस्रो चरणमा स्वस्थानी श्रेष्ठलाई ३-१ र तेस्रो चरणमा अस्मिता नगरकोटीलाई ३-० ले हराइन्। राष्ट्रिय च्याम्पियन बिपना ब्लोनले पनि दुईवटै खेलमा जित निकालिन्। उनले पहिलो चरणमा भावना सुनुवार र दोस्रो चरणमा अस्मिता नगरकोटीलाई समान ३-० ले सोझो सेट हराइन्।

## फिफा महिला विश्वकप

# कस्ता छन् क्वार्टरफाइनलका टोली ?

**सिड्नी**/ नवौं संस्करणको फिफा महिला विश्वकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनल खेल शुक्रबारदेखि सुरु हुँदै छ। अस्ट्रेलिया र न्युजिल्यान्डले संयुक्त रूपमा आयोजना गरेको विश्वकपमा समूह चरणमै अप्रत्याशित नतिजाहरू निस्किए। पूर्वविजेता जर्मनी समूह चरण र सर्वाधिक विजेता अमेरिका प्रिक्वार्टरफाइनलभन्दा अगाडि बढ्न सकेनन्। त्यहीँ नै मोरोक्को र जमैकाजस्ता कमजोर मानिएको राष्ट्रले इतिहास रचे। यी दुवै राष्ट्र नकआउट चरणमै सीमित भए। सन् १९९५ को विजेता नर्वे प्रिक्वार्टरफाइनलबाटै बाहिरियो।

पुरुष फुटबलमा शक्तिशाली मानिने ब्राजिल, अर्जेन्टिना, इटाली र पोर्चुगलजस्ता राष्ट्रका महिला टोलीले विश्वकपमा गतिलो प्रदर्शन गर्न सकेनन्। यी चारै राष्ट्रका महिला टोली यसपटक समूह चरणबाटै घर फर्किए। कोलम्बिया र स्पेनले पहिलोपटक क्वार्टरफाइनल स्थान बनाए। अमेरिकाले पछिल्ला दुई संस्करण सन् २०१५ र २०१९ मा उपाधि जितेको थियो। चारपटक विश्वकप विजेता अमेरिकाले चालू संस्करणबाहेक अन्यमा सेमिफाइनल स्थान बनाएको थियो।

उपाधि दाबेदार राष्ट्रहरू अगाडि नै घर फर्कंदा क्वार्टरफाइनलमा पुगेका राष्ट्रहरूलाई सहज देखिएको छ। आठ वर्षपछि विश्वकपले नयाँ विजेता पाउने पक्का छ। नवौं संस्करणमा स्पेन, जापान, इंग्ल्यान्ड, अस्ट्रेलिया, नेदरल्यान्ड्स, स्विडेन, कोलम्बिया र फ्रान्सले स्थान बनाएका छन्।



साबिक दुईपटकको विजेता अमेरिका प्रिक्वार्टरफाइनलमै घर फर्किंदा फिफा महिला विश्वकपले आठ वर्षपछि नयाँ विजेता पाउने

### जापान

फिफा महिला विश्वकपमा निरन्तर रूपमा स्थान बनाउने एसियाली राष्ट्र जापान मात्र हो। जापान पूर्वविजेता पनि हो। सन् २०११ मा सनसनी मच्चाउँदै जापान महिला विश्वकप च्याम्पियन बनेको थियो। विश्वकपमा जापानले सन् २०१५ को फाइनल खेलेको थियो। त्यसवेलाको फाइनलमा जापान अमेरिकासँग स्तब्ध भयो। जापान सन् १९९९, २००३ र २००७ मा समूह चरणबाटै बाहिरियो। यसपटक उत्कृष्ट तयारीका साथ अस्ट्रेलिया पुगेको जापान समूह 'सी'को विजेता हुँदै प्रिक्वार्टरफाइनलमा पुग्यो। अन्तिम आठको यात्रा गर्नेक्रममा जापानले एक गोल मात्र बेहोरेको छ। जापानले पूर्वविजेता नर्वेलाई प्रिक्वार्टरफाइनलमा ३-१ ले हराउँदै अन्तिम आठको स्थान पक्का गरेको हो। खेलमा एकपटकको च्याम्पियन नर्वेको चुनौती ३-१ ले पन्छाएको थियो। जापानले विपक्षी पोस्टमा १४ गोल गरेको छ।

### नेदरल्यान्ड्स

नेदरल्यान्ड्स प्रतियोगिताको साबिक उपविजेता हो। सन् २०१९ को संस्करणको फाइनलमा नेदरल्यान्ड्स अमेरिकासँग २-० ले पराजित भएको थियो। यो नेदरल्यान्ड्सको तेस्रो विश्वकप यात्रा हो। यसअघि नेदरल्यान्ड्सले २०१५ र २०१९ को विश्वकप खेलेको थियो। संयोग कस्तो रहयो भने यसपटकको विश्वकपमा साबिक विजेता र उपविजेता एकै समूह 'ई'मा परेका थिए। यस समूहमा नेदरल्यान्ड्सले अमेरिकालाई स्तब्ध पार्दै विजेता बन्यो। नेदरल्यान्ड्सले दक्षिण अफ्रिकालाई २-० ले हराउँदै अन्तिम आठको स्थान पक्का गरेको हो।

### इंग्ल्यान्ड

इंग्ल्यान्ड फुटबलमा राम्रो लगानी गर्ने युरोपियन राष्ट्र हो। यसअनुरूप इंग्ल्यान्डले विश्व फुटबलमा अपेक्षित रूपमा नतिजा निकाल्न सकेको छैन। इंग्ल्यान्डले महिला विश्वकपमा सन् १९९५ मा डेब्यु गरेको थियो। अहिलेसम्म इंग्लिस टोलीले पाँचपटक विश्वकप खेलेको इतिहास छ। इंग्ल्यान्ड सन् २००७, २०११, २०१५, २०१९ र २०२३ गरी लगातार पाँच विश्वकपमा छनोट भयो। अघिल्ला दुई संस्करणको सेमिफाइनल खेलेको इंग्ल्यान्डले यसपटक उपाधि जित्ने लक्ष्य राखेको छ। महिला विश्वकपमा इंग्ल्यान्डको उत्कृष्ट प्रदर्शन नै सन् २०१५ मा तेस्रो स्थान प्राप्त गर्नु हो। इंग्ल्यान्ड समूह 'डी'को विजेताका रूपमा प्रि-क्वार्टरफाइनलमा प्रवेश गरेको थियो। दक्षिण अफ्रिकी राष्ट्र नाइजेरियालाई टाइब्रेकरमा ४-२ ले हराउँदै इंग्ल्यान्डले प्रिक्वार्टरफाइनल पार गरेको थियो।

### फ्रान्स

पुरुष फुटबलमा दुईपटक विश्वकप उपाधि उचालेको फ्रान्सले महिलातर्फ यो सफलता चुम्न सकेको छैन। महिला विश्वकपमा फ्रान्सले पाँचपटक मात्र स्थान बनाएको छ। सन् २००३ को संस्करणमा फ्रान्सले डेब्यु गरेको थियो। त्यसपछि फ्रान्सले २०११, २०१५, २०१९ र २०२३ मा स्थान पक्का गरेको हो। महिला विश्वकपमा फ्रान्सको उत्कृष्ट प्रदर्शन नै सन् २०११ मा सेमिफाइनल खेल्नु नै थियो। फ्रान्स समूह 'एफ'को विजेताका रूपमा अन्तिम १६ मा प्रवेश गरेको थियो। फ्रान्सले क्वार्टरफाइनलमा मोरक्कोलाई एकपक्षीय खेलमा ४-० ले पराजित गरेको थियो। यसपटक पूर्वविजेताहरू बाहिरिँदा फ्रान्ससमक्ष उपाधि जित्ने अवसर छ।

### स्पेन

महिलाको तुलनामा पुरुषतर्फ स्पेनको फुटबल शक्तिशाली छ। स्पेनिस पुरुष टोलीले दुईपटक युरोकप तथा एकपटक फिफा विश्वकप उपाधि जितेको छ। तर, महिलातर्फ स्पेन कमजोर नै छ। पहिलोपटक क्वार्टरफाइनल खेलिरहेको स्पेनले सन् २०१५ मा महिला फिफामा डेब्यु गरेको थियो। स्पेनको यो तेस्रो सहभागिता हो। पछिल्लो संस्करणमा स्पेन प्रिक्वार्टरफाइनलमा सीमित भएको थियो। स्पेन समूह 'सी'को उपविजेताका रूपमा अन्तिम-१६ मा प्रवेश गरेको थियो। स्पेनले अर्का युरोपियन राष्ट्र स्विट्जरल्यान्डलाई ५-१ को फराकिलो अन्तरले हराएको थियो।

### कोलम्बिया

दक्षिण अमेरिकी राष्ट्र कोलम्बियाले सन् २०११ देखि विश्वकप खेलेको हो। कोलम्बियाले पहिलोपटक प्रिक्वार्टरफाइनल पार गरेको हो। कोलम्बियाले अन्तिमपटक सन् २०१५ को अन्तिम आठको स्पर्धा गरेको थियो। समूह 'एच'को विजेताका रूपमा कोलम्बियाले नकआउट चरण स्थान बनायो। कोलम्बियाले क्वार्टरफाइनल स्थान पक्का गर्न जमैकालाई १-० ले निराश पाऱ्यो। समूह चरणमा कोलम्बियाले अप्रत्याशित रूपमा दुईपटकको पूर्वविजेता जर्मनीलाई सनसनीपूर्ण तरिकाले हराएको थियो।

### अस्ट्रेलिया

आयोजकमध्ये एक अस्ट्रेलियाले चौथोपटक क्वार्टरफाइनल खेल्दै छ। अस्ट्रेलियाले सन् २००७, २०११ र २०१५ को संस्करणको अन्तिम आठको खेल खेलेको थियो। सन् १९९५ मा अस्ट्रेलियाले विश्वकपमा डेब्यु गरेको थियो। घरेलु मैदान र समर्थकबीच अस्ट्रेलियाले समूह चरणदेखि उत्कृष्ट प्रदर्शन गरिरहेको छ। अहिलेसम्म सेमिफाइनल पुग्न नसकेको अस्ट्रेलिया समूह 'बी'को विजेताका रूपमा अन्तिम १६ मा पुगेको हो। उपाधि दाबेदार डेनमार्कलाई २-० ले हराउँदै अस्ट्रेलिया अन्तिम आठमा पुगेको हो।

### स्विडेन

सन् १९९१ देखि विश्वकप खेल्दै आइरहेको स्विडेनले एकपटक पनि उपाधि उचालेको छैन। यसक्रममा स्पेन एकपटक उपविजेता र तीनपटक तेस्रो भएको छ। स्विडेन समूह 'जी'को विजेताका रूपमा प्रिक्वार्टरफाइनलमा पुग्यो। स्विडेनले प्रिक्वार्टरफाइनलमा सनसनी रूपमा साबिक विजेता अमेरिकालाई सडनडेथमा ५-४ ले स्तब्ध पाऱ्यो। स्विडेनले १९९१, २०११ र २०१९ मा तेस्रो स्थान प्राप्त गरेको थियो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com